# छैटौं अध्याय

# किरात साम्पाङ राई जातिका संस्कारहरु

यस अध्यायमा संस्कार किरात साम्पाङ राई समुदायमा रहेको परम्परागत मान्यतामा आधारित जन्मदेखि मृत्युसम्मका संस्कारहरुलाई जन्मदेखि छेवर, विवाह र मृत्यु संस्कार गरी जममा तीन भागमा विभाजन गरी चर्चा गरिँदै छ ।

## ६.१ जन्मदेखि छेवरसम्मको संस्कार

किरात राई समुदायअन्तरगतको साम्पाङ राईजातिमा जन्मनुपूर्वदेखि मृत्युपर्यन्त गरिने विभिन्न प्रकारका संस्कारहरुबारे यहाँ क्रमशः चर्चा गरिँदै छ ।

### ६.१.१ जन्मनुपूर्वको संस्कार

साम्पाङ राई समाजमा परिवारमा कुनै महिला गर्भवती भएको थाहा भएपछि घरपरिवारका सबै सदस्यहरुले कुनै पनि देवीदेवताको पूजापाठ र मठमन्दिरको दर्शन गर्न जान हुँदैन भन्ने मान्यता रहेको पाइन्छ । यस मान्यताका स्थापित हुनुको कारण जन्मने शिशु र आमाको स्वास्थ्य रक्षा गर्नु रहेको देखिन्छ । सुत्केरी बेथा लागेपछि आफन्तहरु विशेषगरी गाउँघरका बुढी आमाहरुलाई बोलाएर सुत्केरी गराउन सहयोग लिइने गर्दछ । त्यस्तै गाउँघरका अनुभवी महिलाहरुको सहयोग लिने गरिन्छ । सहरबजार तथा सुविधा भएको ठाउँहरुमा स्वास्थ्यकर्मीको सहयोग लिने गर्दछन् ।

भूतप्रेत तथा पिसाचहरुले शिशुहरुको जन्मको समयमा दुःख दिन्छ र सजिलै सुत्केरी हुन सक्दैन भन्ने विश्वासमा सुत्केरी हुने समयदेखि शिशुको जन्म नभएसम्म आफ्नै जातिको कुवी बोलाएर मुन्धुम विधिअनुसार भूतप्रेतहरु पन्साउन लगाइन्छ । सुत्केरी भैसकेपछि शिशुको नाभी काट्ने कार्य हुन्छ र यो काम नवजात शिशुको बाबुले गर्दछ । कारणवश बाबु नभए आफ्ना नजिकको नाता पर्ने बृद्धले नाभी काटिदिने गर्दछ । नाभी काटिसकेपछि शिशुलाई कुनै बृद्धाले नुहाइदिएर न्यानो कपडाले बेरेर आमालाई जिम्मा दिइन्छ । सुतक नचोखिएसम्म शिशु र आमालाई विशेष हेरचाहका निम्ति घरको भित्री कुनामा न्यानो ठाउँमा राख्ने चलन छ । न्वारन नगरेसम्म शिशुलाई विशेषगरी लैतहुँ (बाँस

वा मालिङ्गोको चोयाबाट बुनिएको एक प्रकारको थुम्से)मा सुताउने गर्दछन् । अर्थात् न्वारन नगरेसम्म कोक्रोमा सुताउनु हुन्न भन्ने उनीहरुको मान्यता देखिन्छ । यसरी शिशु र आमालाई चिसोबाट बचाउनकै लागि न्वारन नगरेसम्म घरको भित्री कुनामा राख्नुपरेको हो । यस्तो परम्परागत विधि शिशुहरुको स्वास्थ्यका लागि उपयोगी देखिन्छ ।

यस्तै यो समाजमा शिशु जन्मेको दिनलाई सुतक परेको मानेर बारीमा खेतीपातीको काम नगर्ने चलन छ । सुतक नछोख्याएसम्म अर्थात् न्वारान गरेर नचोखिएसम्म सुत्केरी र शिशुको बाबुले कुनै प्रकारको फलफूल तथा अन्य बोटबिरुवाहरु छुन हुन्न । छोएमा ती बोटविरुवाहरुमा रोग लाग्छ भन्ने पनि भनाइ रहेको छ । न्वारान गर्दा छोरा र छोरीमा भिन्नता नदेखिए पनि अन्य संस्कारहरु फरक देखिन्छन् ।

**६.१.२ नामकरण (न्वारान)**

साम्पाङ राईजातिमा नामाकरणलाई आफ्नो भाषामा नुङ्युङ्मा भन्ने गर्दछन् । पहिलेपहिले छोराछोरी दुवैको न्वारन जन्मेको ९ दिनमा हुने गर्दथ्यो । यो कार्य ९औं दिनमा गरिने भएकाले यसलाई नौरान भन्ने गरिन्थ्यो । यही नौरानलाई पछिबाट न्वारान भन्न थालिएको हो भन्ने भनाइ रहेको पाइन्छ ।[1] तर आजभोलि विभिन्न कारणले नामकरण छोरा भए ६ दिनमा र छोरी भए ५ दिनमा न्वारान गर्न थालिएको पाइन्छ । नुङ्युङ्मा शिशु जन्मेको पाँचौं र छैटौं दिनमा गरिने भए तापनि अर्को महिना वा वर्ष सुरु हुने भएमा यो समयभन्दा अगाडि नै नामकरणको कार्य गर्दछन् । यो घरको अगुवा र त्यस्ता व्यक्ति नभए कुबी तथा गाउँका आफन्त वृद्ध व्यक्तिबाट गर्ने गरेको पाइन्छ ।

शिशुहरुको नामकरणका लागि मंगलबार र शनिबारबाहेकका दिनहरु उपयुक्त मानिन्छ । न्वारान गर्नका लागि निम्न सामग्रीहरु आवश्यक मानिन्छ :

१. चिण्डोमा राखिएको कोदो, मर्चा र पानी

२. दुईवटा कलशमा तितेपाती, दूबो र फूलहरु

३. काँसेथालीमा एक माना चामल, त्यसमाथि जोडी दियो र मोहर पैसा

४. कठुवामा रक्सी

[1]. वासपानी-५ का **पहलमान साम्पाङ राई** (वर्ष ८६)सँगको अन्तर्वार्तामा आधारित ।

५. नयाँ कोक्रो

६. अदुवाका केही टुक्रा

७. शिशु छोरा भए एउटा भाले र छोरी भए पोथी कुखुरा

८. शिशुलाई हात, खुट्टा र कम्मरमा बाँधिने धागोको डोरी र

९. गहुँतपानी र सुनपानी ।

आमन्त्रित आफन्तहरु आइसकेपछि न्वारानको कार्य सुरु हुन्छ । यो कार्य गर्दा आफ्नै भाषाबाट विभिन्न आशिर्वाद दिँदै कलशको पानी, चिण्डोको पानी र सुनपानीले छर्कंदै शिशुको नाम राखिन्छ ।[२] हिन्दूहरुमा जस्तो पण्डितद्वारा नामाकरण गर्ने चलन यो जातिमा छैन ।

साम्पाङ राईहरुले शिशुहरुको नामकरणमा विशेषतः जन्म वार, महिना गतेको आधारमा लँम्लबु, दँसबुहरु (अगुवा, मान्यजन) वा मुमा, फुपा (बाजेबजु)बाटै नाम राख्ने गर्दछन् । जस्तै- आइतबार जन्मेको शिशु छोरा भए आइतराज वा आइतबहादुर, छोरी भए आइतारानी, आइतमायाँ; महिनाको आधारमा वैशाखमा जन्मेको भए वैसराज, वैसमायाँ आदि नाम राख्ने गर्दछन् । यसरी कलशको गहुँत, सुनपानी, तितेपाती र दुबोले घर, सुत्केरी आमा, शिशुलगायतका घरपरिवारका सबै सदस्यहरुलाई छर्केर शुद्ध गरिन्छ । यसपछि शिशुको हातखुट्टामा धागोको चुरा, कल्ली बाँधिदिने चलन छ । शिशुहरुको सुस्वास्थ्य र दीर्घायुको

---

[२]. वासपानी-४ का कुवी **राजकुमार राई** (हाल स्वर्गीय)सँगको अन्तर्वार्तामा आधारित- न्वारानमा वाचन गरिने मुन्धुमको विवरण, **"अथेपा मा:मा चुनुबुङ्मी सागुवापी मरीमुन्मा य मुन्नाचीनालो, अवा तुवाना, छाब्कबी छाब्कुरीवा छाबानालो इसेखा विरेखापी हँछाछापी, हँछा बुङ्पी लँः लीसानाहँः सप्तेमुलुङ्पी छाधानाक । ईसेखा बीरेखापीका हँःछा लँः लीसावो । आन्नूङ्** (नाम बताउने) **युसानाकके । नक साप्तेमुङ्क भारा साखेवा सूवीवा या तम्मा तमानाने, सूम्नीमालो पारुहँःवा रुँःरी साखा प्यानाने । आनालाई पापा मामा मुमा फुपा भारावा साखा प्यानक तुइके तँःरेमाछा बुङ्खामा** (छोरीको नाम भन्दै) **डो तँरेपाछा बुक्छापा** (छोराको नाम भन्दै) **डो ।"** खस भाषामा हिजो आमाको गर्भमा तिमीले फूलको रुपमा बास लिएका थियौ । आमाको गर्भमा रहँदा भावीले तिमीलाई मानव भएर बाँच्नू भनि लेखिदिएको हुँदा यस मानव संसारमा तिम्रो जन्म भएको छ । आजदेखि तिमीले मानव भएर यस धर्तीमा बास गरि गरिखानु पर्दछ । हामीले तिमीलाई नाम (शिशुको नाम) राखिदिएका छौं । यस ठाउँको नागनगेनी, सिमेभूमेले तिमीलाई सधैं साथ दिइरहुन्, र सुम्निमा र पारुहाङले लामो आयु दिऊन् । तिमीलाई बाबा, आमा, बाजेबजू सबैको आशीर्वाद छ ।

लागि यसो गर्ने गरिन्छ । यसबेला आउने आफन्तहरु सुत्केरी आमाको निम्ति जाँड, रक्सी तथा कुखुरा आदि उपहारहरु लिएर आउने चलन पनि छ ।

न्वारानको दिनदेखि शिशुहरुलाई लैतहुँ (थुन्से)बाट नयाँ कोक्रोमा सुताउन थालिन्छ । कोक्रोमा छोरा भए कर्द र छोरी भए खुरुम्बी (सानो हँसिया) सिउरी दिने गर्दछन् । यसो गर्नाले शिशुलाई कुनै भूतप्रेतले दुःख दिँदैन भन्ने उनीहरुको विश्वास छ । साथै कोक्रो एकैदिनमा तयार गर्नुपर्दछ ।

नामकरण गर्दा राखिएको एक माना चामलको भात, कुखुराको घाँटीदेखि टाउकोसम्मको भाग र अन्य मासु पकाएर खान दिने चलन छ । यसो गर्नाले शिशुको शरीर सुगठित हुन्छ र आमा पनि स्वस्थ हुन्छिन् भन्ने धारणा छ । साथै सुत्केरीलाई जाँड, रक्सी बढी मात्रामा खान दिने चलन छ । यसको लागि महिलाहरु गर्भवती भएको दुई-तीन महिना अगाडिदेखि जाँड पकाएर राखिएको हुन्छ । यसका साथै रक्सी, कुखुरालगायतका आवश्यक खाद्य पदार्थहरुको बन्दोवस्त गरेर राखिएको हुन्छ । सुत्केरीको नाममा जम्मा गरिएको खानेकुरा अन्य व्यक्तिले खानु हुँदैन भन्ने पनि मान्यता रहेको छ । यस्ता पदार्थले शरीर स्वस्थ हुने र शिशुहरुलाई पनि फाइदा पुग्ने विश्वास गरेको पाइन्छ । न्वारान गरेपछि आफन्तहरुलाई जाँड, रक्सी र मासुको व्यवस्था गरी सामान्य भोज खुवाइन्छ । यसरी आफ्नो परम्परामा आधारित रहेर विधिपूर्वक न्वारन गरी शिशुको नामाकरण गर्नुको अर्थ शिशुको परिचय स्थापित गर्नु हो । संसारमा मानव भैसकेपछि पहिले उसको नामाकरण हुन आवश्यक हुन्छ ।

साम्पाङ राईहरुले जस्तै चाम्लिङ र पुमा जातिका राईहरुले पनि शिशुको नामाकरण गर्दा छोराको ६ दिन र छोरीको ५ दिनमा गर्ने गरेको पाइन्छ । पछिल्लो समयमा आएर हिन्दू प्रभावित क्षेत्रहरुमा भने हिन्दू संस्कारअनुसार नामकरण गर्ने प्रचलनहरु पनि रहेको पाइन्छ । यस्तो स्थिति साम्पाङ राईहरुमा पनि देखिन्छ ।

### ६.१.३ अन्नप्राशन (पास्नी)

साम्पाङ राईजातिहरु शिशुलाई पहिलोपटक भात खुवाउने कार्यलाई चा यमा भन्दछन् । छोराको ६ र छोरीको ५ महिनामा अर्थात् छोराको जोडी महिनामा र छोरीको विजोडी महिनामा पास्नी गर्ने चलन छ । पास्नीको कार्य मंगलबार र शनिबार गर्नु हुन्न

भन्ने धारणा यो समाजमा रहेको पाइन्छ ।[३] यो समयमा आफन्त लम्लँवु, दँसबुहरुलाई निमन्त्रणा गरिन्छ । आमन्त्रित आफन्तहरुले पनि विशेषतः शिशुको आमाको लागि जाँड, रक्सी, कुखुराहरु उपहारको रुपमा ल्याइदिने चलन छ । यस दिन विहानै घरआँगन लिपपोत, शिशुलाई नुहाइधुवाइ गरेर विहानै आवश्यक खानाहरु तयारी गर्नुपर्दछ । पास्नीको लागि सकभर सुँगुरको मासु आवश्यक हुन्छ । नभएमा छोराकोमा कुखुराको भाले र छोरीको भए पोथी आवश्यक पर्दछ । यसअतिरिक्त निम्न सामग्रीहरु आवश्यक हुन्छ[४] :

१. काँसको थालीमा एक माना चामल, जोडी दियो र मोहर पैसा

२. दुवो, तितेपाती, फूलहरुको जोडी कलश

३. चाँदीको एउटा सिक्का

४. धागोको चुरा, कल्ली

५. शिशुका निम्ति नयाँ लुगा भोटो

६. कठुवामा रक्सी र

७. दही-अक्षता ।

आवश्यक सामानहरु तयार भएपछि शिशुका बाजे, बजु वा अन्य कोही अग्रजले दही-अक्षता छर्केर शिशुलाई भोटो लगाइदिनुपर्दछ । यसपछि न्वारानका बेला हातखुट्टामा बाँधिएको डोरी फुकाएर अर्को नयाँ डोरी बाँधिदिनुपर्दछ । तर, पहिलाको डोरी जसले बाँधिदिएको हो, उसैले खोलिदिनुपर्छ । त्यो व्यक्ति उपस्थित हुन नसकेमा उसैको प्रतिनिधि वा उसैको सन्तानले खोलिदिनुपर्दछ । यो धागो फुकाउने व्यक्तिलाई एकपाथी धान, एकपाथी चामल, एक माना रक्सी दिनुपर्दछ । यस्ता धागो न्वारानमा बाँधिएको पास्नीमा, पास्नीको छेवर तथा गुन्युचोलीमा फुकाली दिने चलन रहेको छ भने छेवर तथा गुन्युचोलीमा धागोको सट्टा चाँदीको चुरा, कल्ली लगाइदिने र यसलाई विवाहपूर्व मात्र खोलिदिने परम्परागत संस्कार रहेको देखिन्छ । यसरी भोटो लगाउने र धागोको चुरा कल्ली लगाइसकेपछि शिशुलाई पनि भात खुवाइन्छ । खाना खुवाउँदा सर्वप्रथम बालबच्चाको आमाबाबुले,

---

[३]. वासपानी-९ का कुवी **बखतबहादुर राई**सँगको अन्तर्वार्तामा आधारित ।

[४]. स्थलगत अध्ययनको आधारमा ।

त्यसपछि क्रमशः बाजेबजु, काकाकाकीलगायत सबै आफन्तहरुले चाँदीको सिक्काले खुवाउने गरिन्छ । यस्तो चलन अन्य समाजमा पनि कतैकतै पाइन्छ । तर, आजभोलि यो चलन हराउँदै गएको छ ।

बुढापाकाहरुको भनाइअनुसार पहिलापहिला पास्नी गर्दा भद्रायो (काँडेभ्याकुर) चराको चुच्चोले भात खुवाउने चलन थियो । यस्तो चराको चुच्चोले खाना खुवाउँदा शिशुहरुको बोलीको विकास राम्रो हुने धारणा थियो ।[५] तर, वर्तमानमा चाँदीको सिक्काले भात खुवाउने प्रचलन विकसित भएको देखिन्छ । यसरी खाना खुवाउँदा विभिन्न प्रकारका आशिष वचनसँगै मुन्धुम वाचन गरिन्छ । यस्ता आशिष वचनमा सुस्वास्थ्य, दीर्घायू, उत्तरोत्तर प्रगति र प्रसिद्धिहरु पर्दछन् ।[६]

शिशुलाई भात खुवाउने कार्य समाप्त भएपछि आगन्तुकहरुलाई सगुनको रुपमा जाँड-रक्सी खुवाइन्छ । सामान्य भोजसमेत गरेपछि पास्नीको कार्य सम्पन्न हुन्छ । र, पाहुनाहरुलाई रमाइलोका साथ विदा गर्ने चलन छ । अन्य जातिका राईहरुले गर्ने पास्नीको कार्य साम्पाङ राईले जस्तै प्रायः छोराको ६ महिना र छोरीको ५ महिनामा गर्छन् तर सबै प्रक्रियाहरु फरक छन् । यो समाजमा विधि पुर्‍याएर शिशुहरुलाई पहिलोपटक हर्षउल्लासका साथ अन्न खुवाउन सुरु गरिनुको पछाडि शिशुहरु हुर्कने, बढ्ने क्रममा उनीहरुलाई आवश्यक पर्ने पौष्टिक तत्वहरु पूरा गर्न सुरु गरिएको देखिन्छ । किनभने, शिशुहरु ५-६ महिनाको भएपछि आमाको दूधले मात्र पौष्टिक खाद्यपदार्थको आपूर्ति हुँदैन । तसर्थ यो

---

[५]. वास्पानी-९ का **दीर्घसिं राई** (वर्ष ८५)सँगको अन्तर्वार्तामा आधारित ।

[६]. कुवी **राजकुमार राई** (हाल स्वर्गीय)सँगको अन्तर्वार्तामा आधारित- पास्नीको समयमा वाचन गरिने मुन्धुमको विवरण, **"निनांबुङ् माखाबुङ् पारुहँः उदुहँःवा पाइमा पयानालो, इसेकपिका हँःछाराम्पी चासुम् बुलुम्वासँः या लिमा लिसानाक के बुक्छामीङो, बुङ्खामाङो । साखेवा सुबिवा माउचो, तायमी, चासुमी बुलुमी छाचा, नुवामी सानुमी छाचा, वालेमा वबुमासँः, चुमालुङ् धिरीतिचीसँः निनाम्बुङ् माखाबुङ्चिवासँः आम्तँःबुछु खिरिछुपी निनाम्लोने निनाम्लोनेवो । चारीतेफु थिङितिका सुबिआम्ला माखुआम्ला, थिङितीका थिङाचावो । आम्रीराम्दुङ्पिक झारा सामसरी, नचुरी नहुरी, दंखनी दलँःनी, यायुवा यल यातुने । कुहुमा सजुमालिमा लिब्मीउनेवो ।"** (खस भाषामा अनुवाद : ईश्वरले मानव रुप दिएर यो धर्तीमा तिम्रो सृष्टि भयो । आजदेखि यो पैसाले अन्न खुवाइ तिमीलाई पूर्ण मानिस बनाएका छौं । नागनगेनी सिमेभूमेले साथ दिइरहून्; वुद्धिमानी, अन्न, धनको मालिक बनाओस्; लेकबेँसी, डाँडापाखा सबैतिरको जमिन गरीखाने हुनू । दुवो र अदुवा फैलिए जस्तै उन्नति गर्दै जानू । तिम्रो शरीरमा लागेको रोगकष्टहरु, आँखीडाही सवै नदीले बगाई लैजाऊन्, वायुले उडाएर लैजाऊन् ।) यसो भन्दै चाँदीको सिक्काले भात खुवाउनुपर्दछ ।

साम्पाङ जातिमा मात्र नभएर प्रायः सवै जातिहरुमा आफ्ना शिशुहरुलाई आफ्नै प्रचलनअनुसार निश्चित उमेर पुगेपछि ठोस खाद्यपदार्थ खुवाउन सुरु गर्ने गरेको पाइन्छ ।

### ६.१.४ छेवर तथा गुन्यूचोली

साम्पाङ राईजातिमा छोराछोरीको निश्चित उमेर पुगेपछि छोराको छेवर र छोरीको गुन्यूचोली गरिदिने परम्परा रहेको छ । यो हिन्दूहरुको चूडाकर्म गरेजस्तै हो । हिन्दूहरुको चूडाकर्म संस्कारमा धेरै प्रकारका विधिहरु अपनाउनुपर्ने हुन्छ । तर, साम्पाङ राईजातिमा यस्ता धेरै प्रकारका विधिहरु भने पाइँदैन । बालबालिकाको छेवर तथा गुन्यूचोलीमा उनीहरुको मामाको उपस्थिति अनिवार्य हुन्छ । छेवर तथा गुन्युचोलीलाई साम्पाङ राई समाजमा महत्वपूर्ण संस्कार मानिन्छ । यो संस्कार गर्नुपर्ने कारण भनेको बालबालिकाहरुलाई उमेरले सक्षम भएको विधिवत् मान्यता दिनु हो । यो कार्य नगरेसम्म बालबालिकाहरुले कुनै पनि संस्कारगत कार्यको जिम्मेवारी लिन वा वैवाहिक सम्बन्धमा बाँधिन मिल्दैन । यसअनुसार परिवारका सदस्यहरुबीचमा परिपक्व र जिम्मेवार सदस्यको हैसियत प्रदान गर्ने काम छोराको पास्नी र छोरीको गुन्यूचोलीबाट हुन्छ ।

छोराको छेवर गर्न उसको उमेर ४ वा ६ वर्ष अर्थात् जोडी वर्ष, महिना र दिन पारेर गर्नुपर्ने मान्यता रहेको पाइन्छ ।[७] छेवरमा बालकको मामालगायत अन्य आफन्तहरुलाई पनि निम्त्याइएको हुन्छ । यो कार्यमा मामाको भूमिका महत्वपूर्ण हुन्छ । यो संस्कारमा आवश्यक पर्ने सामग्रीहरु निम्न प्रकारका हुन्छन् :[८]

१. काँसको थालीमा एक माना चामल, दुईवटा दियो र एक मोहरको सिक्का

२. दुवो, तितेपाती, फूलहरु भएको जोडी कलश, दही-अक्षता

३. चाँदीको चुरा र छोरीको लागी कल्ली

४. बालकका निम्ति नयाँ दौरासुरुवाल, टोपी, जुहारीकोट र बालिकाका निम्ति नयाँ गुन्युचोली र बर्की

५. सुँगुरको मासु भुटेको एक टपरा

---

[७]. वासपानी-५ का **देवानसिं राई** (वर्ष ७६, हाल स्वर्गीय)सँगको अन्तर्वार्तामा आधारित ।

[८]. स्थलगत अध्ययनमा आधारित ।

६. मावलीका निम्ति सुँगुरको फिला वा केही भाग अर्थात् मागअनुसार

७. कठुवामा रक्सी र घ्याम्पामा भाति जाँड ।

यी सामानहरु तयार भएपछि मामाले भान्जालाई छेवरका लागि गाईगोठमा लगेर गाईको दाम्लोले घाँटीमा बाँधेर कैँचीले गर्भे केश काटिदिनुपर्दछ । अन्य जातिहरुको जस्तो छुरा लगाएर केश खौरने चलन नभए पनि कैँचीले भेटेसम्म छोटै काटेर टुप्पी राखिदिने चलन रहेको देखिन्छ । टुप्पी तीनपटकमा तीन किसिमबाट राखिन्छ । छेवरको दिन टाउकाको दायाँतर्फ टुप्पी राख्ने र दोस्रोपटक केश काट्दा टाउकाको बाँयातर्फ टुप्पी राख्ने र तेस्रोपटक केश काट्दा मात्र सिधा टुप्पी राख्ने परम्परा छ । टाउकाको बीचमा टुप्पी राख्नुको अर्थ टाउको बीचमा तालु र त्यसभन्दा माथि कोमल भाग हुने हुनाले त्यसलाई शितलता दिएर सुरक्षित राख्नु भनिन्छ । यसलाई ब्रह्मारन्ध्र भनिन्छ । कतैकतै गाईको खुरबराबरको अर्थात् अलि बढी टुप्पी राखिन्छ । तर, हिजोआज सामान्य विधि मात्र पुऱ्याउने गरिन्छ ।[९] यस प्रकारले विभिन्न सामानहरु जुटाएर छेवर गर्नुको अर्थ आफ्ना पुर्खाहरुले चलाएको परम्परागत मान्यताहरुलाई कायम राख्दै आफ्नो पहिचानलाई बचाइराख्नु हो ।

आफ्नै भाषामा विभिन्न शुभ आशिर्वादकासाथ[१०] गरिने यस्ता छेवरका बेला काटिने केशलाई भुइँमा खस्न नदिई टपरामा थापेर अग्लो रुखमा राख्ने गर्दछन् । त्यसपछि मामाले नै बालकलाई नयाँ लुगा लगाइदिनुपर्दछ । यसैबखत पास्नीको समयमा लगाइएको धागोको

---

[९]. वाल्मीकि क्याम्पसका **तोयराज नेपाल**को भनाइमा आधारित ।

[१०]. बासपानी-९, निवासी हर्कराज साम्पाङ राईकी छोरी **अमिसा राई**की गुन्यूचोलीमा सहभागी **देवानसिं राई** (वर्ष ७६, हाल स्वर्गीय)सँगको अन्तर्वार्तामा आधारित छेवर तथा गुन्युचोलीमा बालबालिकालाई दिइने आशिर्वादका मुन्धुम- **“सुम्निमा नायुमा, तँमा खेमावा हँःछाराम्पी हुम्माक तेहाम्मी चलँःवा सिकीया मुतातुचिकसा ईसेकपीका बुक्छामीङो, नपिन हँःछाराम्पी मरीमुन्मा मुनाचीनालो आम्छाब्काबी छाब्कुरिवा तँःबुछु खिरीछु दिन्दीरीपी, रुँःरीसाखपिमा प्यानाकपी ईसेखा बिरेखापी झारा आम्फुपा मुमा, माःमा पापा, रुँःरीपामी, वत्वँःछारिवासँः तेहाम् पिहँःनाक तुई, साखा पिहँःनाक तुई । हँःसहँःलँः छाचा नुवामी सानुमी छाचा, चारीतेफु थिङितिका सुबिआम्ला माखुआम्ला, थिङितिका थिङिचाओ । आम्रीराम्दुङ्पीक झारा सामँःसरी, नचुरी नहुरी, दङ्खनी दलँःनी, थनवारुबुसुसँः यायुवा यल यातुने । कुहुमा सजुमावा चुमालुङ् लिमा लिब्मीउने आम्तँःबुछो खिरिछुपी निनाम् लोने नाम्छु लोनेओ ।”** (खस भाषामा अनुवाद : परापूर्वकालमा सुम्निमा, नायुम्मा, तँमाखेमाहरुले बुनेर मानिसको शरीर ढाक्नको लागि कपडा बुनेका थिए । सोही कपडा लगाएर हाम्रा पितापुर्खाहरु पनि मानव भनेर यो संसारमा चिनिएका थिए । आफ्नो भावी सन्तानलाई पनि यही काम सिकाएका थिए । तिमीलाई पनि मानिस भएर बाँच्नू भनेर भगवान्ले सृष्टि गरेकाले आज हामीले तिमीलाई यो कपडा लगाइदिँदै छौं । तिमी हाँसीखुसी बाँच्नू, सधैं बुद्धिमानी हुनु, दुवो तथा अदुवा फैलिएझैं उन्नति गर्दै जानू, तिमीलाई आइपर्ने रोगकष्ट आँखीडाही हुरीबतासले उँभो हिमालचुली कटाइदिऊन् र नदीनालाले उँधो बगाएर लैजाऊन् ।” यसो भन्दै दही-अक्षताको टीका लगाइदिनुपर्दछ ।)

चुरा, कल्ली निकालेर छोरालाई सुन वा चाँदीको चुरा र छोरीलाई चुरा, कल्ली लगाइदिने गर्दछन् । यस्ता गहनाहरु विवाहपूर्व मात्र खोल्ने परम्परा भए पनि यो चलन पनि क्रमशः हराउँदै गएको छ । मामाले बालकलाई घरभित्र ल्याएपछि पहिले बाबुआमाले दहीअक्षताको टीका लगाएर आशिर्वाद दिन्छन् । आशिर्वाद आफ्नै मातृभाषामा हुनुपर्दछ । र, क्रमशः अन्य नातेदारहरुबाट पनि यो कार्य सम्पन्न हुन्छ । टीका लगाइदिँदा सबैले बालबालिकाको सुस्वास्थ्य, दीर्घायू, उत्तरोत्तर प्रगतिको कामना गर्दछन् ।

छेवर नगरेसम्म यो समाजमा बालकले नयाँ दौरासुरुवाल लगाउन हुँदैन भन्ने मान्यता छ । यो संस्कारभन्दा अगाडि प्रायः कसैले पनि यस्ता नयाँ दौरासुरुवाल लगाउने गर्दैनन् । छेवर र गुन्यूचोली गरेपछि मात्र उनीहरु पूर्णतः वयस्क भएको मानिने भएकोले यो कर्म अनिवार्य र महत्वपूर्ण देखिन्छ ।

छोरीको गुन्युचोलीको ३, ५, ७ वर्ष अथवा विजोडी वर्षमा रजस्वला हुनुपूर्व गर्ने चलन छ । गुन्युचोली गर्दा पनि उही छोराको छेवार संस्कारजस्तै विधिविधान पूरा गर्नुपर्दछ । छेवर तथा गुन्युचोलीको कार्य गर्दा टीकाटालो र भोज गरिसकेपछि बालबालिकाको तर्फबाट आमाबाबुले मामालाई शिर उभ्याउनी केही रीतका सामानहरु राख्ने चलन रहेको पाइन्छ (चित्रफलक नं.३५) । यसमा सामान्य रुपमा एक कठुवा रक्सी, एक घ्याम्पा भाती जाँड, एक टपरा सुँगुरको भुटेको मासु र जाँडमाथि नाङ्लोमा सुँगुरको एउटा फिला राखिदिने गर्दछन् । तर, कसैले विशेष सम्मानका साथ मावली रीत राख्ने गर्दछन् । त्यो मावलीलाई सोधेर उनीहरुको इच्छाअनुसार हुने गर्दछ । यसमा जाँड, रक्सीलगायत ढाडे (सिंगै सुँगुर, राँगा डल्लै) पनि हुन सक्दछ[११] (चित्रफलक नं. ३६) ।

मावलीहरुले पनि सोहीअनुसार भान्जा/भान्जीको भविष्य उज्ज्वल होस्; हिमालजस्तै, नदीनालाजस्तै, चन्द्र-सूर्यजस्तै अटल होस्, रोगव्यधि नलागोस्[१२] जस्ता आशिर्वाद दिने गर्दछन् । त्यहाँ राखिएको सामानको मूल्याङ्कन गरी नगद पैसा मावलीहरुको तर्फबाट बालबालिकाको आमाबाबुलाई दिनुपर्दछ[१३] (चित्रफलक नं. ३७) । त्यसपछि जाँड, रक्सी, भुटुवा मासु सवैले खाने काम हुन्छ र फिला वा ढाडेका रुपमा राखिएको रीतका

---

[११]. गुन्युचोलीको कार्यमा मामालाई राखिएको रीत अन्य जातिका राईहरुसँग भिन्न प्रकारको पाइन्छ ।

[१२]. स्थलगत अध्ययनमा आधारित ।

[१३]. मामालाई राखिएको रीतवापत मामाले भान्जीको आमालाई केही दक्षिणा स्वरुप पैसा दिनु पर्दछ ।

सामान मावलीले लिएरै जान्छ । यसरी छेवर वा गुन्युचोलीको कार्य करिबकरिब सम्पन्न हुन्छ तापनि कतिपयहरु नाचगान, रमाइलो गर्दै बस्छन्; कतिपय भने विदा भएर आ-आफ्नो घर जान्छन् । यस अवसरमा बाजागाजा बजाएर रमाइलो गर्नका निम्ति दमाई पनि निम्त्याइएको भए अन्त्यमा उनलाई एक माना चामल, एक कठुवा रक्सी, केही पैसा र सुँगुरको पुच्छर टपरामा राखेर एउटा दियोसमेत बालेर दिई विदा गर्ने चलन रहेको छ । दमाईले पनि बालबालिकालाई आशिर्वाद दिएर ती सामान लिएर घर फर्कन्छन्[१४] (चित्रफलक नं. ३८) । यसरी छेवर तथा गुन्युचोलीको संस्कार विधिवत् रुपमा सम्पन्न हुन्छ । छोराको छेवर र छोरीको गुन्यूचोलीमा मावलीलाई मुख्य भूमिकामा राख्नु भनेको मावलीलाई सम्मान हो । यस मान्यताबाट नाताकुटुम्बको नाता पनि गाढा हुन्छ ।

छेवर तथा गुन्युचोलीको कार्य नगरेसम्म बालबालिकालाई परिवारको पूर्ण जिम्मेवार सदस्य मानिँदैन । यो संस्कारपछि मात्रै सामाजिक र सांस्कृतिक जिम्मेवारीमा प्रवेश गरेको मानिन्छ । सानै भए पनि उनीहरुले अन्य पारिवारिक सदस्यसरह सबैखाले संस्कारलगायत कार्यमा जिम्मेवारी ग्रहण गर्नुपर्दछ । साम्पाङ राईहरुको यो संस्कार हिन्दूपद्धतिसँग पनि केही मिल्दोजुल्दो देखिन्छ ।

यस्ता परम्परागत संस्कारहरु आजभोलि भने विभिन्न कारणबाट लोप हुने अवस्थामा देखिन्छन् । यसमा विदेशीहरुको नक्कल, अन्य धर्मको प्रभाव तथा आकर्षण, आफ्ना परम्परागत मान्यतालाई रुढीवादी ठान्ने नकारात्मक सोच मुख्य कारणका रुपमा रहेको देखिन्छ ।

## ६.२ विवाह संस्कार

जन्म संस्कारपछिको अर्को महत्वपूर्ण संस्कार विवाहसम्बन्धी हो । हिन्दू मान्यताअनुसार विवाहको अर्थ सृष्टिप्रवाहको संरक्षण गर्नु प्रकृतिको प्रधानत्तम नियम हो ।[१५] हिन्दू मान्यताअनुसार आठ प्रकारको विवाह १. पैशाच, २. राक्षस, ३. गान्धर्व, ४. आसुर, ५.

[१४]. छेवर तथा गुन्युचोलीमा दमाईलाई रीतपूर्वक विदा गर्ने परम्परा छ ।

[१५]. श्रीनगेन्द्रनाथ वसु, **हिन्दी विश्वकोश,** भाग २१ (देल्ही: बि. आर. पब्लिसिङ्ग करपोरेसन), (दोस्रो प्रकाशन), वि.सं. २०४३, पृ. ५३६ ।

प्रजापात्य, ६. आर्ष, ७. दैव र ८. ब्रह्मा पाइन्छन् ।[१६] साथै हिन्दू संस्कारमा विवाहका लागि वरवधुको योग्यताबारे पनि विचार गरेको पाइन्छ । यसका विषयमा **ऋग्वेद** दसौं मण्डल सूक्त ८५ मा **सामोददद्गन्धर्वायगन्धर्वोददग्नये । रयिंपुत्रांश्चदादग्निर्मह्यमथोइमाम् ॥४१॥**[१७] अर्थात् सोमले वधू गन्धर्वलाई दिए, गन्धर्वले अग्निलाई दिए, त्यसपछि मलाई अग्निले यी वधू तथा धन र पुत्रहरु पनि दिए भनिएको पाइन्छ । यसको आसय पालनपोषणका रुपमा सोम, सिपविद्याका रुपमा गन्धर्व र उमेरको परिपक्वताका रुपमा अग्निलाई दिएपछि पूर्ण वयस्क वधूको विवाह गर्ने विधानको चर्चा देखिन्छ ।

ऋग्वेदको भनाइबाट विवाह गर्नका निम्ति वधू पूर्ण वयस्क हुनुपर्ने बुझिन्छ तर उमेर कति पुगेकालाई वयस्क मान्ने भन्ने विषयमा केही खुलाइएको पाइन्न । यसबाट उमेर नपुगेकालाई विवाह गर्न वैदिक कालदेखि नै निषेध गरिएको बुझिन्छ । यसैगरी विवाहका निम्ति शारीरिक योग्यताहरुको वर्णन मनुस्मृतिमा उल्लेख छ । यस विषयमा **मनुस्मृतिको** दशौं श्लोकमा **अव्यङ्गांगींसौम्यनाम्नींहंसवारणगामिनीम् ॥ तनुलोमकेशदशनांमृद्वङ्गीमुद्वहेत्स्त्रियम् ॥१०॥**[१८] भनिएको छ । यस भनाइअनुसार जसको अंग, जसको नाम मधुर र जो हाँस अथवा हात्तीको जस्तो हिंड्ने होस्, जसको सानासाना केश र दाँत अनि जसको अंग नरम छ, यस्ता स्त्रीलाई विवाह गर्नुपर्छ भनेर विशेषतः वधुको वैवाहिक योग्यता निर्धारण गरेको देखिन्छ ।

वैवाहिक संस्कारका मान्यताहरु पनि विभिन्न जाति, धर्म तथा परम्परामा आधारित हुने भएकाले सबै समाजमा फरकफरक हुने गर्दछ । किरात साम्पाङ राई जातिको वैवाहिक संस्कार पनि आफ्नै प्रकारको मान्यतामा आधारित रहेको पाइन्छ । विवाहबारे यिनीहरुको पनि हिन्दू मान्यताजस्तै आफ्नो वंशपरम्परालाई कायम राख्नु भन्ने नै देखिन्छ । तर, उनीहरुमा हिन्दूहरुमा जस्तो आठ प्रकारको विवाहको पद्धति भने देखिँदैन । यो जातिमा खासगरी मागी विवाह, प्रेम/चोरी विवाह, बहुविवाह, अन्तरजातीय विवाह, जारीविवाह र भाउजू व्यहोर्ने रहेका छन् ।

---

[१६]. राजबली पाण्डेय, **हिन्दु संस्कार,** (भारत : चौखम्बा विद्याभवन, वाराणसी), वि.सं. २०६३, पृ. २०४-२१७ ।

[१७]. प्रसन्न चन्द्र गौतम समेत (अनुवादक), **ऋग्वेद संहिता** नेपालीमा, दोस्रो खण्ड दशौं मण्डल सूक्त-५८, (काठमाडौं : कुलचन्द्र गौतम स्मृति सङ्स्था), वि.सं. २०६७, पृ. ३१६२ ।

[१८]. मिहिरचन्दजी, (सम्पादक), **मनुस्मृति सटीक,** (लखनउ : मुंशी नवलकिशोर), वि.सं. १९४७, पृ. १३४ ।

यो समाजमा दुलहा-दुलही एकै जातिभित्रका तर पाछा फरक हुनुपर्छ । विवाहका लागि बाबुतर्फ सात पुस्ता र आमातर्फ तीन पुस्ता पार भएको दुवैको उमेर पुगेको अर्थात् १६ वर्षभन्दा माथिको हुनुपर्ने कुराहरुलाई प्रमुख आधार मानेको पाइन्छ । तर, साइनो केलाउँदा बाबु र आमातर्फको मात्र नभएर मितेरी साइनोसमेतलाई विचार गरिन्छ । मितेरी साइनोमा एक पुस्तासम्म मात्र यो बर्जन छ । तर, कसैले तीन पुस्तासम्म लगातार मित लगाएको रहेछ भने त्यस्तालाई आफ्नै सगोत्री अर्थात् पाँचछाके हाडवंशसरहको साइनो मानिन्छ । साम्पाङ जातिभित्र तोरिहाङ-तोरिहाङ पाछा, तोमिहाङ-तोमिहाङ पाछा, छेतापी-छेतापी पाछाबीच विवाह हुँदैन, यि विपरीत पाछाहरुबीचमा मात्रै विवाह हुन सक्दछ । यसैगरी यो जातिमा फुपूचेला, मामाचेला विवाह हुँदैन ।

एकै हाडवंशका नाताभित्र वैवाहिक सम्बन्ध जोड्न नहुने मान्यता हिन्दू संस्कारमा पनि पाइन्छ । जसका बारेमा ऋग्वेदको दसौं मण्डलको सूक्त १० को श्लोक ११ र १२ मा जुम्ल्याहा यम दाजु र यमी बहिनीको संवादमा यमीले यमसँग यौन सम्पर्कका लागि अनुरोध गर्दा यमले दाजु-बहिनी बीचमा शारीरिक सम्पर्क गर्दा पाप लाग्ने र यस्तो कार्य गर्न नहुने भन्दै अस्वीकार गरेको कुरा उल्लेख पाइन्छ ।[१९]

साम्पाङ राई जातिमा असल कुटुम्ब (वैवाहिक सम्बन्ध गाँस्न मिल्ने)को रुपमा आफ्न जाति तर पाछा, साम्मे फरक भएकालाई मान्ने गर्दछन् । यस्तै पहिले सगोत्री जातिसँग विवाह गरी कुटुम्ब भएकाहरु पनि पछिल्लो समयमा विवाह गर्नेहरुका लागि असल कुटुम्ब मान्ने गरेको पाइन्छ । तर, पहिले वैवाहिक सम्बन्ध भएर कुटुम्ब मानिनेहरुमा पनि उमेर साइनोको आधारमा विवाह गर्न नमिल्ने पनि हुन्छ । जस्तै- कुनै ‘क’ भन्ने व्यक्तिले ‘ख’सँग विवाह गरेपछि ‘क’ को दाजुभाइ तथा दिदीबहिनीका लागि ‘ख’ को दाजुभाइ तथा दिदीबहिनी असल कुटुम्ब हुन्छ । तर, ‘क’ र ‘ख’ को दाजुदिदीतर्फ र भाइबहिनीतर्फ मात्र

[१९]. गौतम समेत, **पूर्ववत्**, (पादटिप्पणी संख्या-१७), पृ. २८७८ को विवरण अनुसार- “यमीले भनिन्- जुन दाजुभाइ छँदाछँदै अनाथ भइन्छ त्यस्तो दाजुभाइ के काम लाग्छ, तथा जुन दिदीबहिनी छँदाछँदै दाजुभाइले दुःख पाउँछ, त्यस्ती दिदीबहिनी के काम लाग्छे ? हे यम ! कामवासनाले विह्वाल भएकी म यस्तो धेरै आलाप गर्छु, तिम्रो शरीरलाई मेरो शरीरसँग राम्ररी जोड ॥११॥”

“यमले भने- हे उत्तम ऐश्वर्य भएकी यमी ! म मेरो शरीरलाई तिम्रो शरीरसँग निश्चय नै जोड्दिनँ । जो दिदीबहिनीसँग जान्छ, त्यसलाई पापी भन्दछन् । तिम्रो दाजुभाइ त्यस्तो चाहँदैन । तिमी मबाहेक अर्कैसँग आनन्दको कल्पना गर ॥१२॥”

कुटुम्ब न कि दाजुदिदी र भाइबहिनीबीचमा । अर्थात् पहिले विवाहित दुलहा दुलहीको साइनोअनुसार जेठो जठोतर्फ र कान्छो कान्छोतर्फ न कि जेठो र कान्छो विपरीत साइनोतर्फ । किनभने, यस्ता जेठो र कान्छोतर्फको साइनोमा पनि दाजुभाइ वा दिदीबहिनी नै मान्नुपर्ने हुन्छ । सोल्टी सोल्टिनीको साइनो हुँदैन । सोल्टी सोल्टिनीको साइनो पर्ने मात्र विवाहका लागि योग्य हुन्छन् ।[२०] यसैगरी किरात जातिभित्रका जातिभन्दा अन्य जातिलाई स्वजातीय विवाह मान्दैनन् । अजात विवाहलाई यो समाजमा संस्कारगत रुपले सहज स्वीकार गर्दैनन् । यिनीहरुमा कसैसँग वैवाहिक सम्बन्ध गाँस्ने कुरामा पूर्णतः केटा पक्षकै भूमिका रहन्छ । अर्थात् केटी पक्षबाट जति योग्य कुटुम्ब देखे पनि वैवाहिक सम्बन्धको प्रस्ताव गर्ने संस्कार पाइँदैन । यस्तो मान्यताले कुटुम्बहरुमा केटीपक्षलाई सम्मानीय स्थान दिएको देखिन्छ । वैवाहिक सम्बन्ध कायम राख्नका लागि केटापक्षकै बढी सक्रियता आवश्यक मानिन्छ । यो जातिमा प्रचलित विवाहहरुबारे तल चर्चा गरिन्छ ।

### ६.२.१ मागी विवाह

साम्पाङ राईजातिमा सवैभन्दा प्रचलित र संस्कारअनुसार सबैका लागि सहज स्वीकार्य मागी विवाह हो । यो जातिमा विवाह सम्पन्न गर्न निकै लामो प्रक्रिया पूरा गर्नुपर्छ । सर्वप्रथम केटापक्षबाट आफ्नो गाउँको र केटीकै गाउँको एक एकजना व्यक्तिको आवश्यक्ता पर्दछ । उसले केटी पक्षको कुरा बुझेर केटापक्षलाई जानकारी दिने काम गर्दछ, जसलाई 'लम्लँमी' अर्थात् सारते भनिन्छ ।[२१] केटाको गाउँको 'लम्लँमी'ले केटीको गाउँको सारतेमार्फत् केटीको सम्पूर्ण चालचलन, आनिबानी तथा बानीव्यहोराका साथै बाबुमाइतिको सम्पूर्ण हैसियत तथा पारिवारिक पृष्टभूमि बुझ्न लगाउँछ । सारतेबाट सबै कुरा बुझी केटाको घरमा जानकारी दिने काम गर्दछ । यो समाजमा विवाहका लागि केटा पक्ष र केटी पक्ष कहिले पनि प्रत्यक्ष कुराकानी हुँदैन र मध्यस्थकर्ताकै आवश्यकता पर्ने भएकाले पहिलो मध्यस्थकर्ताको रुपमा लम्लमी अर्थात् सारते चुन्ने गर्दछन् । यसरी सारतेमार्फत् बुझ्दा सवै कुरा उपयुक्त ठहरेपछि केटी पक्षको सारतेले केटीको ठूलो बुबा वा काका (जसलाई धिवाँःतो भनिन्छ)लाई भेटी यस विषयमा कुराकानी गर्दछ । यसपछि केटीको ठूलो बुबाले गाछीघर

---

[२०]. खोटाङ जिल्ला, खार्तम्छा-२ निवासी वैवाहिक कार्यमा लामो अनुभव भएका **तेजबहादुर राई** (वर्ष ७५) सँगको अन्तर्वार्तामा आधारित ।

[२१]. वासपानी-५ का **पहलमान राई** (वर्ष ८६)सँगको अन्तर्वार्तामा आधारित ।

(केटीको बाबुआमा)सँग अनौपचारिक कुरा गर्दछ र गाछीघरबाट सकारात्मक सङ्केत आएमा धिवाँःतोले उनै सारतेमार्फत् केटापक्षतर्फ खबर पठाउँछ । यसपछि क्रमशः विवाहको प्रक्रिया अगाडि बढ्दछ । साम्पाङ राईहरुको विवाह दुईपटकमा सम्पन्न हुने गर्दछ । पहिलो विवाह पिँढीबास माग्ने र बुहारी घर टेकाउने हो भने दोस्रो सम्पूर्ण रीत छिन्ने विवाह पर्दछ ।

केटीपक्षबाट सकारात्मक सङ्केत प्राप्त भएपछि आवश्यक व्यवस्था मिलाएर धिवाँःतोसँग सल्लाहमा केटी माग्न आउने दिन निश्चित गर्दछ । दुलहा हुने केटा, गाउँका दुईजना अग्रज (रीतिविधि जान्ने), दुवैतर्फका लम्लमी/सारते, भरिया, कुटुनीसमेत जानुपर्दछ । केटापक्षले गाछीघरमा जोडी कठुवामा रक्सी, धिवाँःतोलाई जोडी कठुवामा रक्सी र लम्लमीलाई कठुवामा २/२ रक्सी लिएर जानुपर्दछ ।[२२] पहिला धिवाँःतोको घर गई उसैलाई साथमा लिएर केटीको बाबुमाइतिको घर (जसलाई गाछीघर भनिन्छ) जानुपर्ने मान्यता छ । सोझै केटीको घर जान हुँदैन भन्ने उनीहरुको परम्परा छ । यसो गर्नुको अर्थ केटा पक्षले केटी पक्षलाई अति नै सम्मानको व्यवहार प्रदर्शन गर्नु हो ।

गाछीघर पुगेपछि लम्लमीले सामानहरु केटीको आमाबाबुलाई राखी छोरी माग्न आएको कुरा औपचारिक रुपमा चलाउँछन् । कुरा चलाउने पनि आफ्नै परम्परागत शैली हुन्छ । सबै कुरा आफ्नै भाषामा हुन्छ । त्यसैको निम्ति पुर्खाहरुसमेत जानुपर्ने हुन्छ । यसपछि केटीपक्षबाट केही कुरा सोधनी हुन्छ । जस्तै : 'तपाईंहरु को हो ? किन आउनुभयो ? यी सामानहरु किन ल्याउनुभयो ?' आदि । केटापक्षबाट पनि उस्तै प्रकारले जवाफ दिनुपर्ने हुन्छ । जस्तै- 'तपाईंहरुको फूलबारीमा सुन्दर फूल फुलेछ । त्यही सुन्दर फूलको बास्नाले हामीलाई तानेर ल्यायो त्यसैले तपाईंहरुको फूलबारीको एउटा फूल माग्न पाइन्छ कि भनेर आयौं हजुर ।' यस्ता अनेकौं विषयमा कुराकानी हुन्छन् ।[२३] केटा र केटीपक्षबीच निकै लामो समयसम्मको संवादपछि मात्र केटीपक्षले आफ्ना छोरीचेली दिने इच्छा भए पहिले दुवैतर्फको जात, पाछा, साम्मे, मितेरी साइनोहरुसमेत सोधेर साइनो राम्ररी केलाइन्छ । कुनै पनि साइनो नपर्ने भए मात्र चोखो कुटुम्ब मानिन्छ र छोरीचेली दिने इच्छा भए केटापक्षले ल्याएको मगनी रीतका सामान (रक्सी) स्वीकार गर्दछन् । तर, छोरीचेली दिन इच्छा नभएमा मगनी रीतका रक्सी फर्काउँछन् र केटी माग्न जानेहरु फर्कन्छन् ।

---

[२२]. वासपानी-५ का नन्द **बहादुर राई** (वर्ष ७०)सँगको अन्तर्वार्तामा आधारित ।

[२३]. खार्तम्छा-१ का **भलामान राई** (वर्ष ७१)सँगको अन्तर्वार्तामा आधारित ।

यदी कुरा मिलेको खण्डमा केटी पक्षको तर्फबाट सगुन स्वरुप रक्सी बाँडिन्छ र केटा तथा केटी दुवै पक्षमा २/२ जना मध्यस्थकर्ता छान्ने काम हुन्छ । यी मध्यस्थकर्तामा केटीपक्षकालाई चिम्चँ र केटापक्षकालाई पुरुतु भनिन्छ । सामान्य भाषामा यिनीहरुलाई कलिया भनिन्छ । उनीहरुको जिम्मेवारी विवाह सम्पन्न नभएसम्म आ-आफ्नोतर्फबाट विवाहका कार्यहरुमा मध्यस्थताको काम गर्नु हो । यो जातिमा केटा र केटी पक्षकाहरु सोझै कुरा गर्दैनन् र यिनै मध्यस्थकर्ताहरुमार्फत् मात्र कुराहरु हुने गर्दछ । यसरी कलिया तोकेपछि केटी माग्ने रीत पूरा भएको मानिन्छ र केटी माग्न जाने टोली फर्किन्छ ।

यसपछि केटापक्षबाट केटी (बुहारी) घर भित्र्याउने समय मिलाउँछ । जसलाई उनीहरु 'बुहारी घर टेकाउने' भन्छन् ।[२४] यसमा सल्लाह मिलेपछि केटा र केटी पक्ष दुवैतिर कजेरी बाँध्ने काम गर्दछन् । अर्थात्, विवाहमा आफन्तजनहरुलाई खानपानको व्यवस्था गर्नका निम्ति काम गर्नेहरुको व्यवस्थापन गर्नुपर्दछ । ती व्यक्तिहरुलाई एक कठुवा रक्सी, एक टपरा भुटेको मासु राखेर घरमूलीले 'विवाहको दिन पाहुनाहरुलाई दर्साइफर्साइ दिनुहोस्, उनीहरुको भोकतिर्खा मेटाइ दिनुहोस्, तपाईंहरुलाई नै विश्वास लागेर यो जिम्मेवारी सुम्पँदै छौं, दुःख नमानी विवाह सफल पारिदिनुहोस्' आदि भनेर जिम्मा दिइन्छ । विवाहमा सवै पाहुनाहरुलाई स्वागत, सत्कार, खानपिनको व्यवस्था पनि घरपरिवारका सदस्यहरुले गर्दैनन् र अन्य व्यक्तिहरुलाई कजेरी बाँधेर काम गर्दछन् ।

तोकिएको दिन केटापक्षबाट केटी लिन जाने काम हुन्छ । केटी लिन स्वयं केटा (हुनेवाला दुलहा), केटाको बाबु, दुईजना पुर्खा (सकेसम्म पहिलाकै), दुईजना कलिया, धिवाँःतो, दुईजना भरिया, कुटुनी, केटाको एकजना साथीसमेत जानुपर्दछ । अन्य व्यक्तिहरु पनि जानसक्छन् तर जोडी सङ्ख्या मात्र जानुपर्दछ, विजोडी जानु हुँदैन । सामान्यतः किरात जातिभन्दा अरु जातिहरु जन्ती जान हुन्न भन्दछन् । यसरी केटी लिन जाँदा लानुपर्ने रीतका सामानहरु निम्नप्रकार हुन्छन्[२५] :

१. जोडी कठुवामा रक्सी (पहिलो कुरा थलानी स्वरुप राख्नुपर्दछ) ।

---

[२४]. वासपानी-३ का **मंगलधन राई** (वर्ष ८८)सँगको अन्तर्वार्तामा आधारित ।

[२५]. फेदी-२, निवासी **नौधन राई** (वर्ष ७२)सँगको अन्तर्वार्तामा आधारित ।

२. केटीको आमालाई आँसुपुछौनी रु. १००/-, एक चौंठो[२६] रक्सी, सुँगुरको एकफिला मासु (परेङ्गोमा) (यो सम्बन्ध सुमधुर राख्नको लागि हो) ।

३. गाछी (बाबु)लाई जोडी चौंठोमा रक्सी अथवा एकचौंठो रक्सी र पाँच रुपैयाँ । (यो पनि सुमधुर सम्बन्धका लागि भनिन्छ) ।

४. धिवाँःतोलाई जोडी कठुवामा रक्सी (बडाबाबु वा काकाको शिर उभ्याउनी राख्नुपर्दछ) ।

५. चिम्चँ (केटीपक्षको कलिया)लाई जोडी कठुवा रक्सी ।

६. सारतेलाई जोडी कठुवामा रक्सी ।

७. केटी (हुनेवाला दुलही)लाई लेसनरुपे (स्वरुप रु. १००/-, सिन्दुर, पोते, सुपारी, एउटा तामाको पैसा थैलीमा र अन्य गरगहना, लुगाफाटा । यो परम्परागत साइमुन्द्रोको चलन हो) ।

८. एक कठुवा रक्सी र एक रुपैयाँ (बाजेबजुको सम्मान स्वरुप राख्नुपर्दछ) ।

९. जोडी कठुवामा रक्सी (आफन्त नरनाताहरुको सम्मानका निम्ति राख्नुपर्दछ) ।

यसरी रीत स्वरुप लगिएको रक्सी गाछीघरमा र धिवाँतोलाई सकेसम्म चौंठो (काठको रक्सी राख्ने विशेष प्रकारको भाँडा)मा नै लानुपर्दछ। तर, आजभोलि चौंठो नपाइने भएकोले कठुवामा नै लाने गरेको पाइन्छ। यसरी सम्पूर्ण रीतिका सामानहरु गाछीघरमा सबै उपस्थित पंचभलाद्मीको सामु केटीको बाबुआमालाई बुझाउनुपर्दछ र सबै सामान बुझाइसकेपछि केटीपक्षको तर्फबाट सबैलाई सगुन स्वरुप रक्सी बाँडिन्छ । यसपछि तितेपाती, दुवो र फूलहरु मिसाएर बनाइएको दुईवटा कलश एउटा काँसको थालीमा राखी त्यसै थालीमा दुईवटा दियो बालिन्छ। त्यसैको सामु केटा (दुलहा)लाई दायाँ र केटी (दुलही)लाई बायाँ सँगै राखी पहिले केटीको आमाबाबुले दुवैलाई दही-अक्षताको सेतो टीका लगाइदिएर आशिर्वाद दिन्छन् । त्यसपछि क्रमशः नजिकको जेठो नाता पर्नेबाट सुरु भै सबै आफन्त, मान्यजनहरु (केटीको उमेरभन्दा जेठो)ले टीका लगाई आशिर्वाद दिन्छन् । यसरी टीकाटालो गर्ने कार्य सकिएपछि आफन्त, मान्यजनहरुलाई ढोगभेट गर्ने काम हुन्छ। केटीपक्षको सबै आफन्त,

[२६]. वर्तमान अवस्थामा यो चौंठो हराउन थालेकाले सबै ठाउँमा कठुवा नै प्रयोग गर्न थालिएको स्थानीयहरुको भनाइ छ।

मान्यजनहरुलाई पहिले केटीले ढोक्दै अघि बढ्छन् र त्यसको पछिपछि केटाले ढोग्दै जानुपर्दछ । यसबेला केटी पक्षको एकजना व्यक्तिले केटालाई केटीपक्षका मान्यजनहरु तथा साइनोबारे बताउनुपर्दछ । यसरी ढोगभेट गर्दा पहिलापहिला हरेकलाई एक मोहर पैसा राख्दै ढोग्ने गरिन्थ्यो तर आजभोलि भने एउटै मोहर पैसा पालैपालो सबैलाई ढोग्ने गर्दछन् । भेटी पैसा चाँदीको हुनुपर्दछ । यो पैसा केटा पक्षबाटै लगिएको हुनुपर्दछ र ढोगीसकेपछि त्यो पैसा केटालाई नै फिर्ता गर्नुपर्दछ । दहीचामलको टीका लगाई ढोगभेट गर्ने कार्यलाई 'पिँढीबास दिने' भनिन्छ ।[२७] यो रीत नगरेसम्म केटा (दुलहा)लाई केटी (दुलही)को घर आउनेजाने अनुमति हुँदैन, बाबुमाइतिले पिँढीबास दिएपछि मात्र केटाकेटीको घर आउनेजाने बाटो खुल्दछ । यसरी नवदुलहा-दुलहीबाट ढोगभेट सकिएपछि केटाको बाबु र केटीको बाबुबीच सम्धीढोग हुन्छ । पहिलो सम्धीढोगमा खास रीत हुँदैन तर अन्तिम रीत छिन्ने समयको सम्धीढोग भने रीतपूर्वकको हुन्छ । यसपछि सबै उपस्थित व्यक्तिहरुलाई भोज खुवाउने काम हुन्छ । भोलिपल्ट बिहान खानपिन सकिएपछि सगुन रक्सी बाँडेपछि मात्र केटीपक्षले आफ्नो छोरीचेली केटापक्षलाई जिम्मा दिएर विदा गर्दछन् ।

यसरी केटापक्षहरु केटी लिएर आफ्नो घर फर्कन्छन् र केटाको घरमा पनि नवदुलही भित्र्याउन सबैजना तयारीका साथ बसेका हुन्छन् । आइपुग्नासाथ ढोकाको अगाडि (बाहिरपट्टि) एउटा केराको पात राखी कुखुराको भाले त्यस केराको पातमा रगत पार्नुपर्दछ । त्यसै समयमा घरभित्रबाट पहिल्यै तयार गरिएको काँसको लोहोटामा फूलहरु राखी बनाइएको गडुवापानी (कलश) लिएर केटाकी आमाले ढोकाभित्रैबाट केटी (बुहारी)को बायाँ हातमा कलश दिएर केटीको दायाँ हात समाती घरभित्र तान्छिन् । यसबेला केटा (दुलहा)ले केटीलाई पछाडिबाट धकेल्ने गर्दछ । यसैलाई 'बुहारी घर भित्र्याउने वा घर टेकाउने' भन्दछन् । यसरी नवदुलहा-दुलही घर प्रवेश गराइसकेपछि एउटा काँसको थालमा जोडी कलश राखी जोडी दियो बाली चुलो (भन्दा माथिल्लोपट्टि) सामुन्ने केटाकेटी (केटा दायाँ र केटी बाँया)सँगै बसाइन्छ । सर्वप्रथम केटाले दायाँ हातको बुढीऔंलाले केटीको सिउँदोमा ३ पटक सिन्दुर लगाइदिइ हरियो पोतेसमेत लगाइदिनुपर्दछ केटीले केटाको खुट्टामा ढोग गरेपछि दुलहा-दुलही औपचारिक रुपमा पति-पत्नी भएको मानिन्छ । तर, कतैकतै यो सिंदुर लगाउने कार्य टीकाटालो सकेर अन्तिममा मात्र गर्ने चलन पनि देखिन्छ ।

---

[२७]. वासपानी-५ **देवानसिं राई** (वर्ष ७६, हाल स्वर्गीय)सँगको अन्तर्वार्तामा आधारित ।

सर्वप्रथम केटाको बाबुआमाले दुलहादुलहीलाई दही-अक्षताको सेतो टीका लगाई आशिर्वाद दिएपछि क्रमशः अन्य मान्यजनहरु बाजे, बजु, बडा, काकालगायत आफन्तजनहरुले टीका लगाइदिई आशिर्वाद दिने गर्दछन् । टीकाटालो गर्ने कार्य सकिएपछि केटाकी आमाले बुहारीलाई गरगहनाको साथमा कपालमा बर्की बाँधिदिनुपर्दछ र बाबुले छोरालाई कपालमा सेतो पगरी अर्थात् फेटा/रिप्दँ बाँधिदिन्छ । यसरी घरभित्र वैवाहिक संस्कारका कार्यहरु गरिरहेको अवस्थामा बुढापाकाहरु समयसमयमा आफ्नै भाषा र प्रचलनअनुसार जुहारी गीत गाउने गर्दछन् भने घरबाहिर पनि विभिन्न आगन्तुक व्यक्तिहरु आफ्नै तरिकाले नाचगान गरी रमाइलो गरिरहेका हुन्छन् ।

यसपछि दुलहीलाई आफ्नो कुलपितृ अर्थात् चुल्होमा प्रवेश गराउने कार्य हुन्छ । यसका लागि केटाकी आमाले नवदुलहीलाई केही अक्षता, अदुवा र चोखो रक्सी दिनुपर्दछ र कुबी अथवा जानकार व्यक्तिले चुल्होमा चामल, अदुवा, कठुवामा रक्सी लिएर विधिपूर्वक बुहारीलाई कुलमा प्रवेश गराउँदछन् । यसलाई 'हाइखुवा' पूजा भनिन्छ । यसबेला पनि विधिपूर्वक मुन्धुम वाचन गरेर नवदुलहीलाई आफ्नो कुलमा प्रवेश गराउनुपर्दछ ।

नयाँ बुहारीलाई आफ्नो मुन्धुमविधिअनुसार चुल्होमा प्रवेश गराउँदा सासूले दिएको अक्षता र अदुवा बुहारीले पूजारीले अगेनामा रक्सी खन्याएको समयमा तीनपटक हाल्नुपर्दछ ।[२८] यसपछि केटाकी आमाले एउटै काँसको बटुकाबाट पहिले केटा र त्यसपछि

---

[२८]. फेदी-२ निवासी **रत्नबहादुर राई** (वर्ष ८७, हाल स्वर्गीय)सँगको अन्तर्वार्तामा आधारित- बुहारी चुल्होमा प्रवेश गराउँदाको मुन्धुम- **"हमो.. बुक्छामीहँःचेउ, साप्सामी दिबुमीहँःचेउ, छुरिमीकसुमी, कुबिमी, तायामीहँःचेउ, आप्तुमीहँःचेउ, लासामीहँःचेउ, रुमालुङ, थुमालुङ, मियालुङ, मिचीलुङ, सुतुलुङ साकुदिपाचेउ, फुपापाचेउ, इसे नपी न** (बुहारीको नाम, थर, पाछा, सामे र उनको बाजे, बाबु, आमाको नामसमेत पुकार्दै) **नाम्मेछा तातुम्काकपी खँःमिहँःनिनी । नपी न आम्नु चालाङ्खाछा, कँःवा बाइकबी, मी तुब्काबी खमिहःनिनीक के, साम छाप्छुल् लायाम्न, सारी छाप्छुल् लायाम्न । नपी न रुँःरी पिमाछी साखा पिमाछी के** (भन्दै फेरि चुल्होमा केही अक्षता, अदुवा राखेर रक्सी खन्याउँदै) **नचुरी नहुरी दङ्खँःनी दलँनी, थनवा रुबुसुङ्सँः ताया तल्माछी, आम्नु चाचायोछा नाम्मेछालाई नुवासानु प्यानुम्ओ । चवारी लुमारीखुङ, समारी हेरेमाखुङ, जिबजीमा वाल्चिपाल्चीमाखुङ, ताया तोलानुम्, सिमारी मामारीसँः तायातोलानुम्ओ ।"** भन्दै चुल्होमा पुनः अक्षता, अदुवा राख्दै रक्सी खन्याउनुपर्दछ), ( खस भाषामा अनुवाद : हे.. कुलपितृमा बस्नुभएका पितापुर्खाहरु हो ! तायामीहरु हो ! धामीहरु हो ! सबै बुद्धिजिवीहरु हो ! दाजुभाइ, इष्टमित्रहरु हो ! आज हामीले (बुहारीको नाम, थर, पाछा, सामे र उनको बाजे, बाबु, आमाको नामसमेत पुकार्दै) हाम्रो बुहारीको रुपमा तपाईंहरुसामु यस घरमा चालचलन गर्ने, पानी ल्याउने, आगो फुक्ने देखाउँदै छौं । उनको शरीरमा कुनै रोगकष्ट लाग्न नदिनू, तपाईंहरुले लामो आयु दिनू, आँखिडाही, रिसराग, झैंझगडा हटाइदिनू, तपाईंहरुको बुहारीलाई ज्ञानबुद्धि दिनू, मुटु दुख्ने, कलेजो दुख्ने, छाती दुख्ने, उल्टीपाल्टी हुने रोगहरु हटाइदिनू ।")

केटीलाई रक्सी खुवाउँछिन् । यसको अर्थ आजदेखि छुट्टाछुट्टै आत्मा एउटै भयो भन्ने हो । यस कार्यलाई 'जुठो मिसाउने' पनि भनिन्छ । यसपछि ढोगभेटको कार्य सुरु हुन्छ । दुलहाले आफन्त मान्यजनहरुलाई ढोग्दै अगाडि बढ्छ र पछिपछि दुलहीले पनि ढोग्दै अघि बढ्नुपर्दछ । केटापक्षको एकजनाले दुलहीलाई आफन्तलाई ढोग्न साइनो बताउनुपर्दछ । ढोगभेट समाप्त भएपछि सगुनको रुपमा रक्सी बाँड्दछन् । सगुन बाँडिसकेपछि सबै आफन्त तथा आगन्तुकहरुलाई भोज खुवाउने काम हुन्छ । तर, पहिले नवदुलहा-दुलहीलाई खाना दिनुपर्दछ । उनीहरुले नखाएसम्म अन्यले खान हुँदैन भन्ने मान्यता रहेको छ । नवदुलहा-दुलहीलाई बुहारी भित्रयाउने समयमा ढोकाको छेउमा काटेको कुखुराको मासुसँग एउटै काँसको थालीमा भात दिनुपर्दछ । खानुभन्दा पहिले दुलहाले दुलहीलाई ३ पटक र दुलहीले दुलहालाई ३ पटक खुवाउनुपर्दछ । त्यसपछि मात्र आफू आफैं तर एउटै थालमा खाना खानुपर्दछ । यसपछि मात्र अन्य सबैलाई भोज खान दिइन्छ । यति भएपछि बुहारी घर टेकाउने (भित्र्याउने) काम सम्पन्न हुन्छ । तर, कुलमा चल्ने कुटुम्बको छोरी भए मात्र यसरी कुल, चुल्होमा लगाइन्छ । राई, लिम्बू र सुनुवार जातिबाहेकको अन्य जाति भए कुल अर्थात् चुल्होमा लगाउने चलन देखिँदैन । अन्य जातलाई चुल्होमा लगाएमा सन्तानमा ठूलो विपत्ति आइलाग्छ, कुल बिग्रिन्छ भन्ने उनीहरुको धार्मिक विश्वास रहेको पाइन्छ । यसरी यो जातिमा पहिलो विवाह सम्पन्न हुन्छ ।

दोस्रो विवाह अर्थात् सम्पूर्ण रीत छिन्ने विवाह पहिलो विवाह सम्पन्न भएको केही दिन वा महिनापछि गरिन्छ । केटा पक्ष र केटी पक्षको कलिया र धिवाँतो केटीको आमाबाबुसँग छोरीको विवाह छिन्ने (वचन माग्ने) समयको लागि टुंगो गर्न जानुपर्दछ । गाछीघरमा जोडी कठुवा रक्सी, धिवाँःतोलाई जोडी कठुवा रक्सी र कलियालाई जोडी कठुवा रक्सी लिएर गई कुरा सोधनी गर्नुपर्दछ । दुवै पक्षको सरसल्लाहमा गरी समयको निश्चित गरिएपछि आवश्यक तहचाँचो (व्यवस्था)हरु मिलाउने काम सुरु हुन्छ ।

विवाहको अन्तिम रीति दुवै पक्षको सल्लाह चिम्चँ र पुरुतुमार्फत् हुन्छ । विवाह हुन ४-५ दिन बाँकी छँदा केटीपक्षका चिम्चँ (कलिया) र केटापक्षका पुरुतु (कलिया) केटापक्षको घर जानुपर्दछ । उनीहरुले विवाहको तयारीबारे बुझेर केटा पक्षबाट केटीपक्षकहाँ ल्याउनुपर्ने विभिन्न रीतिका सामानहरुका बारेमा जानकारी दिने गर्दछन् । यो कार्यलाई 'बुलुचुरी' (केटापक्षको घरको सम्पूर्ण कुराहरु बुझ्न र रीतिहरुका विषयमा जानकारी दिने कार्य)

भनिन्छ । यसरी तोकिएको दिन केटापक्षबाट सम्पूर्ण रीतिविधिका सामानहरु लिएर जन्तीहरुसहित केटी पक्षकहाँ जाने कार्य हुन्छ । यसरी घरबाट जन्ती हिँड्ने बेलामा पनि आफ्ना कुलपितृहरुलाई बोलाएर विधिपूर्वक मुन्धुम वाचन गरेर हिँड्नुपर्दछ । मुन्धुम वाचनबाट विधिपूर्वक कार्य गरिएन भने वैवाहिक कार्य सफल हुँदैन भन्ने उनीहरुको विश्वास रहेको पाइन्छ । जुन मुन्धुम सकेसम्म कुवीमी (धामीहरु)ले नै मात्र गर्ने गर्दछन् । यदि कुनै कारणले कुवीमीहरु नभएको अवस्थामा कुनै मुन्धुम जान्ने बुढापाकाहरुले पनि गर्ने गर्दछन् । जसले गरे पनि विधिपूर्वक गरिनुपर्दछ, नभए विवाह सफल हुने शुभ संकेत मानिँदैन । यो आफ्नै भाषामा हुने भएकाले जो कोहीले जान्दैनन् ।[२९]

जन्ती जाने दिन रेवा-रमुना (रावाखोला र ताप्खोला)को नाममा धुप-धुँवार लगाएर 'हामी तिम्रै छोराछोरी हौं, रक्षा गरी देऊ, हामी हाम्रो बुहारी कुटुम्बको कुलबाट छुटाएर लिन जाँदैछौं' भनी पूजा गर्नुपर्ने मान्यता रहेको छ ।[३०] बाजागाजासाथ दुलहा-दुलहीलाई छाता ओढाएर हिँडाइन्छ । साथमा जन्तीहरु पनि हुन्छन् । बाटोमा डाँडा, खोला, चौतारा, मन्दिर जे भेटिन्छ, त्यहाँ दुलहा-दुलहीको कपडाको थोरै भाग वा धागो भए पनि चढाउँदै जानुपर्दछ । केटीपक्षको घर पुग्नभन्दा केही टाढा चौतारामा नै केटीपक्षको कलिया र केही व्यक्तिहरु आई भेटघाट हुन्छ जसलाई 'लामतुप्मा' (स्वागतको भेटघाट) भनिन्छ । केटीपक्ष र केटापक्षका कलियाले आ-आफ्नोतर्फबाट एक कठुवा रक्सी र एउटा हारति (सुँगुरको दुवै भागको करङ आउने गरी काटिएको ढाडको एक सेला मासु), छत्तिसा (सुँगुरको भुटेको मासु एक टपरा) एक पक्षले अर्का पक्षलाई दिएर स्वागत गर्दछन्[३१] (चित्रफलक नं. ३९) । भुटेको मासु र रक्सी त्यहीँ खान्छन् भने हारती आ-आफैं राख्छन् । यसपछि केटी पक्षका

---

[२९]. **उहीसँगको** अन्तर्वार्तामा आधारित- जन्ती हिँड्नुपूर्व वाचन गरिने मुन्धुम- **"हमो... साकुदिपा साकुदिमा फुपाचेउ, रुमालुङ् थुमालुङ् लमालुङ् बुक्छामीचेउ । नपी न दँःनी खिम्पी झाराक खामवा, खाप्चीलो बुलु चासुम्लो, साप्सावा दिबुवालो लासाई खँःलो नाम्मे लोसी, खा छिर्सी खातेहँःकाकपी, नुवा पेकानुम् सानु पेकानुम्ओ । थनँःवारुबुसुङ, नचुरीनहुरी, ताया तोलानुम् । नपी न झारा रेबरुङ्ची, नुवामी सानुमीची, तायामी, तुम्साबुचीलो खातेहँःकाकपी रुँरी पेकानुम्ओ !** खसभाषामा अनुवाद : "हे.. कुलपितृ पुर्खाहरु हो ! आज हामी जाँड, रक्सी, अन्न, सोधभाँडाहरु सवै सामग्रीहरु लिएर विवाहका कुरा छिनाउन बुहारीलाई उहाँहरुको कुलबाट हाम्रो कुलमा माग्न कुटुम्बघर जाँदैछौं । हामीलाई ज्ञानबुद्धि दिनू, झैंझगडा, आँखीडाहीबाट जोगाइदिनू, आज हामी सबै नरनाताहरु, बुढापाका, जान्नेबुझ्ने व्यक्तिहरुलाई लिएर जाँदैछौं, हामीलाई कुनै दुःख नहोस्, लाजसरम नहोस्, हामीलाई आशिर्वाद दिनुहोस् !"

[३०]. वासपानी-९ का **दीर्घसिं राई** (वर्ष ८५)सँगको अन्तर्वार्तामा आधारित ।

[३१]. कलियाभेटमा रीत नगरेसम्म जन्तीहरु कुटुम्ब घर आउन हुँदैन ।

कलियालगायत सबै फर्कन्छन् । केही समयपछि केटापक्षकाहरु पनि आउनुपर्दछ । केटापक्षकाहरु आउँदा केटीपक्षको घरभन्दा मुनिको बाटो भएर आउनुपर्दछ । घरभन्दा माथि वा सिधा पर्ने गरी आउनु हुँदैन । यो एक प्रकारको रीति भए पनि वास्तविकतामा कुटुम्बहरुको मानसम्मानसँग जोडिएको देखिन्छ । केटी पक्षको घरको माथिबाट वा सोभ्रो बाटोबाट रुपमा केटी पक्षलाई अपमान गरेको मानिन्छ । यसकारण केटी पक्षको घरभन्दा मुनिबाट आउनुपर्दछ भनिन्छ । यो मान्यताविपरीत आएको खण्डमा केटीपक्षबाट विशेष जरिवानासमेत गर्ने प्रथा रहेको पाइन्छ । कुटुम्बहरुले परम्परागत मान्यतामा आधारित रहेर कार्य नगरी वेथिति गर्न खोजेमा जरिवाना स्वरुप केही पैसा र रक्सी जरिवाना गरिन्छ । जातीय पहिचान रक्षाका लागि यसो गर्नु आवश्यक पनि छ ।

जन्तीहरु घरभन्दा केही मुनि नजिकै आइपुगेपछि जन्ती पर्छ्याउनका लागि त्यहीँ रोकिन्छ । केटी पक्षका आमा, बाबु, माइति, मावलीहरु जन्ती पछ्र्याउन सालको पातबाट विशेष रुपमा बनाइएको वरण्डी[३२] (चित्रफलक नं. ४०) (फूलहरुले सजाएर बनाइएको ठूलो टपरा)मा दही, अक्षता, जोडी कलश, जोडी दियोसमेत बालेर दुईजना कन्याकेटीहरुलाई बोकाएर जन्ती पर्छाउने काम हुन्छ[३३] (चित्रफलक नं. ४१) । पहिला आमाबाबु अनि क्रमशः अन्य नातागोता, मामामावली, मान्यजनहरुबाट दहीअक्षताले जन्ती पर्छ्याउने कार्य गर्दछन्[३४] (चित्रफलक नं. ४२) । यस समयमा बेहुला-बेहुलीलाई छाता ओढाइन्छ । यो कार्य दायाँपट्टिबाट वायाँतर्फ घुम्दै तीन फन्कोमा पूरा हुन्छ । बेहुलाबेहुली र उनीहरुका एकएकजना साथीलाई पहिला आमाबाबुले दही-चामलको टीका लगाइदिइ आशिर्वाद दिने काम हुन्छ । यसपछि क्रमशः नजिकको नाता पर्ने सबै मान्यजनहरुबाट पनि टीका लगाइदिइ आशिर्वादका साथ दक्षिणा दिने काम हुन्छ[३५] (चित्रफलक नं. ४३) । टीकाटालो सकिएपछि ससुराले ज्वाइँलाई सेतो फेटा बाँधिदिएर सम्मान गर्दछ भने आमाले छोरीलाई पछ्यौरा (बर्की) ओढाइदिनुपर्दछ । कतिपयले पूरै कपडा पनि फेराउँछन् । यही समयमा कतिपयले नवदुलहा-दुलहीलाई उपहार पनि दिने गर्दछन्[३६] (चित्रफलक नं. ४४) । यसपछि दुलहालाई

---

३२. विधिपूर्वक बरण्डी तयार गरेर घरमूली आमालाई जिम्मा दिनुपर्दछ ।

३३. विधिपूर्वक जन्ती पर्छाउने बरण्डी कन्याकेटीहरुलाई बोकाएर लानुपर्दछ अन्यले बोकेकालाई शुभ मानिँदैन ।

३४. जन्ती पर्छ्याउने काम आमा बाबु, मामामावली लगायतले गर्ने गर्दछन् ।

३५. विधिपुर्वक दुलहा-दुलहीलाई टीकाटालो गरिनु पर्दछ र यो कार्य जन्ती पर्छाएकै स्थानमा गरिनुपर्दछ ।

३६. दुलहा-दुलहीलाई उपहार दिने कार्य पनि सोही स्थानमा गर्ने गरिन्छ । सामान्यतः यस्ता उपहारहरु घरमा दिँदैन ।

केटी पक्षका सबै आफन्तजनहरुसँग परिचय गराउने काम हुन्छ[३७] (चित्रफलक नं. ४५) । यो समयमा बाजा बजाएर, बन्दुक पड्काएर रमाइलो गरिन्छ । यसका लागि दमाईहरु निम्त्याइएका हुन्छन्[३८] (चित्रफलक नं. ४६) ।

खानाको लागि दुलहा-दुलहीलाई माइति पक्षले बोकेर भोजस्थलमा पुऱ्याउँछन् । खाना खाने स्थानमा सबै पाहुनाहरु बसिसकेपछि पहिला दुलहा-दुलहीलाई सालको पातको चम्खँ अर्थात् बरण्डी (विशेष रुपमा फूलहरुले सजाएर बनाइएको नाङ्लो जत्रै सालको पातबाट बनाइएको टपरा जुन खण्डखण्डमा विभाजन गरिएको हुन्छ)मा भात, मासु, दाललगायतका खानेकुराहरु राखेर फूलहरुले सजाएर पातकै ढकनीले ढाकेर दिइन्छ[३९] (चित्रफलक नं. ४७) । सबैलाई खानाको भाग पुऱ्याइसककेपछि केटी पक्षको कलियाले खानाको निम्ति 'हात छाड्नुहोस्'[४०] भन्ने अनुरोध गर्छन् । पहिले दुलहा-दुलहीले चम्खँ खोलेर खाना खान थाल्दछन् अनि मात्र अन्य व्यक्तिहरुले पनि खान सुरु गर्नुपर्दछ । यस्तो बेला जन्तीहरु बस्ने ठाउँको विछ्यौनामुनि सिस्नो राखिएको हुन सक्दछ भने कसैको विछ्यौनामुनि खाडल पनि हुन सक्दछ । राम्ररी हेरविचार नगर्दा कोही खाडलमा फस्ने त कोही सिस्नोले पोलिल्छन् । यसरी रमाइलोका साथ खाना सुरु हुन्छ । खानासँगै जन्तीलाई बाँसको ढुङ्ग्रोमा सरुवा (दाजुभाइबाट सघाउनीको रुपमा ल्याइएको जाँड घ्याम्पामुनिको दुलोबाट चुहाइएको रस) जाँड पनि दिइन्छ । खाना खाइसकेपछि जन्तीहरु राख्न आँगनमा बनाइएको सुङ्खिम (जन्तीहरु राख्नका लागि बनाइएको घरजस्तै)मा लगेर राखिन्छ ।

केटीपक्षका कलियाहरुले केटापक्षकाहरुलाई हुमवारेप्मा (पसिना सेलाउने) रीत भातीजाँड एक घ्याम्पा, एक कठुवा रक्सी, एक टपरा भुटेको सुँगुरको मासु राख्नुपर्दछ । केटापक्षकाले पनि सामानमाथि पैसा राखिदिनुपर्दछ । जाँड, रक्सी र मासु विशेषगरी केटापक्षकाहरुले प्रसादको रुपमा बाँडेर खान्छन् र त्यहाँ राखिएको पैसा चाहिँ केटीपक्षकाले लिन्छन्[४१] (चित्रफलक नं. ४८) । केही समय आराम गरेपछि दुवैपक्षका कलिया, केही

---

[३७]. दुलहालाई केटीपक्षका आफन्तहरु चिनाउनु अनिवार्य हुन्छ । अन्यत्र चिनाइएकोलाई औपचारिक रीत मानिँदैन ।

[३८]. विवाहमा बाजा बजाउनेहरु दमाईहरु उपस्थितिलाई शुभ मानिने भएकाले विधिपूर्वक निम्त्याइएको हुन्छ ।

[३९]. चम्खँः अर्थात् बरण्डीमा दुलाहा-दुलहीले खाना खानु पर्ने मान्यताअनुसार सालको पातबाट यो बरण्डी बनाइन्छ ।

[४०]. स्थलगत अध्ययनबाट पाएको जानकारीको आधारमा ।

[४१]. खानापछि केटी पक्षबाट हुमवारेप्मा रीत राख्न अनिवार्य हुन्छ जसको अर्थ हुन्छ खाना खाएपछि पसिना सेलाउने ।

बुढापाकाहरु घरभित्र गएर परम्पराअनुसार चलिआएको र केटीपक्षबाट माग भएअनुसारको रीतहरु बुझाउने व्यवस्था गर्न थाल्दछन् ।

रीतका बुझाउने क्रममा केटा पक्ष एकातिर र केटी पक्ष अर्कातिर बसेर रीतका सामानहरु अगेनाभन्दा तलतिर राखिन्छ । यसपछि परम्परागत प्रक्रियाअनुसार दुवै पक्षबीच संवाद सुरु हुन्छ । यस बेला गरिने संवादका केही अंशहरु[४२] :

दुलहीपक्षका बुढापाका : (कलियाहरुतर्फ सङ्केत गर्दै) ए, तपाईंहरुले आज को को मानिसहरु किन हाम्रो घरमा ल्याउनुभएको हो ?

दुलहीपक्षको कलिया : हे पुर्खाहरु हो ! हाम्री छोरीचेली (बेहुलाको नाम, जाति, पाछा र साम्मे भन्दै) घरमा कुटुम्बहरुले कुनै ऋणपानको लागि पनि होइन, खेतालागोठालाको लागि पनि होइन, झैंझगडाको लागि पनि होइन, मायाममतामा नाता जोड्न लाग्नुभएकोले तपाईंहरुको शिर उभ्याउनी स्वरुप विभिन्न सामानहरु लिएर आउनुभएको रहेछ । अरु मायाममताको कुराहरु त कुटुम्बहरु नै जान्नेबुझ्ने बुद्धिजिवी हुनुहुन्छ, वहाँहरुलाई नै सोध्नुहोस् है ।

दुलहीपक्षको बुढापाका : (बेहुलापक्षकाहरुलाई सङ्केत गर्दै) ए... तपाईंहरु त कुटुम्ब पो हुनुहुँदो रहेछ नि ! अनि केका लागि आउनुभयो त ?

दुलहापक्षको कलिया : हजुर ! तपाईंहरुको फूलबारीमा सुन्दर फूल फुलेछ । हाम्रो मन त्यसैमा अल्झियो । हामी त तपाईंहरुको फूलबारीमा फुलेको फूलको मायाले एउटा फूल माग्न पाइन्छ कि भनेर आएका छौं, हजुर ।

दुलहीपक्ष : ए... त्यसो भए कुटुम्बहरु हो, अनि अनुहार मात्रै देखाउन आउनुभयो कि केही प्रमाणहरु पनि ल्याउनुभाको छ त ?

दुलहापक्ष : हजुर ! हामी त हाम्रो सबै साछी-प्रमाणहरु लिएर आएका छौं हजुर । यहाँ देखाउन ल्याएका छौं, कुन बेला देखाऊँ भनेर पर्खिरहेका छौं है हजुर ।

---

[४२]. स्थलगत अध्ययनको आधारमा ।

दुलहीपक्ष : हे कुटुम्बहरु हो ! साँच्चै ल्याउनुभएको छ भने लौ देखाउनुहोस्, हेरौं न त (यसैबेला केटापक्षबाट लगिएको सामानहरु लैतहुँ:बाट झिकेर अगेनाछेउमा राख्नुपर्दछ) ।

वैवाहिक कार्य सम्पन्न गर्न दुलहा पक्षबाट दुलही पक्षकहाँ रीत बुझाउन जाँदा लानुपर्ने रीतका सामानहरु पहिलापहिला आजको भन्दा बढी हुन्थ्यो भनिन्छ । यस्ता सामानहरु निम्न प्रकार छन्[४३] :

१. लामतुप्मा (जन्तीलाई गरिने स्वागत) दुई चिण्डो रक्सी, एउटा हारती र छत्तिसा (एक टपरा सुँगुरको भुटेको मासु) । यो केटा र केटी दुवैतर्फबाट ल्याउनुपर्दछ ।

२. गाछी (बाबुआमा) को घरलाई दुई फिला सुँगुरको मासु, दुई चिण्डो रक्सी ।

३. मायारीत आमालाई दुई चिण्डो रक्सी र पाँच रुपैयाँ ।

४. धिवाँ:तो (केटीको बडाबाबु)लाई दुई फिला सुँगुरको मासु र दुई चिण्डो रक्सी ।

५. कलिया (मध्यस्थकर्ता)लाई दुई फिला सुँगुरको मासु र दुई चिण्डो रक्सी ।

६. मुमा (बोजु)लाई एक चिण्डो रक्सी र एक रुपैयाँ ।

७. लाप्चीको हाइमाकी (साइनो फेराउने) एक चिण्डो रक्सी र चाँदीको एक रुपैयाँको सिक्का ।

८. सारते (पहिले कुरा मिलाउने)लाई एक चिण्डो रक्सी र एक पेरेङ्गो सुँगुरको मासु ।

९. वाँतो (अन्य दाजुभाइ)लाई एक फिला सुँगुरको मासु, दुई चिण्डो रक्सी, एक घ्याम्पा भातीजाँड र पहिलापहिला सात रुपैयाँ थियो र केही पछि चौध रुपैयाँ भयो भने हाल यति नै भन्ने छैन अर्थात् माग भएअनुसारको रकम ।

१०. खचुलुप्पा (माइति)लाई एक चिण्डो रक्सी र एक रुपैयाँ ।

[४३]. स्थलगत अध्ययनमा बुढापाकाहरुबाट पाएको जानकारीको आधारमा ।

११. साइमुन्द्रोका निम्ति एक चिण्डो रक्सी लेशनरुपे (थैलीमा ल्वाङ, सुपारी, सिंदुर, पोते, केही पैसा) ।

१२. मसुवा (अगेना देखाउने) दुई चिण्डो रक्सी ।

१३. टिकम, सिकम (राई तालुक र कुवी)लाई दुईदुई चिण्डो रक्सी ।

१४. सम्धी ढोगाउनी याफेमा (चाँदीको एक मोहर) ।

१५. वचन/वाग्दाता माग्न दुई चिण्डो रक्सी र २२ थान तामा, पित्तलका भाँडाहरु र एउटा तामाको पैसा ।

१६. दुधौली मावलीलाई भने उनीहरुको तर्फबाट माग भएअनुसारको सामानहरु लानुपर्ने अर्थात् ढाडे पनि हुन सक्छ । हाल कतैकतै त राँगा पनि खाने चलन आएको पाइन्छ ।

१७. दिमौली (केटीको आमाको दिदी भए) उनीहरुलाई चिनाउन केटी पक्षबाट दुई चिण्डो रक्सी र भएमा एक फिला मासु पनि राख्ने चलन थियो । यसरी केटापक्षलाई राखेर दिमौली चिनाउने काम गर्नुपर्दछ । यसरी रक्सी राखेपछि केटापक्षबाट रक्सीको कठुमाथि केही पैसा राख्नुपर्छ अनि सबैलाई प्रसादको रुपमा बाँडेर खुवाइन्छ ।

१८. छिमौली (केटीको आमाको बहिनी भए) उनको तर्फबाट पनि केटी पक्षबाट दुई चिण्डो रक्सी र सुँगुरको एउटा फिला नै राख्ने चलन पनि छ तर यो अनिवार्य भने होइन । यी सामानहरु केटापक्षलाई राखिदिएपछि केटापक्षबाट पनि केही पैसा राखिन्छ र त्यसलाई पनि बाँडेर खाइन्छ ।

१९. लैतोहुँ (थुन्से) र छाकली (डोको) भरियाले बोकेकै हुनुपर्दछ र डोको ससुरालीमा नै छाडिन्छ भने लैतहुँ फिर्ता लाने गर्दछ ।

रीतका सामानहरु केटा र केटी पक्षका कलियाहरुका साथमा मावली र धिवाँतोमार्फत् गाछीघरलाई बुझाउने, बुझ्ने कार्य सकिएपछि केटापक्षबाट लगिएको केही खुद्रा पैसा पितृ, पूर्वे, लेलेछी, जङ्गली, सिद्धबाजे, थानीहरु भए सोहीअनुसार सबैलाई जोडीजोडी पारेर निभाराको पातमा पोको पोक्याइ कुवीले चढाउने गर्दछ । यसपछि बाँकी

रहेको खुद्रा पैसाहरु प्रत्येक वाँःतोहरुलाई विवाहको कार्य सकिएपछि एकएकवटा बाँड्नुपर्छ जसलाई 'वाँःतोछरी वुलु' भनिन्छ । यसको अर्थ आगामी दशैंमा यी दुलहा-दुलही टीका थाप्न आउँछन् भन्ने हो । पहिलापहिलाको परम्पराअनुसार कम्तीमा ३० चिण्डो रक्सी र २२ थानी भाँडाकुँडा र सुँगुरको फिला कम्तीमा ८ वटा अनिवार्य ल्याउनुपर्थ्यो तर हाल आएर पुराना रीतिका सामानहरु क्रमशः घटाउँदै लगिएको पाइन्छ ।

केटा पक्षबाट केटी पक्षलाई मागअनुसार विभिन्न रीतिका सामानहरुमा रक्सी, पैसा, सुँगुरको मासुहरु लगिनुको अर्थ पुर्खाले बसालेको रीतलाई कायम राख्दै कुटुम्बहरुको सम्मानलाई ध्यान पुर्‍याएर संस्कारहरु जीवन्त राख्नु हो । यदि पुराना संस्कारहरु अनावश्यक ठानी छाड्दै जाने हो भने आफ्नो जातीय पहिचानको गौरवहरु नै समाप्त भएर जाने छ ।

यो समाजमा वैवाहिक कार्यमा पहिले-पहिले चिण्डो प्रयोग गरिँदै आएकोमा अहिले कठुवा चलाउन थालेको पाइन्छ । यसलाई कतिपयले समाजसुधारको प्रक्रिया पनि भनेका छन् । यसर्थ हाल प्रचलित रहेका रीतिका सामानहरु निम्नप्रकार रहेको देखिन्छ[४४] (चित्रफलक नं. ४९) :

१. लामतुप्मा दुई कठुवा रक्सी, एउटा हारती र छत्तिसा दुवैतर्फबाट ल्याउनुपर्दछ ।

२. लाप्ची खँ छिकुलाम अर्थात् गाछीघरमा दुई कठुवा रक्सी र बुँवासा (दुई फिला सुँगुरको मासु) ।

३. धिवाँःतोलाई एक कठुवा रक्सी र बुँवासा (एक फिला सुँगुरको मासु) अथवा दुई कठुवा रक्सी ।

४. कलियालाई एक कठुवा रक्सी र बुँवासा (एक फिला सुँगुरको मासु) ।

५. लाप्चीको हाइकमी (साइनो फेराउने) एक कठुवा रक्सी र एक रुपैयाँ ।

६. सारतेलाई एक कठुवा रक्सी र बुँवासा (एक पेरेङ्गो सुँगुरको मासु) अथवा दुई कठुवा रक्सी ।

७. मुमा भए उनलाई एक कठुवा रक्सी र एक रुपैयाँ ।

---

[४४]. स्थलगत अध्ययनमा आधारित विवाहका रीतका सामानहरु ।

८. वाँःतोलाई एक कठुवा रक्सी, एक घ्याम्पा भाती जाँड, बुँवासा (एक फिला सुँगुरको मासु) र चौध रुपैयाँ अथवा मागेअनुसार केही खुद्रा पैसा । मगाएकोले नपुगेमा गाछीघरले नै व्यहोर्ने गरिन्छ ।

९. खचुलुप्पालाई एक कठुवा रक्सी र एक रुपैयाँ ।

१०. साइमुन्द्रोलाई एक कठुवा रक्सी र लेशन रुपे (रुमालमा सिंदुर, पोते, सुपारी, ल्वाङ, सुकुमेल, केही पैसा विवाहको चिनो) थैलीमा राखिएको हुनुपर्दछ ।

११. मसुवा (अगेना देखाउने) दुई कठुवा रक्सी ।

१२. सिकम एक कठुवा रक्सी र एक रुपैयाँ ।

१३. सम्धी ढोगाउनी याफेमा (चाँदीको एक मोहर पैसा) ।

१४. माया रीत (आमा)लाई एक कठुवा रक्सी र एक सय रुपैयाँ ।

१५ . वचन बाग्दाता माग्ने दुई कठुवा रक्सी, एउटा काँसे बटुका र तामाको पैसा ।

१६. लैतोहुँ (थुन्से) र छाकली (डोको) भरियाले बोकेकै हुनुपर्दछ र डोको ससुरालीमै छाडिन्छ भने लैतहुँ फिर्ता लाने गर्दछ ।

१७. दुधौली मावलीलाई भने उनीहरुको तर्फबाट माग भएअनुसार नै लानुपर्दछ । ढाडे पनि हुन सक्छ ।

१८. दिमौली केटीको आमाको दिदी भए उनीहरुलाई चिनाउन केटी पक्षबाटै दुई कठुवा रक्सी र भएमा एक फिला मासु पनि राख्ने चलन छ । केटापक्षलाई राखेर दिमौली चिनाउने काम गर्नुपर्दछ । यसरी रक्सी राखेपछि केटापक्षबाट केही पैसा राखेर ती रक्सी सबैलाई प्रसादको रुपमा बाँड्नुपर्दछ ।

१९. छिमौली केटीको आमाको बहिनी भए उनको तर्फबाट पनि केटी पक्षबाट दुई कठुवा रक्सी र एक फिला नै राख्ने चलन छ तर यो अनिवार्य भने होइन । यी सामानहरु केटापक्षकालाई राखेर फेरि केही पैसा राखेपछि त्यसलाई पनि प्रसादकै रुपमा बाँडेर खाइन्छ । यसपछि माथि उल्लेख गरिएअनुसार कुटुम्बबाट ल्याइएको खुजुरा पैसाहरु विभिन्न स्थानमा चढाउने र वाँतोछरी बाँड्ने कार्य

हुन्छ । केही समययता आएर पाथेका क्षेत्रमा परम्परागत चलनहरुमा मासु अर्थात् सुँगुरको फिलाको चलन हटाइएको पाइन्छ । यसले रीत बुझाउन र बुझ्नमा केही सजिलो महसुस भए पनि आफ्नो परम्परागत रीतिहरु लोप हुने क्रम सुरु भएको देखिन्छ । पहिलापहिला यस्ता कठुवाको स्थानमा चौंठो (कठुवाभन्दा केही फरक र केही ठूलो) प्रयोग गर्ने गरिएकोमा आजभोलि यो लोपोन्मुख अवस्थामा पुगेको छ (चित्रफलक नं. ५०) । एकातिर पहिले प्रसस्तै पाइने चिण्डो पाइन छाड्दैछ भने अर्कोतिर विभिन्न आधुनिक सामानहरुको उत्पादनले पुराना सामानहरु विस्थापित पनि हुँदै गएका छन् । कतिपय कठुवा पनि नपाइने स्थानहरुमा आधुनिक बोत्तलहरु प्रयोग गर्न थालेको पाइन्छ । यो वर्तमान विकासको नयाँ प्रभाव हो तर यसले आफ्नोपन भने मेटिन जाने खतरा पनि देखिँदैछ ।

विवाहका रीतबारे संवाद निरन्तर चलिरहन्छ यसका केही अंशहरु :

दुलहीपक्ष : हे कुटुम्बहरु हो ! यति धेरै सामानहरु देख्दा त हामीलाई डर पनि लाग्यो । किन यति धेरै ल्याउनुभएको हो ?

दुलहापक्ष : ए हजुर ! यो धेरै होइन, यी सबैको आ-आफ्नै नाम छन्, हामी बताउँछौं हजुर । (यसो भन्दै सामानहरु राख्नुपर्दछ ।)

दुलहीपक्ष : हे कुटुम्बहरु हो ! (तामाको भाँडा देखाउँदै) यो भाँडा ऋणका लागि राख्नुभयो कि सापटीका लागि राख्नुभयो त ?

दुलहापक्ष : हजुर ! यो ऋण पनि होइन, सैसापटी पनि होइन, खचुलुप्पाको खाने भाँडा (सोध भाँडा), नामको लागि हजुर । (यति भनेपछि ती तामाको भाँडालाई बेहुलीपक्षको कलियाले अगेनामाथि राख्दछ ।)

दुलहीपक्ष : कुटुम्बहरु साह्रै बुद्धिमानी, होसिलो हुनुहुँदोरहेछ । यति धेरै रक्सी, मासु, रुपैयाँ लिएर आउनुभयो तर पछिका दिनहरुमा तपाईंहरुको फूलबारीबाट हामीले तपाईंका छोरीचेली हाम्रा छोरा, भाइभतिजाहरुका लागि बुहारी ल्याउनुपर्‍यो भने हामी त यति धेरै दिन सक्दैनौं, त्यसबेला तपाईंहरुले पनि यस्तै धेरै माग्नुभयो भने के गर्ने हजुर ?

दुलहापक्ष : हजुर ! हाम्रो फूलबारीबाट हजुरहरुको छोरा, भाइभतिजाहरुले बुहारी लगेमा हामीले यसलाई कुनै ऋणपान सरसापटीजस्तो लिने छैनौं हजुर । यो त हजुरहरुसँग देखा पर्नका लागि सामान्य हातको कोसेली ल्याएको मात्र हो ।

दुलहीपक्ष : त्यसो भए त तपाईं-हाम्रो मन मिल्ने रहेछ, लौ धन्यवाद । यतिका सामानहरु देखाइसक्नुभयो तर हाम्री छोरीचेली त देखाउनुभएन नि ?

दुलहापक्ष : हजुर ! तपाईंहरुकी छोरीचेली पनि साथैमा ल्याएका छौं, कुनबेला सोध्नुहुन्छ भनेर पर्खेको मात्र हो, (यति भनेर दुलहा-दुलहीलाई घरभित्र प्रवेश गराइन्छ । अगेनाको माथिल्लोपट्टि गुन्द्रीमा राडी ओछ्याए दुलहा दायाँ र दुलही बायाँ पारेर उनीहरुको एकएकजना साथी (लोकन्दा-लोकन्दी)सँग बसाइन्छ अनि सबैलाई सगुन स्वरुप रक्सी बाँडिन्छ ।

दुलहीपक्ष : ल कुटुम्ब हो ! धेरै खाने, पिउने पनि ल्याइदिनुभयो, हाम्री छोरीचेली र हाम्रा ज्वाइँ पनि देखाउनुभयो, अब हामी ढुक्क भयौं । अब निन्द्रा पनि लाग्यो, तपाईंहरु पनि गलेर आउनुभएको छ अब सुतौं है !

दुलहापक्ष : ए हजुर ! बिन्ती छ, हामीलाई त निन्द्रा लागेको छैन, गलेको, थाकेको पनि छैनौं । हामीले त तपाईंहरुबाट पाउने कुरै सकिएको छैन, हजुर ।

दुलहीपक्ष : होइन के पाउनुभएन त ? के दिनुपर्‍यो त हामीले ?

दुलहापक्ष : हजुर ! यहाँ सबै जान्नेबुझ्ने हजुरहरु नै हुनुहुन्छ । हामीले त कसैलाई चिनेजानेका पनि छैनौं, यसैले सबैसँग चिनजान गर्न पाए हुने थियो हजुर !

दुलहीपक्ष : ए कलियाहरु हो ! कुटुम्बहरु त यसरी पो चित्त नबुझाउनुभएको रहेछ । ल अब बेहुलापक्षको साथीहरुसँग पैसा मागेर यसो हाम्रो कुलपितृलाई भेटी सार्नुहोस् र आफन्त सबैलाई भेट चिनजान गराउनुहोस् । (यति भनेपछि सबै आफन्तहरुलाई साइनोअनुसार चिनाउँदै एक मोहर पैसाले छुवाउँदै पहिला दुलही अनि दुलहालाई ढोग्न लगाइन्छ ।) लौ कुटुम्बहरु हो, अब त चित्त बुझ्यो होला, काम पनि सकियो अब सुतौं है त ।

दुलहापक्ष : होइन हजुर ! हाम्रो काम त सकिएको छैन । हामी त अझै पनि चिन्तामा छौं, हजुर !

दुलहीपक्ष : होइन अझै के को चिन्तामा हुनुहुन्छ त कुटुम्बहरु हो !

दुलहापक्ष : होइन हजुर ! हामी त मामामावली, फुपू-फुपाजुहरुसँग पनि चिनजान गर्न चाहन्छौं हजुर ।

दुलहीपक्ष : ल हुन्छ, मामामावली, फुपू-फुपाजुहरु तयार हुनुहोस् है ! कुटुम्बहरुले मावली, फुपौलीहरु चिन्ने ढोगभेट गर्न गर्न चाहानुभएको रहेछ (यसपछि मावली र फुपौलीले जोडी कठुवामा रक्सी बेहुलापक्षको पाहुनाहरुलाई राखिदिनुपर्छ । रक्सीको कठुवामाथि केही रुपैयाँ बेहुलापक्षले राखिदिनुपर्दछ र दुलहा-दुलहीले उनीहरुलाई ढोग्नुपर्दछ । त्यहाँ राखिएको पैसा मावली र फुपौलीको हुन्छ भने रक्सी चाहिँ दुलहा पक्षको हुन्छ) अब सबै मावली, फुपौलीहरु पनि चिनाजाना गरायौं, कुराकानी पनि सकियो । तपाईंहरुलाई पनि निन्द्रा लाग्यो होला, अब चाहिँ एकछिन सुतौं है !

दुलहापक्ष : होइन हजुर ! हामीलाई निन्द्रा, भोकतिर्खा केही पनि लागेको छैन । हामी त अझै पनि चिन्तित नै छौं हजुर ।

दुलहीपक्ष : होइन कुटुम्बहरु हो, उपियाँले पो टोक्यो कि, उडुसले पो टोक्यो कि, किन निन्द्रा, भोकतिर्खा पनि लागेन त ?

दुलहापक्ष : ए हजुर ! हामी घरबाट हिँड्दा किन कहाँ हिँडेको हो ? भनी पितापुर्खाले सोध्नुभएको थियो, देवीदेउराली, नागनगेनी, खोलानालाले पनि सोधेका थिए र हामीले 'आज हामी कागवर्ण भएर दुलहा-दुलहीको कुरा छिनोफानो गर्न जाँदैछौं, भोलि फर्कंदा सबै कुरो छिनोफानो गरी हाँसवर्ण भएर शिरमाथि रिची फूल, साम्सी फूल लगाएर फर्कनेछौं' भनी आएका छौं । यसैले यो विवाहको कुरा छिनोफानो गरिदिनुहुन्छ कि भनेको हजुर !

दुलहीपक्ष : कुटुम्बहरु हो ! तपाईंहरुमा त धेरै कुराको पो आशा रहेछ त । त्यसो भए हामी पनि एकदुई कुरा माग्छौं । अब तपाईं-हामी बसेर केही बाचा बाँधौं है त ?

दुलहापक्ष : हुन्छ हजुर ! हजुरहरु नै जानिफकार, फर्साइलो, हँसिलो जे जे भन्नुहुन्छ, हामी मान्न तयार छौं हजुर ।

दुलहीपक्ष : कुटुम्बहरु हो ! अहिले त तपाईंहरुकी बुहारी र हाम्री छोरीचेलीको अनुहार, हातखुट्टा, आनीबानी सबै राम्रै छ । शरीरमा रगत, मासु, मासी सबै छ । उनको चालचलन, सिपसाप पनि राम्रो छ । यसैले तपाईंहरुले माया गरिरहनुभएको छ । तर, आउँदा दिनहरुमा यी सबै गुणहरुले छाड्दैजाँदा, उनको शरीरको मासु, रगत अनि मासी पनि सकिँदै जाँदा, तपाईंहरुले पल्लो कुनाबाट सुँवाकुनामा, सुँवाकुनाबाट अगेनामा, अगेनाबाट ढोका, ढोकाबाट आँगनतिर फाल्दै त्यसठाउँको नागनगेनी, सिमेभूमेबाटै फाल्नुभयो भने त्यसबेला तपाईंहरुले के नाम लगाउनुहुन्छ ? सबै दाजुभाइ नातागोतासामु आजै बताइराख्नुहोस् ।

दुलहापक्ष : हे मान्यजनहरु ! भोलिपर्सी, आगामी दिनहरुमा हाम्री बुहारी तपाईंहरुकी छोरीचेली बृद्धा हुँदा, सबै कुराले साथ नदिँदा, उनको शरीरमा मासु-रगत सकिँदा कुनै कतै कुनाबाट, नागनगेनी सिमेभूमेबाट पनि फाल्ने छैनौं हजुर । फालेमा भने हाम्रो नाम घिनलाग्दो कहींकतै काम नलाग्ने काठको चोइटैजस्तो होस् । हामीलाई सुम्निमा-पारुहाङले पनि थुकोस्, नागनगेनी सिमेभूमेले पनि फालोस् ।

दुलहीपक्ष : कुटुम्बहरु हो ! यति धेरै बाचा-बन्धन गर्नुभयो, नागनगेनी, सिमेभूमे पुकार्नुभयो, अब यो कुरा झुटो त हुँदैन होइन ?

दुलहापक्ष : हजुर ! यो कुरा कहिले पनि झुटो हुँदैन । झुटो भयो भने त भोलिका दिनहरुमा गाउँघरमा तपाईं-हामी भेट्दा कसरी मुख देखाउने हजुर ।

दुलहीपक्ष : ल, त्यसो भए कुटुम्बलाई धन्यवाद छ । आज त हाम्री छोरीचेलीलाई फूलकै थुङ्गा देख्नुभएको छ तर भोलिका दिनहरुमा विरामी भएर काम गर्न नसक्ने हुँदा के खाऊँ के लाऊँ पो पार्नुहुन्छ कि ?

दुलहापक्ष : हजुर ! हाम्री बुहारी तपाईंहरुकी छोरीचेलीलाई भोलिका दिनहरुमा विरामी परेर काम गर्न नसकेको अवस्थामा के खाऊँ के लाऊँ भन्ने पार्ने छैनौं । पार्‍यौं भने ईश्वर भगवान्ले हामीलाई सरापोस् ।

दुलहीपक्ष : कुटुम्ब हो ! आज त हाम्री छोरीचेलीलाई तपाईंहरुले साह्रै मनैदेखि मायागर्दै हुनुहुन्छ । आउँदो दिनहरुमा यो झुटो भयो भने के गर्नुहुन्छ त ?

दुलहापक्ष : हजुर, हामी यस्तो झुटो काम गर्ने छैनौं । कहीं कतै यस्तो झुटो हुन गएमा तपाईंहरुकी छोरीचेली आज जस्तो छ, भोलि पनि त्यस्तै फूलजस्तै भइरहून् । उनलाई दिएको यो सम्पूर्ण गरगहना, सरसामानहरुसमेत हजुरहरुकै होस् ।

दुलहीपक्ष : ल त्यसो भए, हे आमाबाबु, मामामावलीहरु, बुढापाका, दाजुभाइ, भाइबहिनी, छोराभतिजाहरु, बडीआमा छेमाहरु हो ! अब हामीले हाम्री छोरीचेलीको रीतभात सबै लियौं, यो सबै रीतभातका समानहरु हामीले मात्र खाएर पिएर त भएन, हाम्रो पितापुर्खा, सुतुलुङलाई पनि देखाउनुपर्छ कि कुटुम्बलाई सोधौं न त । कुटुम्ब हो ! तपाईंहरु धेरै दयालु हुनुहुँदो रहेछ, लौ भन्नुहोस् तपाईंहरु चारीहाइकु कि बुलुहाइकु माग्नुहुन्छ त ?

दुलहापक्ष : हजुर ! चारीहाइकु पनि हाम्रै हो, बुलुहाइकु पनि हाम्रै हो । हाम्रो त देवीदेउराली धारापानी सबै मिल्छ, जे जसो भए पनि तपाईं-हामी एउटै हौं हजुर ।

दुलहीपक्ष : (आफ्नो पक्षको कलियालाई सङ्केत गर्दै) ए कलिया हो ! कुटुम्बहरुले त यो कुरा पो गर्नुभएको रहेछ त, ल हाइखुवा गर्नलाई तयारी गर्नुहोस् । (सुतुलुङछेउमा केराको पात ल्याएर ओछ्याएर अक्षता, अदुवा, एक कठुवा रक्सी, कुटुम्बले ल्याएको तामाको भाँडा, काँसे डबका, कुटुम्बलाई मागेर ती भाँडाहरुमा एउटा-एउटा मोहर पैसा, बलेम्खः निकालेर कुवीलाई जाँडरक्सी सगुन गर्नुहोस् है भनेपछि हाइखुवा पूजाको लागि तयारी गरिन्छ ।)

**(क) हाइखुवा पूजा :** उल्लेखित कार्य भैसकेपछि हाइखुवापूजा (विवाह गरी गएकी छोरीचेलीलाई आफ्ना कुलबाट विधिपूर्वक मुन्धुम वाचन गरी छुटाएर कुटुम्बको कुलतर्फ सार्न गरिने पितृपूजा) गर्न केटीपक्षका कलियाहरुले सबै सामान तयार गर्दछन् । यो पूजाको अर्थ आफ्ना छोरीचेली आजसम्म आफ्नै कुलमा भएको र आजदेखि कुटुम्बको कुलमा सारियो भन्ने हो । यसबेला कुटुम्बहरुबाट ल्याइएका विभिन्न शीर्षकका सबै कठुवाहरुका रक्सी मिसाएर एक कठुवा बनाइन्छ र चुल्होमा खन्याउने रक्सी तयार पार्नुपर्दछ । यो रक्सी तयार गर्ने काम घरकै आमा वा मूल व्यक्तिले गर्नुपर्ने मान्यता रहेको छ । यसका साथै केरा

वा भर्लाको पातमा केही अक्षता, केही अदुवाहरु तयार गरेर दिनुपर्दछ । यसपछि कुवी तथा कुवी नभएमा कुनै जानिफकार व्यक्तिले चुल्होमा हाइखुवापूजा गर्नुपर्दछ ।[४५] यो पूजामा कुलपितृलाई आजदेखि यस घरको छोरीचेली फलाना नाम, जाति, पाछा, साम्मेकोलाई फलानाको छोरा जाति, पाछा, साम्मेको फलानालाई दियौं भनी आफ्ना मृत पितृपुर्खाहरुका आत्मालाई बोलाएर सबै कुराहरु दर्साउने, फर्साउने गर्नुपर्दछ । यसअनुसार ती कुवी वा अगुवा व्यक्तिले पूजा थाल्नुपूर्व उपस्थित सबैको आदेश मागेर सुरु गर्नुपर्दछ । 'ल त सबैजना मान्यजन पुर्खाहरु ! हाम्री छोरीचेलीको तर्फबाट कुटुम्बहरुले ल्याउनुभएको कोसेली पानफूल सबैको सामुन्ने हाम्रा कुलपितृमा देखाउँछु' भन्दै विधिपूर्वक आफ्नै भाषामा मुन्धुम वाचन गरी हाइखुवा पूजा गर्नुपर्दछ (चित्रफलक नं. ५१) । हाइखुवापूजा गर्नुको अर्थ आफ्नो परम्परागत मान्यतामा आधारित भएर धार्मिक विश्वासअनुसार आफ्नी छोरीचेलीलाई

---

[४५]. वास्पानी-४का कुवी **राजकुमार राई** (हाल स्वर्गीय)सँगको अन्तर्वार्तामा आधारित) हाइखुवा पूजा गर्दाको मुन्धुम, **"हमो ...रुमालुङ, थुमालुङ, बुलुङ, खमावालुङ, खप्चीलुङ, मिचीलुङ, मियालुङ, नागा ह्यालपा रियाहँःचेउ । सकुदिपावाचेउ, फुपावाचेउ, हँःछापोका हकुङ्बुङ्पी, पँःलेपोका रिब्दँःलपी, चासुम्पोका नेवालापी, बुलुपोका चलाखु थालाखम् नाम्तँःबुङ्पी, तायापोका जुम्लेखा वतुप्खा तँःतुप्खापी, कुवीपोका हँःहँःम्लायी फुलुकु साखेल्खुपी, सुबिपोका भखिल् खदिमापी, सँःमापोका रिराम्दुङ्पी, रुँःरीपोका निनाम्बुङ् धिरितिपी, खामवा लिसु दिबुरसुङ् लोदुरमवा यासुम्पोमा लुदुरमापी, चाप्चापोका वालिखा रहँःला रोसुङ्लापी, बेर्पापोका वालीखा धाम्रँःपी, यासापोका वालिखा दिबुखा रहँःलापी, दिबुपोका वालिखा धम्रँःसीसाम्पी, छबँःमापोका बखँःतःपी, पहमापोका चेरेखा चेतलापी । यँः खँःमेकामुङ, यँः गिमी गिनी लँः, इसेखा बिराखापी** (दुलहीको नाम, थर, पाछा, सामे) **पाछाचीवा नपी न ये छेकुछा बाराछालाई उम्चु रुँःरीखिम् चिखिम् खिम्पी ख्याप्मासुङ् मसुवापी नाम्मे लोकु खायुचीहँः इसे खँःमेसी तातुचिक तुई । नपी न खामवा खाप्चीवासँः चिबेकामुङ, साप्सवा दिबुवासँः चिबेकामुङ, खा दुङ्वासँः चिबेकामुङ, चासुम् बुलुवासँः चिबेकामुङ् । फुपापाचेउ ! नपी न तँःमासँः, खेमासँः, लसाईसँः, खँःमिहँनिनीक तुई खाङाधत्तानुम्ओ । अथेपा खचुलुप्पा नारिथवा नागीलुङ् नागा ह्यालपा तँःमासँः खेमासँः उम्छेकुछा बाराछामी बुलु हाइखुवा, चारीहाइखुवा, ख्याप्मा हाइखुवा मुतातुकपी नपी न बुलु हाइखुवा मुम्धातुम्काहँः उम्लसाई खँःमेहःनिनीक के । सकुदिपा फुपापाचेउ, छुरिमी कँःसुमीचेउ, चुलाई लोनिन चुपाई लोनिन कँःछुल छाप्छुल मानुम्न । रुँःरी प्यानुम् साखा प्यानुम्ओ ।"** (हे कुलपितृमा बसेको पितापुर्खाहरु हो ! आज यस घरमा को को किन भेला भएका छन् ? हामीलाई के देखाउँदै छन् ? के भन्दै छन् भन्नुहोला, आज यहाँ (बेहुलाको ठेगानासहित नाम, थर, पाछा, सामे भन्दै) ले हाम्री छोरीचेलीलाई उहाँहरुको घरको कुलपितृमा बुहारी मानेर भित्र्याई आज हामीलाई देखाउन ल्याउनुभएको रहेछ । उहाँहरुले हामीलाई विभिन्न कोसेलीहरु जाँड, रक्सी, पैसा, अन्न, मासुसमेत ल्याइदिनुभएको रहेछ । कुटुम्बहरुले मीठो बोली बचनमा दर्साई सोध भाँडा राखिदिनुभयो । यसलाई तपाईंहरुसमक्ष म अन्जान मूर्खले देखाउँदै छु । पितापुर्खा हो ! तपाईंहरुले हेरिदिनुहोस्, सुनिदिनुहोस् । तायादिनमा खचुलुप्पाले आफ्ना चेलीहरुको विवाहमा बुलु हाइखुवा, चारीहाइखुवा गरेका थिए । त्यही समयदेखि हामीले पनि यो हाइखुवा गर्ने रीति गरिल्याएको हुनाले आज हामीले पनि बुलु हाइखुवा, चारीहाइखुवा गरेर चिनो तपाईंहरुलाई देखाउँदै छौं । पितापुर्खाहरुले मन नदुःखाईदिनुहोस्, रिस नगरीदिनुहोस् । हाम्रा छोरी-ज्वाइँलाई लामो आयु दिनू, आशिर्वाद दिनुहोस्) । विधिपूर्वक हाइखुवा पूजा गरिँदै ।

कुटुम्बको कुलतर्फ विदाइ गर्नु हो । यो कार्य नगरेसम्म आफ्नो कुलबाट छोरीचेली विधिवत् विदाइ भएको मानिँदैन । (पूजापछि माथिकै संवाद निरन्तर रहन्छ) ।

दुलहीपक्ष : ल त कुटुम्बहरु हो ! बुलुहाइखुवा, चारीहाइखुवा पनि गरिसकियो, तपाईंहरु पनि थाक्नुभयो, निन्द्रा लाग्यो होला, अब त एकछिन भए पनि सुतौं है ?

दुलहापक्ष : होइन हजुर ! हामी त थाकेका छैनौं, निन्द्राएका पनि छैनौं, अझै चिन्तामै पो छौं, अझै केही त बाँकी नै छ, हजुर ।

दुलहीपक्ष : होइन, हाम्री छोरीचेली पनि तपाईंहरुसँगै छिन्, तपाईंहरुले ल्याउनुभएको सोधभाँडा, जाँडरक्सी सवै पितापुर्खालाई पनि देखाइसक्यौं, अब केमा चिन्ता छ त हजुर ?

दुलहापक्ष : हजुर, हामी त घरबाट हिँड्दा पितापुर्खालाई हजुरहरुको छोरीचेलीलाई बुहारी बनाएर ल्याउँछौं, देवीदेउराली, सिमेभूमेलाई, गाउँघर घुम्नेहरुले सोध्दा पनि, मान्यजनहरुले सोध्दा पनि बोली वचनले बुहारी मागेर ल्याउँछौं भनेका छौं । हामी त तपाईंहरुलाई हाम्रो भगवान् जस्तै लागिरहेको छ । अब कसो गरौं त हजुर ?

दुलहीपक्ष : होइन, कुटुम्बहरु हो ! तपाईंहरुको जाँड, रक्सी, सोधभाँडा आदि सवै कुराहरु ल्याइदिनुभयो । अघि त तपाईंहरुलाई सोध्दा सापटी पनि होइन, ऋण पनि होइन भन्नुभयो र हामीले त खाइसक्यौं । हामीलाई त फन्दामा पो पार्नुभयो त !

दुलहापक्ष : होइन हजुर, त्यो त हजुरहरुसँग कसरी कुरा राखौं, कसरी कुरा खोलौं भनेर यसो सगुनको रुपमा ल्याएका हौं हजुर ।

दुलहीपक्ष : (आफ्ना सवैपक्षलाई सङ्केत गर्दै) ल है, आमाबाबु, मामामावली, दाजुभाइ, नरनाता हो ! हामीले त अघि जानिएन रहेछ, खानेपिउने सबै खाइसक्यौं, कुटुम्बहरुले त छेकारो मारिसक्नु पो भएछ । अब कसो गरौं त हँ ? सबै खाने-पिउने खाइसकेपछि कुटुम्बहरुको मन दुःखाउनु त भएन, वहाँहरुको मन खुसी पारौं है त । कुटुम्बहरु हो ! साह्रै नै माया गर्नुभयो, हामीलाई पनि दया पलायो, अब वचन/बाग्दाता बोल्ने काम गरौं है त ?

दुलहापक्ष : धन्यवाद हजुर, मान्यजनहरुले हामीलाई यही कुरा गरिदिनुहुन्छ कि गरिदिनुहुन्न भन्ने सपनाविपना चिन्ता भैरहेको थियो हजुर ।

दुलहीपक्ष : (बेहुलीको मामाहरुलाई सङ्केत गर्दै) ए मावलीहरु हो ! अब यहाँ तपाईंहरुले हाम्रा छोरीचेली, ज्वाइँचेलाको नाममा वचन/वाग्दाता बोलिदिनुपर्‍यो, तयार हुनुहोस् है ! (यति भएपछि दुलहा पक्ष र दुलहीपक्ष वचन/वाग्दाता दिन र लिनका लागि तयारी सुरु गरिन्छ) ।

**(ख) वाग्दान/वाग्दाता दिने** : यो कार्य पनि दुबै पक्षबीचको संवादकै माध्यमबाट निम्न प्रकारले सम्पन्न गरिन्छ[४६] :

दुलहीपक्षका मामा तथा बुढापाकाहरु : कुटुम्बहरु हो ! हाम्रो कुलपितृ, चुल्होबाट ढोका, दलान, आँगन हुँदै यहाँको साखेवाबाट हाम्रो ज्वाइँ (नाम, जाति, पाछा, सामेको)को कुलपितृ, चुल्होमा हाम्री भान्जी (नाम, जाति, पाछा, सामे)लाई आजदेखि एक दियौं ।

दुलहापक्षका बुढापाकाहरु : धन्यवाद ! तपाईंहरुकी भान्जी (नाम, जाति, पाछा, सामे)लाई तपाईंहरुको कुलपितृ, चुल्होबाट हाम्रो कुलपितृ चुल्होमा हाम्रा भाइ/भतिजा (नाम, जाति, पाछा, सामे)मा आजदेखि एक पायौं ।

दुलहीपक्ष : कुटुम्बहरु हो ! आकाशको तेत्तीसकोटी देवीदेवताहरुलाई साक्षी राखेर, पातालको सिमेभूमे नागनगेनीहरुलाई साक्षी राखेर, हाम्रो ज्वाइँ (नाम, जाति, पाछा, सामे)लाई हाम्री भान्जी (नाम, जाति, पाछा, सामे)लाई आजदेखि दुई दियौं ।

दुलहापक्षः धन्यवाद ! सबै देवीदेवताहरुलाई साक्षी राख्दै, सिमेभूमे, नागनगेनीहरुलाई साक्षी राख्दै, तपाईंहरुको भान्जी (नाम, जाति, पाछा, सामे)लाई हाम्रा भाइ/भतिजा (नाम, जाति, पाछा, सामे)मा आजदेखि दुई पायौं ।

दुलहीपक्ष : कुटुम्बहरु हो ! यी कुलपितृ, देवीदेवता, सिमेभूमे, नागनगेनी सबैलाई साक्षी राखेर, हाम्रो ज्वाइँ (नाम, जाति, पाछा, सामे)लाई हाम्री भान्जी (नाम, जाति, पाछा, सामे)लाई आजदेखि एक दियौं, दुई दियौं, तीन दियौं, दियौं, तर कुटुम्बहरु हो ! मासु दियौं, हाड चाहिं हामीसँगै छ है ।

---

[४६]. स्थलगत अध्ययनको आधारमा ।

दुलहापक्ष : धन्यवाद हजुर ! सबै देवीदेवता, सिमेभूमे, नागनगेनीहरुलाई साक्षी राख्दै तपाईंहरुको भान्जी (नाम, जाति, पाछ्रा, सामे)लाई हाम्रा भाइ/भतिजा (नाम, जाति, पाछ्रा, सामे)मा आजदेखि एक पायौं, दुई पायौं, तीन पायौं, पायौं तर मासु पायौं, हाड पाएका छैनौं ।

केटापक्ष र केटी पक्षबीच वाग्दान दिने-लिने गर्दा केटी पक्षबाट मासु दियौं तर हाड हामीसँगै छ भन्नु र केटा पक्षबाट पनि मासु पायौं हाड पाएका छैनौं भन्नुको कारण ती विवाहित केटा र केटीबीच पछि कुनै कारणले घरबार हुन वा गरिखान नसक्ने भएमा उनीहरुलाई छुटाएर माइति पक्षले छोरीचेली फिर्ता लिन सक्ने सर्त राखेको देखिन्छ । (यति कार्य सकिएपछि पुनः सगुन बाँडेपछि अगाडिको संवाद जारी रहन्छ ।)

दुलहीपक्षका बुढापाका : कुटुम्बहरु हो ! हाम्री छोरीचेली पनि सुम्पिसक्यौं, काम पनि सकियो, तपाईंहरुको मनमा घाम पनि लाग्यो होला, अब त छुटौं कि कसो त ?

दुलहापक्ष : हजुर ! अलिअलि खुसी भए पनि, तपाईंहरुकी छोरीचेली पाए पनि अलिकति त चिन्ता अझै छ हजुर !

दुलहीपक्ष : होइन, कुटुम्बहरु हो ! हामीले जाने जति, बुझे जति, तपाईंहरुले भनेको जति सबै दिइसक्यौं, भनिसक्यौं त । अब के कुरामा चित्त बुझेको छैन त ?

दुलहापक्ष : हजुर, भोलिपर्सी, आउँदा दिनहरुमा दुलहा-दुलहीको नाममा अशुभ केही नहोस् भनेर केही खबरदारी गर्नका लागि उनीहरुको नाममा हातहतियार पो जगाइराखौं कि भनेको हजुर !

दुलहीपक्ष : ए... कुटुम्बहरुले त खुँडा जगाउने कुरा पो गर्नुभएको रहेछ । ल है (आफ्नो पक्षको कलियालाई सङ्केत गर्दै) खुँडा जगाउन तयार हुनुहोस् है ।

**(ग) खुँडा जगाउने** : वचन बाग्दाता दिने कार्य सकिएपछि खुँडा जगाउने काम हुन्छ । यो विशेषगरी दुलहा-दुलहीबीचमा कुनै प्रकारको मनमुटाव वा एकले अर्कालाई विश्वासघात गर्ने वा धोका दिने काम नहोस् भन्नाका लागि दुलहा र दुलहीपक्षबीचमा एक

प्रकारले बाचा बाँध्न खुँडा जगाउने काम गर्दछन् । जो निम्न प्रकारको संवादबाट सम्पन्न गरिन्छ :

दुलहीपक्ष : लौ त । त्यसो हो भने हातहतियार जगाउने काम गरौं है त ? ल, तपाईंहरुको छोरा, भाइ/भतिजा हाम्रो ज्वाइँ (बेहुलाको नाम)ले मेरी श्रीमती, मेरी सासु ससुरा, जेठान, साला नै हो भन्दाभन्दै, हाम्री भान्जी, छोरीचेली, तपाईंहरुको बुहारी (बेहुलीको नाम)ले बाटोमुनि बाटोमाथि गरिन् भने हाम्रो ज्वाइँको सोह्रखानीको धाउबाट बनेको पाँच धार्नीको खुँडा एक जाग्यो ।

दुलहापक्ष : धन्यवाद हजुर ! हाम्री बुहारी, तपाईंहरुकी भान्जी, छोरीचेली (दुलहीकी नाम)ले मेरो सासू, ससुरा, आमाजू, नन्द, जेठाजु, देवर, घरपरिवार मेरै हो भनी घर थाम्दाथाम्दै, काम गर्दागर्दै हाम्रो छोरा भाइभतिजा, तपाईंहरुको ज्वाइँ (दुलहाको नाम)ले बाटो बिरायो भने हाम्री बुहारी तपाईंहरुकी भान्जी, छोरीचेली (दुलहीको नाम)को सोह्रखानीको धाउबाट बनेको एक धार्नीको खुर्पा एक जाग्यो ।

दुलहीपक्ष : आजदेखि तपाईंहरुको छोरा, भाइ/भतिजा हाम्रो ज्वाइँ (दुलहाको नाम)ले मेरी श्रीमती, मेरो सासू-ससुरा, जेठान, साला नै हो भन्दाभन्दै, हाम्री भान्जी, छोरीचेली, तपाईंहरुको बुहारी (दुलहीको नाम)ले बाटो बिराएर अरु नै श्रीमान् चिन्न, सासू-ससुरा चिन्न थाल्यो भने हाम्रो ज्वाइँको सोह्रखानीको धाउबाट बनेको पाँच धार्नीको खुँडा दुई जाग्यो ।

दुलहापक्षः धन्यवाद हजुर ! हाम्री बुहारी, तपाईंहरुकी भान्जी, छोरीचेली (दुलहीको नाम)ले मेरो कुलपितृ, सासू-ससुरा, आमाजू, नन्द, जेठाजु, देवर, घरपरिवार मेरै हो भन्दै घर थाम्दाथाम्दै, काम गर्दागर्दै हाम्रो छोरा, भाइभतिजा, तपाईंहरुको ज्वाइँ (दुलहाको नाम)ले बाटोमाथि बाटोमुनि, बाटो हिँड्दो, फूल चुँड्दो गऱ्यो भने हाम्री बुहारी तपाईंहरुकी भान्जी, छोरीचेली (दुलहीको नाम)को सोह्रखानीको धाउबाट बनेको एक धार्नीको खुर्पा दुई जाग्यो ।

दुलहीपक्ष : तपाईंहरुको छोरा, भाइ/भतिजा हाम्रो ज्वाइँ (दुलहाको नाम)ले मेरी श्रीमती, मेरो सासू-ससुरा, जेठान, साला नै हो भन्दाभन्दै हाम्री भान्जी, छोरीचेली, तपाईंहरुको बुहारी (बेहुलीको नाम)ले बाटो बिराएर बाटोमुनि बाटोमाथि गरिन्,

तपाईंहरुलाई भन्दा अरुलाई नै माया गर्न थालिन् भने हाम्रो ज्वाइँ (दुलहाको नाम)को सोह्रखानीको धाउबाट बनेको पाँच धार्नीको खुँडा एक जाग्यो, दुई जाग्यो, तीन जाग्यो, जाग्यो ।

दुलहापक्ष : धन्यवाद हजुर ! हाम्री बुहारी, तपाईंहरुकी भान्जी, छोरीचेली (दुलहीको नाम)ले मेरै कुलपितृ, सासू-ससुरा, आमाजू, नन्द, जेठाजु, देवर मेरै, अन्नपानी, रुपैयाँ पैसा, कुखुरा, सुँगुर, पानीपँधेरा, नागनेनी सबै मेरै हो । घरपरिवार मेरै हो भन्दै घर थाम्दाथाम्दै, काम गर्दागर्दै हाम्रो छोरा, भाइभतिजा, तपाईंहरुको ज्वाइँ (दुलहाको नाम)ले बाटोमाथि बाटोमुनि बाटो बिराएर बाटो हिँड्दो फूल चुँड्दो गरी अरुलाई नै श्रीमती, सासू-ससुरा चिन्न थाल्यो भने हाम्री बुहारी तपाईंहरुको भान्जी, छोरीचेली (दुलहीको नाम)को सोह्रखानीको धाउबाट बनेको एक धार्नीको खुर्पा एक जाग्यो, दुई जाग्यो, तीन जाग्यो जाग्यो ।

यस प्रकारले केटापक्षको खुँडा र केटीपक्षको खुर्पा जगाउनुको अर्थ यी विवाहित जोडीले एकले अर्काप्रति विश्वासघात गरेर दास्रो विवाहतर्फ आकर्षित नहोस् भन्नाका लागि सार्वजनिक रुमा बन्देज लगाएको देखिन्छ । (यसपछि पुनः सगुन रक्सी बाँड्ने काम हुन्छ र अगाडिकै संवाद निरन्तर चालु रहन्छ ।)

दुलहीपक्ष : ल त, कुटुम्बहरु हो ! अब सबै सकियो होइन त ? अब चाहिं छुटौं है !

दुलहापक्ष : ए हजुर, अब एउटा कुरा पनि भए चित्त बुझ्ने थियो भनेको हजुर !

दुलहीपक्ष : होइन, अब चाहिं के कुरा माग्नुहुन्छ त कुटुम्बहरु हो ?

दुलहापक्ष : हजुर, हामी त केही नजान्ने मान्छे, भोलिका दिनहरुमा हिँड्दा, डुल्दा सम्धी, सम्धीनीहरु भेटिएला, नचिनिएला र आजै यसो चिनजान गरिराख्न पाए हुने थियो कि भनेको हजुर !

दुलहीपक्ष : (दुवैतर्फका कलियाहरुलाई सङ्केत गर्दै) ए, कलियाहरु हो ! कुटुम्बहरुले चिनजान गर्न खोज्नुभएको रहेछ । सम्धीढोगका लागि रीतहरु तयार गरी सम्धी-सम्धीनीहरुलाई भेला गरी चिनजान, ढोग गराउनुहोस् ।

(घ) **सम्धी ढोग** : सम्धीढोगका लागि केटापक्षबाट याफेमा (चाँदीको एक मोहर पैसा) र केटी पक्षबाट एक कठुवा रक्सी आवश्यक पर्दछ । यसपछि पछ्यौराले बीचमा ढाकेर पहिले दुलहाको बाबु र दुलहीको बाबुलाई सम्धी ढोग गराएपछि क्रमशः अन्य सम्धी-सम्धीनी साइनो पर्ने सबैलाई यसैगरी तीनतीनपटक ढोगाइन्छ । यो ढोगमा 'एक सम्धी, दुई सम्धी, तीन सम्धी, पुस्ता न पुस्ताको सम्धी' भन्दै तीनपटक ढोग गर्न लगाइन्छ । यस बेला ती केटी पक्षको एक कठुवा रक्सी र केटा पक्षको एक मोहर पैसा कलियाले यताउता सार्ने गर्ने गर्दछ[४७] (चित्रफलक नं. ५२) । यसरी सवै रीतका कार्य सम्पन्न भएपछि अन्तमा सम्धीढोग गरी सवै कर्य सफल भयो भनी सम्धी-सम्धी भेटेर एकआपसमा सम्मान दर्साइन्छ । यो ढोग सकिएपछि फेरि सगुन रक्सी बाँडिन्छ । विभिन्न समयमा बाँडिने यस्ता सगुनलाई साम्पाङ राईहरु 'लिम्माछी' भन्दछन् । यसरी सबै रीतका सामानहरु बुझाउने क्रममा बीचबीचमा दुलहा र दुलही पक्षकाहरु परम्परागत गीतहरु गाएर रमाइलो गर्दछन् । यसलाई स्थानीय भाषामा शिलोक भन्दछन् । बाहिर आँगनमा गाउँलेलगायत जन्तीहरु नाचगान गरी रमाइलो गर्दछन् । यसरी रीतका कार्यहरु रातको ९-१० बजेदेखि सुरु गरिन्छ र सबै कार्य सम्पन्न गर्दा विहानको करिब ६-७ बजिसकेको हुन्छ ।

साम्पाङ राईहरुमा विवाहको समयमा आफन्त दाजुभाहरुबाट सराउ (सघाउनी स्वरुप उठाइने जाँड, रक्सी र पैसा) उठाउने प्रचलन पनि रहेको देखिन्छ । यो दुई प्रकारको हुन्छ, जसलाई लग्ती (पुरानो लगानीअनुसार सघाउने) र रोपनी (नयाँ सघाउनी) भन्दछन् ।

रीतको कुरा गर्दा रक्सीको चिण्डो वा कठुवा एउटा मात्र भएमा प्रायः त्यसमाथि एक रुपैयाँसमेत राखेर जोडी पारिन्छ किनभने सबै शुभ कार्यमा जोडी सामान मात्र प्रयोग गर्नुपर्दछ । यसैगरी विवाहका रीतका सामानहरु राखिसकेपछि केटीपक्षले जिज्ञासाहरु राख्दछन् । तिनको त्यही किसिमले जवाफ दिनुपर्दछ । जस्तै- केटीपक्षबाट काँसको बटुका, तामाको पैसालगायत रीतका सामानहरुतर्फ सङ्केत गर्दै यी सामानहरु ल्याउनुभयो, यो बुलुहाइकु कि चारीहाइकु हो ? भनेर सोधनी हुन्छ । यसबेला केटापक्षले पनि यसको जवाफ बहुत नम्र भएर 'यी सामानहरु तपाईंहरुकी छोरीचेलीलाई माया-ममतामा पारेर हाम्रो चुल्होमा लग्यौं त्यसैले हामीले यी सामानहरु ल्याएका हौं, यो बुलुहाइकु पनि होइन र

[४७]. विधिपूर्वक सम्धिढोग गर्नु पर्दछ तर यो ढोग बुहारी घर टेकाउने समय र अन्तिम रीत छिन्ने समयमा गरी दुईपटक हुने गर्दछ ।

चारीहाइकु पनि होइन, तपाईंहरुको शिरनामे मात्रै हो' भन्ने जवाफ दिनुपर्दछ । रीतमा काँसे बटुका र तामाको पैसा पनि लगिएको हुनुपर्दछ । रीतकै रुपमा राखेपछि केटीपक्षले यसलाई सङ्केत गर्दै 'तुङ्ले छुङ ?' भनी प्रश्न गर्दछन् । यसमा पनि केटीपक्षबाट 'तुङ सँः मन, छुङ सँः मन, यसो हजुरहरुको शिरनामे मात्रै हजुर' भन्ने जवाफ दिएपछि मात्र ती सामानहरु मावली, धिवाँःतोलगायत अन्य मान्यजन, माइतिहरुसमेतको समूहले बुझ्लिने गर्दछ ।[४८] यदि केटीपक्षको प्रश्नको जवाफमा 'बुलु हाइकु हो' भनेमा सबै सामानहरुको मूल्य तिर्नुपर्ने अवस्था आउँदछ भने 'चारी हाइकु' भन्ने जवाफ दिएमा घरबाहिर दुवोघारीमा पुऱ्याउनुपर्ने हुन्छ । यस्तै काँसे बटुका र ताँबोको पैसा राखेपछि पुनः केटी पक्षबाट 'नोक तुङ्ले छुङ्ले ?' भनेर गरिएको प्रश्नमा केटापक्षबाट 'नोक तुङ सँः मन, छुङ सँः मन, हजुरहरुको शिरनामे मात्रै हजुर' भन्ने जवाफ दिनुपर्दछ । तर, यसो नभनी 'तुङ' भन्ने जवाफ दिएमा ती भाँडासँग चेली तौलनुपर्ने हुन्छ भने 'छुङ' भन्ने जवाफ दिएमा परम्पराअनुसार चरा, पाहा, मृग, घोरललगायतका छोंरिसाहरु जम्मा गरेर ल्याउनुपर्ने हुन्छ ।[४९] अर्थात् कहिलेकाहीं बिहेको वातावरण नै बिथोलिन सक्ने स्थिति आउँछ । यसैले यस्ता प्रश्नका उत्तरहरु विचार पुऱ्याएर दिनुपर्ने हुन्छ । यस्तो खराव परिस्थिति आइनपरोस् भनेर नै यस्ता वैवाहिक कार्यका रीतिविधिका कुरा गर्नलाई बुढापाका तथा रीतिसम्बन्धी राम्रो ज्ञान भएका व्यक्तिहरु लिएर जानुपर्ने मान्यता रहेको छ ।

कजेरीहरु विहान जन्तीहरुलाई खाना खुवाएर विदा गर्नेतर्फ लागेका हुन्छन् । विहानको खाना खुवाइसकेपछि पुनः दुलहा-दुलहीलाई घरभित्र ल्याएर चुल्होभन्दा माथिल्लोपट्टि राखेर दही-अक्षताको सेतो टीका लगाइदिएर आमाबाबुलगायत सबैले आशिर्वाद दिइन्छ । यसबेला बाहिर भएका बाजागाजाहरु बजाउने र बन्दुक पड्काएर बढाइँ पनि गरिन्छ । टीका लगाउने कार्य सम्पन्न भएपछि सबैलाई सगुन स्वरुप रक्सी बाँडिन्छ र माइति पक्षले दुलहा-दुलहीलाई बोकेर घरबाहिरसम्म ल्याएर केटापक्षलाई जिम्मा दिन्छ[५०]

---

[४८]. स्थलगत अध्ययनमा बुढापाकाहरुसँग लिएको जानकारीको आधारमा ।

[४९]. बासपानी-५ निवासी **कुवी कर्णबहादुर राई**सँगको कुराकानीमा आधारित ।

[५०]. केटीपक्षबाट दुलाहा-दुलही विदा दिन बोकेर घरबाहिर निकाल्नुपर्दछ, जसलाई सम्मानसाथ विदाइ हो भनिन्छ ।

(चित्रफलक नं. ५३) । केटापक्षले पनि उनीहरुलाई बोकेर घरदेखि केही परसम्म पुऱ्याउँछ । केही समयपछि जन्तीहरु आफ्नो घरतर्फ लाग्दछन्[५१] (चित्रफलक नं. ५४) ।

**(ङ) बालाम् थाप्ने** : केटी पक्षकाले जन्तीहरु जाने बाटोमा घरदेखि केही पर दुईवटा सेउली (एक प्रकारको वृक्ष)को लिङ्गो गाडेर त्यसको टुप्पाहरु जोडी फेदमा एकएक कठुवा रक्सी राख्छन् । ती लिङ्गोमा फलफूल, केही अन्न, दुलहाको फेटा, दुलहीको बर्की झुन्ड्याउँछन् । यसैलाई बालाम् थापेको भनिन्छ । जन्तीहरु विदा भएर हिँडेपछि केटीपक्षकाहरु झ्याम्टा बजाएर नाच्दै, शिर उठाउँदै बालाम् थापेको स्थानमा पुगेर तँःमा, खेमा अनि चासुम् शिली गर्दै केही समयसम्म नाच्दछन् । केटापक्षकाहरु बालाम् नाघेर त्यतिकै जान हुँदैन, अडिनुपर्दछ । जन्तीले कठुवाको रक्सीमाथि एक मोहर पैसा राखेर जाने अनुमति माग्नुपर्दछ । यो परम्परागत मान्यता हो । यसमा आजकल केही परिवर्तन आएको छ । अनुमति प्राप्त भएपछि दुलहाले फेटा र दुलहीले बर्की तानेर लान्छन् भने अन्यले फलफूलहरु तानेर लान्छन् । तर, अन्न लान खोजे पनि केटी पक्षले नदिने भएकाले केही समय दुवै पक्षबीच खोसाखोस हुन्छ । त्यो आखिरमा केटी पक्षले नै ल्याउनुपर्दछ । यसपछि दुलहा-दुलही र जन्तीलाई त्यही कठुवाको रक्सी सगुन खुवाएर विदा दिनुपर्दछ । केटीपक्षले लिङ्गो र अन्न गाछ्रीघरमा अघिजस्तै झ्याम्टा बजाउँदै नाच्दै ल्याएर आँगन अथवा पहिला दुलहा-दुलही राख्न बनाइएको स्थानमा राख्नुपर्दछ । यसो गर्नुको कारण विदा भई जान लागेका छोरीचेली र जन्तीहरुलाई सम्मानपूर्वक विदा गरिएको हो भने यस कार्यले छोरीचेलीको माइतिप्रति हुने सद्भाव मानसिक रुपमा वृद्धि हुने विश्वास रहेको पाइन्छ ।

यस्तैगरी दुलहीपक्षका कलियाहरुले दुलाहपक्षकालाई कँःल अर्थात् माइत् (भुटुवा मासु टपरामा, केही रक्सीका कठुवा, भातिजाँड) राख्ने गर्दछ । यो दुलहा-दुलही र जन्ती विदा भएर हिँडेपछि घरभन्दा केही पर राख्दछन् । दुलाहपक्षले ती सामानहरुको मूल्य स्वरुप केही रकम राख्नुपर्दछ । त्यहाँ राखिएको मासु, जाँड, रक्सी सबैले त्यहीँ खाएर विदावारी हुन्छन् ।[५२]

---

[५१]. दुलहा-दुलही विदा हुनलागेको समयमा केही समय आराम लिएर आफन्तहरुसँग केही भलाकुसारी गरेर मात्र विदा हुन्छन् ।

[५२]. स्थलगत अध्ययनमा आधारित ।

यसपछि गाउँले र आफन्तहरु पनि खाना खाई आ-आफ्नो घर फर्कन्छन् । तर कलिया, कजेरी र वाँःतो भाइहरु भने केही रीत पूरा गरी विदा हुने परम्परा छ । यसै क्रममा पहिला कलियालाई एउटा हारती र एक कठुवा रक्सी राखेर धन्यवाद दिँदै विदा गरिन्छ । विवाहमा बाजागाजा बजाउने दमाईलाई पनि एक कठुवा रक्सी, विवाह भोजमा मारिएको सुँगुरको पुच्छर, केही पैसा, एक माना चामल टपरामा राखेर दियोसमेत बाली मानका साथ विदा गर्दछन् । यसपछि कजेरीहरुलाई सम्मानका साथ विदा गर्दछन् । उनीहरुले विवाह सम्पन्न गर्न खेलेको भूमिका, सहयोग, सुझावको लागि धन्यवाद दिँदै रक्सी र केही नगद दिएर विदा गर्दछन् । कजेरीहरु पनि औपचारिकताका शब्दहरु व्यक्त गर्दै विदा हुन्छन् । अन्तमा वाँतोभाइहरु भेला भई कुटुम्बबाट रीतको रुपमा ल्याइएका रक्सी र सुँगुरको फिला पकाएर खाई वाँतोछरी वुलु (एकएक रुपैयाँ) लिएर विदा हुने गर्दछन् ।[५३] यसरी लिइएको पैसा विवाह भएकै सालको दशैंमा छोरीज्वाइँहरु टीका थाप्न आउँछन् भन्ने जानकारीको हो । यति भएपछि विवाहमा रीत बुझ्ने र बुझाउने कार्य सम्पन्न भएको मानिन्छ ।

(च) **दुलहा पक्षकहाँ गरिने विवाहका प्रक्रिया** : दुलहीको घरबाट विदा भएर सवैजना दुलहाको घर पुगेपछि पनि केही विवाहका प्रक्रियाहरु सम्पन्न गर्नुपर्ने हुन्छ । जोडी कलश, जोडी दियो बालेर दही-चामल मुछेर नाङ्लोमा राखिएको हुन्छ । घर पुग्ने समयमा बेहुली अगाडि र बेहुला पछाडि हुनुपर्दछ । जन्तीहरु आँगनमा पुगेपछि घरको दलानबाट आमाबाबु, बाजेबजु, मावलीलगायत आफन्तहरुले दही-चामलले पर्छने गर्दछन् । यसबखत दुलहा-दुलहीलाई अलगअलग छाता ओढाइन्छ । त्यसपछि दुलहा-दुलहीलाई घरभित्र सुँःवाकुना (अगेनाभन्दा माथिल्लोपट्टि)मा एकएकजना लोकन्दा-लोकन्दीका साथ राखिन्छ ।

बाबुआमा, बाजेबजु, मावली र अन्य आफन्तहरुले दुलहा-दुलहीलाई दियो-कलशको सामुन्ने दही-अक्षताको सेतो टीका लगाइदिएर आशिर्वाद दिन्छन् । यसपछि ढोगभेटको कार्य हुन्छ । सर्वप्रथम दुलहीले दुलहालाई खुट्टामा ढोग्नुपर्दछ । यसपछि दुलहाले आफ्ना नजिकको नाताहरुमा क्रमशः आमाबाबु, बाजेबजु, मावलीलगायतलाई ढोग्दै जानुपर्दछ । पछिपछि बेहुलीले पनि ढोग्दै जानुपर्दछ । बुहारीले सासूलाई ढोग्दा एक कठुवा रक्सी र एक रुपैयाँ राखेर ढोग्नुपर्दछ । कतैकतै एक फिला सुँगुरको मासु पनि राख्ने गरिएको पाइन्छ । तर, सुँगुरको फिला अनिवार्य मानिदैन । ढोगभेट सकिएपछि सबैलाई सगुन स्वरुप रक्सी

[५३]. वासपानी-३ का **मंगलबहादुर राई** (वर्ष ८८)सँगको अन्तर्वार्तामा आधारित ।

बाँडिन्छ । दुलहाकी आमाले दुलहा-दुलहीलाई एउटै काँसको कचौराबाट तीनतीनपटक रक्सी खुवाउनुपर्दछ, जसलाई जुठो मिसाएको अर्थात् दुई आत्मा एउटै बनाएको मानिन्छ । यति भैसकेपछि बुहारीलाई कुलपितृमा प्रवेश गराउने काम हुन्छ । यो कार्य गर्नलाई विधिपूर्वक विभिन्न सामानहरु जुटाएर कुवीलाई जिम्मा दिइन्छ । कुवीले पनि यसका लागि मुन्धुम वाचन गरी विधिअनुसार नयाँ दुलहीलाई कुलमा प्रवेश गराउने कार्य सम्पन्न गर्नुपर्दछ ।[५४] बुहारीलाई कुलमा देखाउनका आमाले कुवी अथवा कुनै जान्ने व्यक्तिलाई केराको पातमा अक्षता, अदुवा र एक कठुवा रक्सी तयार गरेर दिएपछि उसले आफ्नै भाषाबाट विधिपूर्वक मुन्धुम वाचन गरी बुहारीलाई चुल्होमा पुनः प्रवेश गराउँछन् । यसरी बुहारीलाई चुल्हो अर्थात् कुलमा प्रवेश गराउनु अनिवार्य मानिन्छ । बुहारीलाई कुलमा नदेखाएमा कुलले चिन्दैन र उसलाई कुलले दुःख दिन्छ भन्ने विश्वास रहेको पाइन्छ । यसबेला पनि मुन्धुम विधिअनुसार दुलहीलाई कुलमा देखाउनुपर्दछ । यसपछि सबैलाई सगुन स्वरुप रक्सी बाँडिन्छ र भोज खुवाइन्छ । भोज सकिएपछि सबैजना रातभर नाचगान गरेर बिताउँछन् । यसरी केटापक्षकहाँ दुलहीलाई कुलमा प्रवेश गराई जुन रुपमा गरिने विधिवत कार्यहरु गर्नुको कारण कुटुम्बको छोरीचेली जसरी विदा गरी ल्याइएको हो र सोहीअनुसार आफ्नो कुलपितृमा पनि प्रवेश गराई आफ्नो समाजलाई पनि आफ्नो परम्पराअनुसार वैवाहिक कार्य सम्पन्न गरेको अनुभूत गराउनु हो ।

---

[५४]. वास्पानी-४ का कुवी **राजकुमार राई** (हाल स्वर्गीय)सँगको अन्तर्वार्तामा आधारित- बुहारीलाई पुनः कुलमा देखाउँदाको मुन्धुम विवरणअनुसार अक्षता, अदुवा चुल्होमाथि राखेर रक्सी खन्याएर, "**हमो... बुक्छाहँःमीचेउ, साप्सामी दिबुमीहँःचेउ, छुरिमीकसुमी, कुवीमी, तायामीहँःचेउ, आप्तुमीहँःचेउ, लासामीहँःचेउ, रुमालुङ, थुमालुङ, मियालुङ, मिचीलुङ, सुतुलुङ साकुदिपाचेउ, फुपापाचेउ, इसे नपी न** (बुहारीको नाम, थर, पाछा, सामे) **नाम्मेछा तातुम्काकपी खँःमीहँःनिनी । नपी न आम्नु चालाङ्खाछा, कँःवा बाइकबी, मी तुब्काबी खमीहँःनिनीक के, साम छाप्छुल् लायम्न, सारी छाप्छुल् लायम्न । नपी न रुँःरी पिमाछी साखा पिमाछी के ।** (अक्षता, अदुवा चुल्होमाथि राखेर रक्सी खन्याउँदै) **नचुरी नहुरी दङ्खँःनी, दलँःनी, थनवा रुबुसुङ्सँः ताया तल्माछी, आम्नु चाचायोछा नाम्मेछालाई नुवासानु प्यानुम्ओ । चवारी, लुमारीखुङ, समारी, हेरेमाखुङ, जिबजीमा, लाल्चीपाल्चीमाखुङ् ताया तोलानुम्, सिमारी मामारीसँः तायातोलानुम्ओ ।"** (हे.. कुलपितृमा बस्नुभएका पितापुर्खाहरु हो ! आज हामीले (बुहारीको नाम, थर, पाछा, सामे)लाई बुहारी बनाएर तपाईंको छोरा, नाति, पनातिको नाममा ल्याएका छौं । यहाँ तपाईंहरुसामु यो घरमा चालचलन गर्ने, पानी ल्याउने, आगो फुक्ने सबै काम गर्ने बुहारी चिनाउँदै छौं, देखाउँदै छौं है । उनको शरीरमा कुनै रोगकष्ट पर्न नदिनुहोस्, तपाईंहरुले लामो आयु दिनुहोस्, राम्रो आशिर्वाद दिनुहोस् । आँखिडाही, रिसराग, झैंझगडा सबै कुरा हटाइदिनुहोस् । तपाईंहरुकी बुहारीलाई ज्ञानवृद्धि दिनुहोस् । मुटु खाने, कलेजो दुख्ने, छाति पोल्ने, छाद्ने, छेर्ने सबै रोगहरुबाट बचाइदिनुहोस् । यो घरपरिवारका सबैजनालाई रक्षा गरिदिनुहोस् ।)

(छ) **कजेरी फुकाउने** : यसै दिन दुलहापक्ष र दुलहीपक्षकहाँ कजेरी फुकाउने काम सम्पन्न गर्ने चलन छ । विवाहको समयमा विभिन्न शीर्षकहरुमा आ-आफ्नो कामको जिम्मा दिएका व्यक्तिहरुलाई सम्मानका साथ विदा गर्ने कार्यलाई कजेरी फुकाउने भनिन्छ । यो कार्य गर्दा 'यस विवाहमा हाम्रा दाजुभाइ, मामामावली, आफन्त, नरनाता, कुटुम्बहरु सबैलाई चिन्ने चिनाउने काम गरेर सहयोग गरिदिनुभयो यसमा धन्यवाद छ' भनी विदा गर्नुपर्दछ । कजेरीहरु पनि दुलहा-दुलहीको उज्ज्वल भविष्यको कामना गर्दै विदा हुन्छन् । यति भएपछि करिब विवाहको कार्य सम्पन्न हुन्छ । यस प्रकार कजेरीहरुलाई सम्मानपूर्वक विदा गरिनुको कारण उनीहरुले विवाहको कार्यमा सहयोग गरेबापत सम्मान गर्दै आगामी दिनहरुमा पनि यस्तो कार्य गर्न सहयो आदानप्रदान भइरहोस् र काम गर्दा दुःख-कष्ट भए पनि माफी दिनू भनी गरिने सद्भाव हो । यसले आपसमा सरसहयोगको भावना वृद्धि पनि गर्दछ ।

(ज) **दुलान फर्काउने** : बिहेको दोस्रो वा तेस्रो दिनमा दुलान फर्काउन दुलहा-दुलही माइति जानुपर्दछ । यस बेला पनि उनीहरुले एक फिला सुँगुरको मासु र एक कठुवा रक्सी लिएर आउने चलन छ । तर, रीतकै रुपमा ल्याउनुपर्ने अनिवार्य कुरा भने होइन, नल्याए पनि केही फरक पर्दैन । केही दिन उनीहरु माइतिमा बसेर आफ्नो घर फर्कन्छन् ।[५५] दुलान फर्काउने कार्य परम्परागत मान्यता भए पनि यो खासगरी छोरीचेली र बाबुमाइतिसँगको सम्बन्धलाई ताजा राख्न स्थापित मान्यता हो भन्न सकिन्छ ।

(झ) **दशैं हान्ने** : विवाहको अन्तिम रीतको रुपमा दुलहा-दुलही विवाह भएकै साल दशैंको टीका थाप्न ससुराली-माइति जानुपर्दछ । यसलाई साम्पाङ राईहरु दशैं हान्ने भन्दछन् । दुलहा-दुलही र केही सहयोगीका साथ गाछीघरमा सुँगुरको एक फिला, एक कठुवा रक्सी; धिवाँःतोको लागि पनि एक फिला, एक कठुवा रक्सी, दुईजना कलियालाई पनि सम्भव भए यस्तै सामान, सम्भव नभए एक पेरेङ्गो सुँगुरको मासु र एक कठुवा रक्सी लिएर जानुपर्दछ । यस्तै वाँःतोभाइहरुका लागि पनि भातीजाँड, रक्सी र सुँगुरको फिला लानुपर्दछ । यी सामानहरु गाछीघरमा पुऱ्याएपछि त्यहीँबाट छुट्याएर दिने काम केटी पक्षले नै गर्दछन् । दुलहा-दुलही आफैंले बोकेर घरघर जानु पर्दैन । मावलीहरुका निम्ति भने उनीहरुले माग गरेअनुसार नै रीतका सामानहरु लानुपर्दछ । मावलीहरुले सुँगुर वा राँगा

[५५]. स्थलगत अध्ययनमा आधारित ।

सिङ्गै पनि माग्न सक्दछन् । जे जति मागे पनि उनीहरुले टीका लगाइदिएर मालको मोल दक्षिणाको रुपमा दिने गर्दछन् । टीका लगाउन बडाबाबु, काका, मावली, दाजुभाइ सबैको घरमा दुलहा-दुलही घुम्नुपर्दछ । आफन्तहरुले उनीहरुलाई दही-चामलको सेतो टीका लगाइदिई आशिर्वादका साथ केही दक्षिणासमेत दिने गर्दछन् । यसरी दशैंको टीकापछि मात्र सम्पूर्ण रुपमा वैवाहिक कार्य सम्पन्न भएको मानिन्छ । कसैले चैते दशैंमा पनि कोसेली स्वरुप फिला, रक्सीहरु माग गर्न सक्छन् । तर, यो अनिवार्य भने होइन । यस प्रकारको मान्यताले छोरीचेली विवाह गरी कुटुम्बघर गए पनि दशैं जस्तो चाडमा भेटघाट गर्न आइ आपसी सम्बन्ध ताजा बनाइराखून् भन्ने देखिन्छ ।

साम्पाङ राईका विवाहपद्धति अन्य जातिका राईहरुसँग मिल्दैन । उदाहरणको रुपमा छिन्ताङ जातिको वैवाहिक रीतहरुका बारेमा इच्छापूर्ण राईले दिएको विवरणअनुसार क) सातवटा चिण्डोमा रक्सी, ख) सातवटा भाले, ग) दुई मटिया (माटोको भाँडा) रक्सी, घ) दुई मटिया जाँड, ङ) एक बरण्डी फ्राइ भात, च) दुई टुक्रा मासु, छ) एउटा सुँगुरको फिला आवश्यक हुन्छ ।[५६] त्यसैगरी हिन्दू विवाहपद्धतिसँग पनि उनीहरुको विवाह मेल खाँदैन । एउटा कुरा साम्पाङ राईहरुले विवाहमा केटा पक्षलाई केटी सुम्पँदा "हामीले हाम्री छोरीचेलीको मासु दियौं, हाड दिएका छैनौं" भन्ने वाक्यांशले महिलाअधिकार र माइतिसँगको अटुट सम्बन्धलाई उजागर गर्दछ ।

## ६.२.२ चोरी तथा प्रेम विवाह

यस जातिमा हुने अर्को प्रकारको विवाह चोरी तथा प्रेमविवाह पनि हो । यो विवाह मुख्यगरी केटीको आमाबाबु वा अन्य अभिभावकहरुबाट अनुमति नहुँदा केटीलाई मेलापात, हाटबजारबाट भगाएर लगेर एकपक्षीय रुपमा गरिने विवाह हो । यसलाई चोरीविवाह पनि भनिन्छ । चोरी विवाहको मान्यता केटा र केटीमध्ये एक पक्षले उनीहरुको विवाह सहजै स्वीकार नगर्ने अवस्था हुने भएमा दुवै पक्षको मञ्जुरीबेगर एकपक्षीय ढंगबाट गर्नुपर्ने विवाहको अवस्था देखिन्छ ।

---

[५६]. इच्छापूर्ण राई, **एन आउटलाइन अफ द छिन्ताङ,** (थेसिस, एम.ए. सोसियो एन्थ्रोपोलोजी) सब्मिटेड टियु म्यानेजमेन्ट डिपार्टमेन्ट, काठमाडौं, (अप्रकाशित), वि. सं. २०६४, पृ. ९

यस्तो अवस्थाको विवाहमा केटापक्षले केटीलाई आफ्नो घर लान्छन् र आफन्तहरु बोलाएर विधिपूर्वक भित्र्याउँछन् । आफ्नो रीतिविधि जानकार दुईजना व्यक्तिलाई कलिया छनौट गरी केटीपक्षको धिवाँःतोकहाँ विधिपूर्वक कठुवामा रक्सीसहित पठाइन्छ । कलियाहरुले त्यहाँ गएर जानकारी दिएपछि धिवाँःतो र दुईजना कलिया गाछिघर गई चार कठुवा रक्सी राखेर कुरा थालनी गर्नुपर्दछ । केटापक्षबाट नम्रभावमा प्रस्तुत हुँदै आफ्नो पक्षबाट भएको गल्ती, कमजोरी स्वीकार्दै कुरा मिलाउनेतर्फ लाग्नुपर्दछ । आफ्नी छोरीचेली विनाअनुमति प्रेम वा चोरी गरेर अथवा जबरजस्ती लिएको हुनाले केटी पक्ष आक्रामक भएको हुन्छ । आखिर दुवै पक्षबीच समझदारी हुनु नै आवश्यक ठानिन्छ । केटा पक्षले ल्याएको रक्सी गाछीले स्वीकार गरेपछि चार कठुवा रक्सी मध्ये दुई कठुवा गाछीघरमा राखि दुई कठुवा धिवाँःतोलाई दिइन्छ । यसरी रक्सी स्वीकारेपछि कुरा मिलेको ठानिन्छ ।[५७]

तर कतिपय अवस्थामा केटी पक्षले वैवाहिक सम्बन्ध अस्वीकार गरी रक्सी फर्काउन पनि सक्दछ । यस्तो अवस्थामा लामो समयसम्म विवाहका रीतहरु दिनेलिने कार्य नहुन पनि सक्दछ अर्थात् लामो समयसम्म सम्बन्ध स्थापित हुन सक्दैन । कसैले धेरै पछि रीत लिन स्वीकार गर्दछन् । कसैले रीत स्वीकार नगर्दै दुलहाको मृत्यु भएमा 'हाम्री छोरीचेलीको (नाम, जाति, पाछा, सामे)सँग विवाह भएकोमा रीतको काम पूरा नहुँदै ज्वाइँको निधन भए पनि हाम्री छोरीचेली उहाँको कुलपितृमा दिएका छौं, तपाईंहरुले आफ्नो कुलपितृमा लगाउनुहोस्' भनी केटीको बाबुमाइति आएर मृतकलाई चिहानमा लानुपूर्व नै यो वचन दिनुपर्दछ ।[५८] रीतपूर्वक भएको विवाहमा दिइने वचनलाई वाग्दाता भनिन्छ भने यस्तो परिस्थितिमा दिइने वचनलाई 'सुद्धता' भन्ने गरिन्छ । यसमा एक वचन मात्र दिइन्छ भने रीतपूर्वक गरिएको विवाहको वाग्दाता तीनपटक दिइन्छ ।

अवरुद्ध वैवाहिक प्रक्रिया पूरा नहुँदै दुलहीको मृत्यु भएमा केटीपक्षको बाबुमाइति आएर 'हाम्री छोरीचेली र ज्वाइँ (नाम, जाति, पाछा, सामे)सँग विवाह भएको भए पनि विवाहको रीतको छिनोफानो नहुँदै हाम्री छोरीचेलीको निधन भयो । जे भए पनि आजदेखि हामीले हाम्रो कुलपितृबाट हाम्री छोरीचेली (नाम, जाति, पाछा, सामे)लाई हाम्रो ज्वाइँ (नाम, जाति, पाछा, सामे)मा दिएका छौं, तपाईंहरुले आफ्नो कुलपितृमा लगाएर सबै काजकिरिया

---

[५७]. वासपानी-५ का **दीर्घसिं राई** (वर्ष ८५)सँगको अन्तर्वार्तामा आधारित ।

[५८]. खार्तम्छा-३ का **तेजबहादुर राई** (वर्ष ७५)सँगको अन्तर्वार्तामा आधारित ।

सम्पन्न गर्नुहोस्' भनेर वचन दिनुपर्दछ । अनि मात्र मृतकको मृत्यु संस्कार गर्न बेहुलापक्षले अनुमति प्राप्त हुन्छ । यसो भएन भने छोरीचेलीको मृत्यु संस्कार बाबुमाइति पक्षले नै गर्नुपर्ने मान्यता रहेको छ ।[५९] तर, यस्तो अवस्था नआओस् भनेर सबै सचेत हुन्छन् ।

### ६.२.३ अन्तरजातीय विवाह

साम्पाङ राई जातिमा स्वजातीय विवाहलाई महत्व दिइन्छ । तथापि वर्तमानमा विभिन्न कारणले अन्तरजातीय विवाह पनि हुने गरेको पाइन्छ । यस्तो विवाहमा धार्मिक मान्यता र परम्पराअनुसार कुलले स्वीकार गर्दैन । यिनीहरुमा राई, लिम्बू र सुनुवारभित्रको विवाह मात्र परम्परागत मानिन्छ । साथै अन्तरजातीय विवाहलाई वैधानिक विवाह मानिँदैन ।

यो परम्परागत दृष्टिकोणमा परिवर्तन आइरहेको देखिन्छ । यसरी कुलमा सामेल नभएका महिलाहरुको मृत्युपछि कतिपय आत्मा थानी देवीको रुपमा स्थापित हुने विश्वास रहेको छ । यसरी कसैको आत्मा थानीको रुपमा देखापरेमा त्यस्ताको सम्मानका लागि वार्षिक रुपमा पूजा गर्ने गर्दछन् ।

साम्पाङ राई समाजका चेलीहरुले अन्तरजातीय विवाह गरेमा माइति इष्टमित्रबीचको सम्बन्ध त्यति सहज भएको पाइँदैन । उनीहरुले ल्याएको कोसेली, उपहार, रक्सीलगायतका सामानहरु माइतिको चुल्होमा चढाइँदैन । तर, विभिन्न कारणले यसमा पनि परिवर्तन आइरहेको देखिन्छ ।

**तालिका नं. ५.(क)**

**साम्पाङ समाजमा सजातीय विवाह**

| उमेर समूह | पुरुष | महिला | जम्मा |
|---|---|---|---|
| १६-२० | २६५ | २६२ | ५२७ |
| २१-२५ | २८० | २७५ | ५५५ |
| २६-३० | ३१२ | ३०८ | ६२० |
| जम्मा | ८५७ | ८४५ | १,७०५ |

स्रोत : स्थलगत अध्ययनमा आधारित ।

[५९]. वासपानी-५ **देवानसिं राई** (वर्ष ७६, हाल स्वर्गीय)सँगको अन्तर्वार्तामा आधारित ।

तालिकाअनुसार यस जातिमा परम्परागत जातीय विवाहलाई मान्नेहरुको सङ्ख्यामा खासै कमी आएको देखिँदैन । अन्तरजातीय विवाहको तुलनामा स्वजातीय विवाहको स्थिति धेरै बलियो रहेको पाइन्छ । यसलाई निम्नानुसार हेर्न सकिन्छ :

## तालिका नं. ५.(ख)

**साम्पाङ समाजमा अन्तरजातीय विवाह**

| उमेर समूह | पुरुष | महिला | जम्मा |
|---|---|---|---|
| १६-२० | १२ | १४ | २६ |
| २१-२५ | ९ | ११ | २० |
| २६-३० | ७ | ८ | १५ |
| जम्मा | २८ | ३३ | ६१ |

स्रोतः स्थलगत अध्ययनमा आधारित ।

यो जातिमा सजातीय विवाहको तुलनामा अन्तरजातीय विवाह कम हुने गरेको देखिन्छ । अर्थात् सजातीय विवाह गर्नेहरु ९६.५४ प्रतिशत र अन्तरजातीय विवाह गर्नेहरु सङ्ख्या ३.४५ प्रतिशत मात्र रहेको देखिन्छ । यसको मुख्य कारण अन्तरजातीय विवाह गरेमा सही सम्मान नपाइने, मर्दापर्दाको अवस्थामा संस्कारहरु नमिल्नु र अन्तरजातीय विवाहलाई सहजै स्वीकार नगर्नु जस्ता आदि कारण देखिन्छ ।

साम्पाङ राई समाजमा परम्परागत रुपमा जातीय मान्यताअनुरुप हुँदै आएको वैवाहिक संस्कारका विधि-मान्यताहरुमा हिजोआज परिवर्तन भैरहेको महसुस हुन्छ । सामाजिक परिवर्तनले पनि विवाहमा प्रभाव परिरहेको देखिन्छ । यसको प्रभाव जातीय मान्यतामा पर्ने देखिन्छ । साम्पाङ राईजातिमा जस्तै अन्य जातिका राईहरुमा पनि मागी, चोरी, जारी विवाहहरु हुने भए पनि संस्कारगत प्रक्रियाहरु भने साम्पाङसँग मिल्दैनन् ।

## ६.३ मृत्यु संस्कार

साम्पाङ जातिमा रहेको धारणाअनुसार मृत्यु जीवनको अन्त भए पनि आत्माको अन्त होइन, एक चोलादेखि अर्को चोला (आत्मा)मा रुपान्तरित हुनु मात्र हो भन्दछन् । हिन्दू मान्यतामा मृत्युलाई पर्याय-पञ्चता, कालधर्म, दिष्टान्त, नाश, मरण मृत, निधन, पञ्चत्व, मृत, मृति, नैधन, सस्था, काल, परलोकगम, दीर्घनिद्रा, अस्त, अवसान, भूमिलाभ, निपात, विलय भनेको पाइन्छ ।[६०] यसरी मृतकका नाममा जीवित आफन्तहरुले आफ्नो धर्म, कुल, परम्परागत मान्यताअनुसार गरिने प्रक्रियागत कर्म मृत्यु संस्कार हो । मानिसको मृत्युलाई साम्पाङ समाजमा मुख्यगरी दुई प्रकारको मृत्यु मानेर सोहीअनुसारको संस्कार गर्ने मान्यता रहेको पाइन्छ, जसमा सहज मृत्यु (कुलपितृमा जाने) र असहज (कुलपितृमा नजाने) मृत्यु पर्दछन् । हिन्दू मान्यतामा पनि मानिसको मृत्युलाई १. प्राकृतिक र २. आकस्मिक गरी दुई प्रकारमा विभाजन गरेको पाइन्छ ।[६१] साम्पाङ राईजातिमा रहेको मान्यताअनुसार सहज मृतकको मृत आत्मा कुलमा अर्थात् चुल्होमा जान्छ तर असहज रुपमा मृत्यु हुनेहरु भने कुलमा जाँदैनन् । यसैअनुसार कुलमा जाने र नजाने आत्माको बेग्लाबेग्लै प्रकारबाट संस्कार गर्दछन् ।

### ६.३.१ सहज मृत्यु

साम्पाङ राईजातिमा रहेको परम्परागत मान्यताअनुसार जसको उमेर पुगेर र सामान्य रुपबाट मृत्यु हुन्छ, त्यसैलाई सहज मृत्यु मान्ने गरेको पाइन्छ । उमेर पुगेर भन्नुको अर्थ छोराको छेवर र छोरीको गुन्यूचोली गरेपछिको उमेरदेखि वृद्धवृद्धासम्मको अवस्था हो । यसरी मृत्यु हुनेहरुको मृतआत्मा आफ्नो कुलपितृमा जान्छ भन्ने उनीहरुको विश्वास रहेको छ । सोहीअनुसार मृत्यु संस्कारहरु पनि सम्मानपूर्वक गर्ने गरेको पाइन्छ । कुबीहरुका अनुसार कुबीहरुको सहज मृत्यु भए पनि उनीहरुको आत्मा आफ्नो कुलमै जान्छ भन्ने हुँदैन । उनीहरुको मृत्युपछि अर्का कुवीले मुन्धुम विधिअनुसार हेरेर मात्र कुलमा जाने वा नजाने बताएपछि मात्र सोहीअनुसार संस्कार गर्नुपर्दछ ।

---

[६०]. नगेन्द्रनाथ वसु, **हिन्दी विश्वकोश,** भाग १८, (देल्ही : बि. आर. पब्लिशिङ्ग करपोरेसन), वि.सं. १९७६, पृ. २६७ ।

[६१]. रामप्रसाद त्रिपाठी, **हिन्दी विश्वकोश,** खंड ९ (वाराणसी : नागरीप्रचारिणी सभा), वि.सं. २०२४, पृ. ३७२-३७३ ।

साम्पाङ राई समाजमा मृतकको अन्तिम संस्कार दुई प्रकारले गरिन्छ । सामान्यतः उनीहरु मृतकलाई गाड्ने गर्दछन् । कतिपयले जलाउने पनि गरेको पाइन्छ । पहिलेपहिले नदीमा बगाएर पनि अन्तिम संस्कार गरिन्थ्यो भन्ने कुरा पनि पाइन्छ । सामान्यतया मृतकको शरीरलाई आफ्नै घरबारीमा पश्चिम सिरानी पारी गाड्नुपर्दछ तर लिम्बूहरुले पूर्व सिरानी पारी गाड्ने गरेको पाइन्छ ।[६२] लाश गाड्नुको अर्थ उनीहरुको मूलथलो यही मुलुक हो भन्ने सङ्केत बुझिन्छ । उनीहरु मृतक गाड्ने चिहानलाई रेप्मा अथवा सुलामसिम् भन्दछन् । कुवीहरुका अनुसार यो तीन किसिमले बनाइन्छ, जसलाई खोप्तोरेप्मा, ममरेप्मा र चुक्तारेप्मा भनिन्छ ।[६३] मृत्युको प्रकृतिअनुसार कुबीमी र तायमीहरुले मृतकलाई कहाँ र कसरी गाड्ने भन्ने निर्णय गरेअनुसार यी रेप्मा तयार गर्ने गरिन्छ ।

**संस्कारका प्रक्रिया** : गाउँघरमा कसैको मृत्यु भएमा सार्वजनिक रुपमा जानकारीका लागि "फलानाले छाडीहाल्यो है, बादा है" भनी केही उच्च स्थानमा गएर तीनपटकसम्म कराएर जानकारी दिनुपर्दछ ।[६४] यो सुनेपछि आफन्तहरु मृतकको घरमा जम्मा हुन्छन् । मृत्यु कार्यमा कुबी आवश्यक मानिन्छ । यसैले यथासक्दो चाँडो कुवीलाई मृतकको घरमा बोलाउनुपर्दछ । कुबी आएपछि उनैको सल्लाहअनुसार मृतकलाई ढोकाको संघारमा टाउको बाहिर र खुट्टा भित्र बनाएर सुताइन्छ । मृतकको निधारमा चाँदीको सिक्का राख्नुपर्दछ । यसको अर्थ मृतक आफ्ना पूर्वज, पितृ भेट्न जाँदा पानी पिउनका लागि भनेर कुवीहरु व्याख्या गर्दछन् । अनि एक माना चामल फुटेको हण्डा (माटाका भाँडा)मा राखेर एकपटक मात्र चलाएर भात पकाउनुपर्दछ । यसलाई बुवाचा भन्दछन् । शव बोक्ने खटलाई यो समाजमा काँधिकाठ भन्दछन् । यसअतिरिक्त ३ वटा कात्रो उन्ने सिन्को, धनुष, वाण, ३ वटा बाँसको चुङ्गे (ढुंग्रो) आवश्यक पर्दछ । यसका साथै जाँडरक्सी पनि आवश्यक हुन्छ । यसपछि कुवी (धामी)ले आफ्नो मुन्धुम विधिअनुसार मृतकको शिर उठाउँदै भात र चुङ्गेको जाँडको छोक्रा, जसलाई चचुवा भनिन्छ, लाई अलि-अलि मृतकको मुखमा राखिदिन्छन् । यो मृत आत्मालाई कुलपितृमा पुऱ्याउने विधि हो भनिन्छ । यसबखत गाइने मुन्धुम आफ्नै

---

[६२]. स्थलगत अध्ययनमा आधारित ।

[६३]. वासपानी-४ का कुवी **राजकुमार राई** (हाल स्वर्गीय)सँगको अन्तर्वार्तामा आधारित ।

[६४]. वासपानी-५ का **पहलमन राई** (वर्ष ८६)सँगको अन्तर्वार्तामा आधारित ।

भाषामा वाचन गर्नुपर्दछ ।[६५] यो समाजको विश्वासअनुसार पितृमिलन नै मृत आत्माको सम्मानजनक स्थान हो । हिन्दू मान्यतामा यसलाई वैकुण्ठधाम भनिन्छ । कुवीले धनु, वाण हातमा लिएर विधिपूर्वक मृत आत्मालाई कुलमा पुऱ्याउन मुन्धुम वाचन गर्दछन् । यसैलाई साम्खाइ पूजा भनिन्छ । यसरी विधिपूर्वक आफ्नी छोरीचेलीलाई साम्खाइ पूजा गरेर आफ्नो चुल्हो अर्थात् कुलबाट मुन्धुमविधिबाट विदा गरी कुटुम्बतर्फ नसारेसम्म विवाह गरी गएकी चेलीको आत्मा माइतिपक्षकहाँ नै रहन्छ भन्ने विश्वास गर्दछन् । यसैले मुन्धुमअनुसार विदा दिनुपर्दछ भन्ने मान्यता देखिन्छ ।

साम्पाङ राईहरुको पितृ मिलानजस्तै मान्यता हिन्दूहरुमा पनि पाइन्छ । यसबारे ऋग्वेदको दशौं मण्डलमा निम्न श्लोक रहेका छन्-

---

[६५]. वासपानी-४ का कुवी **राजकुमार राई** (हाल स्वर्गीय)सँगको अन्तर्वार्तामा आधारित- मृतकलाई कुलमा पुऱ्याउने मुन्धुम विवरण- "हमो .. उदुहँः पारुहँःवा, सुम्नीमा  नायुमावा, राछाकुपा, खचुलुप्पा, वाइलुङ्मे, वातुङ्मेवा, अथेपा हँःछाराम्पी यँः लिसेलो मरीमुन्मा मुनेचिलो पापारबी रबीबुङ्मी माःमाचुनु चुनुबुङ्मी सागुवापी मरिमुन्मा या मुनेचिलो ए छाब्कबी छाब्कुरिवा यँः छाब्मा छाबेलो काए हँःछा यँः हुल्मा हुलेकङा यँः धामा यँःधेकङा अथेपा लुङ्छिरीमा कँःचुली दुङ्थगुरसावा सिमानाम्सी यँः बुसुलो काए हँःछा यँः धेकङा ।

आना ङायुमिनाङा, सिखिमिनाङा, ताङ्खीमिनाङा, बुलुमिनाङा, चासुम्मिनाङा, आम साम धुङ्लो सारी धुङ्लो खामवा खाप्चीवासँः धाइमुमा म्याङाना खामवारिकु खाप्चीरिकु लोन, कुवीवासँः धाइमुमा म्याङाना कुवीरिकु लोन, तायावासँः धाइमुमा म्याङाना तायारिकु लोन, चासुम्वासँः धाइमुमा म्याङाना चासुम्रिकु लोन, बुलुवासँः धाइमुमा म्याङाना बुलुरिकु लोन, रुमीयँः पमियँःवासँः धाइमुमा म्याङाना रुमिरिकु लोन, सागुवाछासँः धाइमुमा म्याङाना सिकुलोन, आम्सामङा धुङ्लो सारिङा धुङ्लो कँःचिली दखब्सुङ्ङा धुङ्लो नुछिरी लुदुरमावा च्याप्मालुङ्, घ्याम्पालुङ्ङा धुङ्लो रिसिम्ला वायाला धुङ्लो बुक्छामीना/बुङ्खामीना छाप्कुरिया यँः छाब्मा छाबानालो, बप्कुरी यँः बप्मा बबानायी खकसानु यँः बुदुम्सुम्ने । ङायुमिङो, ताङ्खिमिङो कङा मत्तई यँः गुँन खकसानु सानुलोन साम धुङ्लो कँचिली दखब्सुङ्ङा धुङ्लो, नुछिरी लुदुरमाङा धुङ्लो सिरीम्ला वायालाङा धुङ्लो, राजादुङ्सँः याधिङा, तायामीसँः याधिङा, कुवीमीसँः याधिङा, सिबीछा भ्याम्माछासँः याधिङा, तायामी ताङ्खीमिसँः याधिङा, चाप्चायँःसँः याधिङा, बेर्पासँः याधिङा, तुप्सुङ्यँःसँः याधिङा, धिलुङ्यँःसँः याधिङा, हदियँःसँः चपीयँःसँः याधिङा । खकसानु लायेसेनेमा न कङा यँ गुँन खिसुङ्ला रहलापी आम्लाबुङ्वा यँः खबिनाले सिरिम्ला वायलापी सिबिरमाबुङ्वा खबिनाले खकसानु यँः बुदु खाङुम्सुम्नेओ ।

राजादुङ्सँः याधिनक, तायामीसँः याधिनक, कुवीमिसँः याधिनक, सिबिछा भ्याम्माछासँः याधिनक, तायामी ताङ्खिमीसँः याधिनक, चाप्चायँःसँः याधिनक, बेर्पासँः याधिनक, तुप्सुङ्यँःसँः याधिनक, धिलुङ्यँःसँः याधिनक, हदियँः चापीयँःसँः याधिनक, कङा इत्ता मुरुलिसुङ् अँः रुमिपामी सेलेयँःसँः मान्दुङ्क, अँः सागुवाछा, तायामी, तुम्साबुसँः मान्दुङ्क कङा इत्ता खाबाराचा पयवाचा मुरुलिसुङ् पँःमान्छेमा सिरिम्ला वालापी खकसानु लायासामा सिखिम्री यँः बुदुम्सुम्ने खाङुम्नेओ ढङ्.. ढङ्.. ढङ्.. ।"

**प्रेहिप्रेहिपथिभिःपूव्येभिर्यत्रानःपूर्वेपितरःपरेयुः ।**

**उभाराजानास्वधयामदन्तायमंपश्यासिवरुणंचदेवम् ॥७॥**

यस श्लोकको अर्थबाट आफन्तको मृत आत्मालाई 'हे पिता ! हाम्रा प्राचीन पुर्खाहरु जुन स्थानमा पुगे तिमी पनि प्राचीन मार्गद्वारा त्यही स्थानमा राम्ररी जाऊ र अन्नद्वारा खुसी हुने यम र वरुण दुवै राजालाई हेर' भनेर बाटो देखाएको विवरण पाइन्छ ।[६६]

कुबीले साम्खाइ पूजा गरिसकेपछि शवलाई सेतो कपडा (कात्रो)मा बेरेर तीन ठाउँमा बाँसकै सानासाना काँटी जस्तो वस्तुले टाँका लगाएर मोडिन्छ । शवलाई बाहिर ल्याई बाँसको काँःधिकाठ (भऱ्याङ)मा सुताएर ३ वटा चोयाले तीनै ठाउँमा हात उल्टो पारेर बाँध्नुपर्दछ । यसपछि कुवीले पहिले घरको त्यसपछि अन्य दाजुभाइहरुले ल्याएको जाँड चुङ्गेबाट एकएकपटक उल्टोबाट मृतकको मुखमा खुवाउँदै फाल्दै गर्दछ । सन्तानहरुको आयु, धनसम्पत्तिको सह, आत्मासँगै नजाओस् भनेर कुबीले **'नपी न खामवा पेसेका, खाप्ची पेसेका, बुलु पेसेका, चासुम् पेसेकाओ'** भन्दै अम्रीसोको कुच्चोले शवको शिरदेखि हातखुट्टातिर सोर्दै ३ पटक चुक् चुक् चुक्... गरी पाथी डालोमा झार्ने गर्दछ ।[६७] यसपछि उनैले धनुवाण चारैतिर ताक्दै विभिन्न मुन्धुम फलाक्दछन्, अन्यले शव उठाउँछन् ।

(क) **शवयात्रा** : शवयात्राका लागि पकाएको भात, लावा र पैसा बाटोमा छिट्दै कुवी अगाडि लाग्दछ । शव बोक्नेहरु उसको पछि लाग्दछन् । शवलाई मृतकका नजिकका नाता पर्नेहरुले अगाडि दुईजना र पछाडिबाट दुईजनाले टाउको अगाडि पारेर बोकेर हिँड्नुपर्दछ । त्यसपछि एकजना पुर्खा मृतकको नाममा एक माना चामल, एक कठुवा रक्सी, एक मोहर पैसा, एउटा हतियार, एउटा कुखुरा चल्ला बोकेर हिँड्दछ र एकजनाले तीनवटा अगुल्टालाई चोयाले बाँधेर बोक्दछ । यसपछि अरु सबै मलामीहरु अन्तिम संस्कारतर्फ लाग्दछन् । घरबाट शव हिँडाउनासाथ दुईजना महिलाहरुले घरको कुनाबाट लिप्दै मूलढोकाबाट निक्लनुपर्दछ । मृत्युपछिका प्रत्येक संस्कारहरु उल्टो तरिकाबाट गर्नुपर्दछ त्यसैले घर लिप्दा पनि उल्टोबाट दुईजनाले लिप्नुपरेको बुढापाकाहरु बताउँछन् ।[६८]

---

[६६]. गौतम, **पूर्ववत्,** (पादटिप्पणी सङ्ख्या-१७), पृ. २८८९ ।

[६७]. वासपानी-४ का कुवी **राजकुमार राई** (हाल स्वर्गीय)सँगको अन्तर्वार्तामा आधारित ।

[६८]. वासपानी-९ का कुवी **बनारसिला राई**सँगको कुराकानीमा आधारित ।

मृतकलाई रेप्मा/सुलमाखिम् (चिहान) पुऱ्याएपछि (यो पहिल्यै तयार पारिएको हुन्छ) बायाँबाट एक फन्को घुमाएर भुइँमा राखेर काँधिबाट निकाली सुलामखिमलाई सिरुको मुठाले सोरेजस्तो गर्नुपर्दछ । शवलाई फेरि दुई फन्को घुमाएर पहिलेको सहित तीन फन्को पुऱ्याएर सुलाम्खिममा राख्दछन् । शवलाई राख्दा मान्द्रो (आधा काटेको) आधा भाग ओछ्याई आधा माथिबाट ओडाइदिने चलन रहेको पाइन्छ । अनि मृतकको सम्पूर्ण लुगाहरु खुट्टातर्फको खुट्टैपट्टि र माथिको भागको सिरानीतर्फ राखिदिएर एक माना चामल, एक मोहर, एउटा हतियार (पुरुष भए कर्द र महिला भए हँसिया) सिरानीतिर राख्नुपर्दछ । पुरुष भए भाले र महिला भए पोथी मारेर कुबीले प्वाँख उखेलेर मृतकको काखीमा राखिदिन्छ । यसको अर्थ मृतकको आत्मा उडेर पितृहरुसँग मिल्न जान्छ भन्ने हो । यस्ता कुखुरालाई 'लेलेपेर्मा' भन्दछन् । यसको मासु कसैले खानु हुँदैन । यसपछि ढुंगामाटो गरेर तीन तहले मृतकको शव पुर्नुपर्दछ । शव पुरिसकेपछि कुवीले शवको मुटु सिधा पर्ने गरी एउटा बाँस वा काठ गाड्दछ । यसैबेला मृतकको नाममा पहिले नजिकको नाताले त्यसपछि क्रमैसँग अन्यले पनि ३/३ अञ्जुली माटो दिनुपर्दछ[६९] जसलाई मट्टी दिने भनिन्छ । यति कार्य सकिएपछि कुवीले कसैको सातो मृत आत्मासँग रह्यो कि भनेर मुन्धुम विधिअनुसार अघि गाडिएको काठ वा लिङ्गो अलिअलि तान्दै आठपटकमा बाहिर निकाल्दछ । यसपछि चिहानमाथि तीन तहको ढुङ्गाको गारो लगाएर माटोले राम्ररी पुरिन्छ । नपनी काठलाई चिरेर विजोडी सङ्ख्याको भकारोजस्तो बनाइन्छ । काँधिकाठ (शव बोकेको भऱ्याङ)लाई पनि तीनतीन टुक्रा काटेर चिहानमाथि नै राख्दछन् । यसपछि हण्डाको भात त्यही चिहानमाथि घोप्ट्याएर हण्डा पनि फुटाइन्छ र कटुसको हरियो स्याउलाले चिहान राम्ररी बढारेर सफा गरेपछि शव गाड्ने काम सम्पन्न हुन्छ ।

घर फर्कने क्रममा पहिले महिलाहरु धारा, कुवातर्फ गई सरसफाइ गरी फर्केपछि पुरुषहरुको पालो त्यता जान्छन् । त्यही धारालाई दायाँतिर पारेर मृतकको दुःख बोक्नेहरुको कपाल मुण्डन गर्नुपर्दछ । मुण्डनको काम दुःख बोक्नेहरुको मामा वा भान्जाहरुले नै गरिदिनुपर्दछ । मामा तथा भानिजहरु नभएमा ज्वाइँले गरिदिए पनि हुन्छ । पहिल्यै राखिएको कात्रोको टुक्रा च्याती एकसरे कपडाले कपाल बाँधिदिनुपर्दछ । तर, छोरीहरु मात्र भएमा कपाल मुण्डनको साटो नुहाए मात्र हुन्छ । यसपछि सबै घर फर्कन्छन् । फर्कने क्रममा

---

[६९]. स्थलगत अध्ययनमा आधारित ।

क्रमशः आइमाई, केटाकेटी, तन्नेरीहरु अनि बुढापाका र अन्तमा कुवी हिंड्ने चलन रहेको छ । मलामीलगायत दुःख बोक्नेहरु घर प्रवेश गर्दा सबैले तितेपातीको ३/३ वटा मुन्टा लिएर आई घरको ढोकाबाहिर सँघारमा राखेर पहिले दायाँ खुट्टाले, त्यसपछि बायाँ र अन्तमा दायाँ खुट्टाले टेकी घरभित्र पस्नुपर्दछ । यसपछि सबैलाई खाजाको रुपमा जाँड बाँडिन्छ । यो दिन बारीको काम गर्न हुँदैन भन्ने विश्वासअनुसार खनजोत खेतीपातीको काम कसैले पनि गर्दैनन् । यसपछि कतिपय आ-आफ्नो घर फर्कन्छन् । कोही सान्त्वनाको लागि त्यहीं बास बस्छन् । यस दिन मलामीहरु मृतकको घरपरिवारसँग विदा नमागी आफ्नो घर फर्कनुपर्दछ । यो पुर्खाले बसालिदिएको संस्कारलाई कायम राख्दै मृतकको सम्मान पनि हो । विधिपूर्वक यस्ता कार्यहरु गरिएन भने एकातर्फ मृतकको मृत आत्माले दुःख मान्दछ र जीवितहरुमा सुखशान्ति हुँदैन, अर्कोतर्फ अन्य समाजले पनि आफ्नो परम्परा छाडेकोमा गलत दृष्टिले हेर्दछन् भाव भन्ने देखिन्छ ।

**(ख) साम्खाइपूजा :** शव गाडेर घर आइसकेपछि कुवीले साम्खाइपूजा (मृत आत्मालाई पितृसँग मिलाउने विधि) गर्नुपर्दछ । गर्दा पहिला घर, आँगन सफा गरेर चुल्होको तलपट्टि केराको पात तीन पत्र पारेर ओछ्याइन्छ । त्यसपछि एक माना चामल, अदुवाका केही टुक्रा राखेर यसको दायाँतिर एक कठुवा रक्सी र तँःबासुङ (बाँसको उल्टो ढुंग्रो)मा जाँडको छोक्रा घरको तर्फबाट राख्नुपदर्छ र बायाँतिर भाइवन्धुहरुले ल्याएको रक्सी एक कठुवा, तँःबासुङ अनि एकपटक मात्र चलाएर फुटेको हाँडीमा पकाएको एक माना चामलको भात दुईवटा टपरामा तीनपटक उल्टो रुपमा पस्केर त्यसमाथि छँरिसा (चरा, पहा, माछा, थार, घोरल आदिको मासु) राखी तामाको पाथीमा वा पाथीडालोमा राखी दायाँबायाँ राख्नुपर्दछ । यी सबै खानेकुराहरुलाई केराको पातले छोप्नुपर्दछ । तितेपाती, दुवो मिसाएर एउटा कलश पनि तयार गर्नुपर्छ । यसपछि सुँःवभारको बलेम्खँः (काठको पिर्का) ल्याएर थानको तलपट्टि एउटा टुप्पोसहितको केराको पातमाथि राख्नुपर्दछ । कुबीले चलाउने एउटा चिण्डोमा चोखो रक्सी लगाएर त्यही छेउमा राख्नुपर्दछ ।

कुबी बलेम्खँःमा बसेर अक्षता, अदुवा र चिण्डोको रक्सी अगेनामा छर्कंदै मुन्धुम विधिअनुसार मृत आत्मालाई पारुहाङ, उदुहाङ, सुम्निमा, नायुमा, खचुलुप्पा, छाइता, राछाकुप्पालाई देखाउँदै अगेनाको सुतुलुङ अर्थात् कुलमा लगाउँछन् । मृतकको नाम, जाति, पाछा, साम्मे उच्चारण गर्दै विधिपूर्वक मृत आत्मालाई कुलमा पुऱ्याउने गर्दछन् । यसबेला

अन्य परिवारका तुम्साबु (मान्यजनहरु) तथा तायमी (जानकार) लगायतकाहरुले पनि मृत आत्मालाई पितृमा मिलाउने काम गर्दछ ।[७०] यो कार्य गरिरहँदा बेलाबेलामा तँःवासुङ (ढुङ्ग्रोको जाँड) केराको पात उघारेर हेर्ने गर्दछन् । यसबेला जाँड केही कम भयो भने त्यो शुभ सङ्केत मानिन्छ, अलिकति पनि नघटेमा वा धेरै घटे अशुभ सङ्केत मानिन्छ । यस्तो भएमा घरपरिवार वा भाइवन्धु अथवा चेलीबेटीतर्फ अशुभ हुने अनुमान गरिन्छ । जाँड घटेमा अलिअलि थपिदिनुपर्दछ ।[७१]

यसरी तीनपटक मुन्धुम वाचन गरिसकेपछि बुवाचा (भात)लाई केराको पातमा ससाना पोका पारेर दुई पोका अगेनामा, चार पोका छेममा चढाउँदै **'फुपापाचेउ ! इसेपीका नक बुक्छामी/बुङ्खामालाई आनानीलो ख्याबुम्काक तुई आनानीलोङा युसानुम्, चामाक हुम्माकचिसँः आनानीङा प्यानुम्ओ'**[७२] भनी (पुर्खाहरु हो ! आजदेखि यस बुक्छामी/ बुङ्खामालाई तपाईंहरुको साथमा लगाएका छौं । तपाईंहरुसँगै राख्नुहोस्, खानेलाउने पनि तपाईंहरुले नै दिनुहोस्) भनेर पुकार गर्दछन् । एक पोका घरबाहिर सार्नुपर्छ । थानी भए त्यहाँ पनि दुई पोका चढाउनुपर्दछ । यसपछि थान उठाइन्छ । त्यहाँ चढाएर बाँकी रहेको जाँड, रक्सी कुबी र बुढापाकाहरुले बाँडिखान्छन् । सहज मृत्यु हुनेको आत्मालाई कुवीहरुले मुन्धुमको माध्यमबाट साम्खाइपूजा गरी अन्तिम पितृस्थान धेम्मालुङ, रिसिम्ला-माखम्ला, छिटेढुङ्गा, फुकुलु पुऱ्याउने अर्थात् क्रमशः चिखिम्खिम-फलेकु-पँतेकु-चारीकु-धेम्मालुङ-रिसिम्ला माखम्ला-फुकुलु पुऱ्याउँछन् भनी विश्वास रहेको पाइन्छ ।[७३] तर, पाथेका गाविसका मृत आत्मालाई पुऱ्याउने ठाउँलाई 'छिरिलुङ' भन्दछन्, जुन सोही गाविसको वडा नम्बर ८ मा पर्दछ ।[७४] यहाँ विभिन्न भग्नावशेषहरु रहेका छन् ।

पहिलो दिनको साम्खाइपूजा गरेपछि दोस्रो दिन पनि साम्खाइपूजा गर्नुपर्दछ । यो दिनको प्रक्रिया पनि पहिलाको जस्तै हुन्छ । कुवीले मुन्धुम पाठ गर्दै त्यहाँ राखिएको जाँड, रक्सीको स्थिति हेरेर भविष्यवाणीहरु गर्दछन् । जुन भविष्यवाणी शुभ, अशुभ हुने गर्दछ भन्ने

---

[७०]. स्थलगत अध्ययनमा आधारित ।

[७१]. स्थलगत अध्ययनमा आधारित ।

[७२]. वासपानी-४ का कुवी **राजकुमार राई** (हाल स्वर्गीय)सँगको अन्तर्वार्तामा आधारित ।

[७३]. वासपानी-९ का कुवी **नीरकुमार राई**सँगको अन्तर्वार्तामा आधारित ।

[७४]. पाथेका-३ निवासी **दैबकेशर राई** (वर्ष ७०)सँगको अन्तर्वार्तामा आधारित ।

विश्वास रहेको पाइन्छ । यो पहिलो दिनको साम्खाइपूजा गरेको दिनदेखि मृतकको अन्तिम काजकिरिया नसकेसम्म घरपरिवारमा जे खाना खाइन्छ, आफूहरुले खानुपूर्व मृतकको नाममा एउटा काँसेबटुकामा अगेनामाथि खोपीमा राखिदिनुपर्दछ । विहान चढाएकालाई बेलुका र बेलुका चढाएकालाई विहान अगेनाको एक कुनामा खन्याएर त्यही बटुकामा फेरि खान राखिदिनुपर्दछ । यस कार्यलाई सातो पाल्ने भन्दछन् । परम्परागत मान्यताअनुसार मृत आत्मालाई विधिवत् रुपमा आफ्नो कुलपितृहरुसँग नभेटाएसम्म ती आत्माले खान पाउँदैन र जीवित परिवारकै आशमा रहने भएकाले विहान-बेलुका नै खान दिएर पाल्नुपर्दछ भन्ने धार्मिक विश्वास रहेको छ । कुवीमार्फत् मृत आत्मालाई कुलपितृहरुलाई भेटाएर अन्तिम विदा दिएपछि भने विगतका पितृहरुले नै पाल्ने भएकाले त्यसपछि भने सातो पाल्नु पर्दैन भनिन्छ ।

विवाह गरी ल्याएको तर कुनै कारणवश बाबु-माइतिबाट वचन/वाग्दाता नदिएको अवस्थामा मृत्यु भए बाबु-माइतिपक्षलाई तुरुन्तै बोलाएर उनीहरुबाट वचन-वाग्दाता मागेर मात्र मृतकको सामखाइपूजा गर्नुपर्दछ । यस्तोबेला माइतिपक्षहरु आएर मृतककै घरमा वचन दिने गर्दछन् । यस्तो वाग्दातालाई सुद्धता भनिन्छ, जो सामान्य अवस्थामा जस्तो तीनपटक दिइँदैन, एकपटक मात्र दिइन्छ । यस बेला यो सुद्धता वचन दिने काम भएन भने मृतकको संस्कार माइति पक्षले गर्नुपर्दछ ।

कसैले सुँःसा (अन्तरजातीय) महिला विवाह गरेको रहेछ र उनको आत्मा कुलपितृमा नजाने भएकाले यस्ता मृतकलाई दाहसंस्कार वा गाड्न उसैको बाबुमाइति बोलाएर गर्न लगाउनुपर्दछ । यसो गर्नलाई सम्भव भएन भने पनि उसैको मिल्ने जातिका मानिस खोजेर संस्कार गराउनुपर्दछ । यस्ताको मृत आत्मालाई कुवी/धामीहरुले बताएअनुसार उनीहरुबाटै विभिन्न स्थानमा राख्न लगाइन्छ तर कसैकसैको आत्मा थानीको रुपमा पनि आउने गर्दछ भन्ने विश्वास छ । यस्ता थानीलाई घरबाहिर थान स्थापना गरी राख्ने र वार्षिक रुपमा कुवीहरुले भनेअनुसार पूजा गरी केही खानेकुराहरु चढाउने गर्दछन् । साम्पाङ राई जातिमा सतीप्रथा छैन ।

**(ग) आशौच :** साम्पाङ राई जातिमा आफ्नो घरपरिवारका सदस्यको मृत्युमा परिवारका सदस्य तथा सात पुस्ताभित्रका वंश भाइवन्धुसमेतले जुठो बारन गर्नुपर्दछ । मृतकलाई समाधि पुऱ्याएर घर फर्केपछि कुबीले साम्खाइपूजा सम्पन्न गराइन्छ, त्यसपछि

उनै कुबीको भनाइअनुसार सोही दिनदेखि बारनको कार्य सुरु हुन्छ । यस्तो बारन दुई अवस्थाको देखिन्छ । पहिलो साम्खाइपूजा गरेपछि सुरु हुने पाँच छाक बारन र त्यसपछि अन्तिम किरिया नगरेसम्म गरिने बारन पहिलो बारनमा एकै वंशका भाइवन्धुहरुले पाँच छाक बार्नुपर्दछ । यसलाई नुन, तेल छाड्नु/बार्नु भनिन्छ । साम्पाङ राई जातिमा पाँच छाक बारनको क्रममा सात पुस्ताभित्रका भाइवन्धुहरुले निम्न कुराहरु बारन गर्ने गरेको देखिन्छ[७५]:-

- छँरिसा (चरा, पहा, माछा, थार, घोरललगायतको मासु) ।
- सुँगुरको मासु ।
- बाबुको नाममा रक्सी ।
- कसैको जुठो ।
- काँसको थाली, कचौरा ।
- नुन, तेल ।
- नाचगानलगायतका मनोरञ्जनात्मक कार्य ।
- खाटमा सुत्न ।
- गुठको गुन्द्री ।
- आमाकोमा भए दूध ।
- धुम्रपान ।
- ढोगभेट गर्न ।
- दही-चामलको टीका ।
- अन्य कुराहरुमा कुवीको निर्देशनबमोजिम ।

यी बारन मुख्यगरी किरियापुत्रीहरुले पालन गर्नुपर्दछ । भाइवन्धुहरुले पाँच छाक नुन, तेल र शुभकार्य मात्र बार्ने गर्दछन् । यसरी मृतकको नाममा उल्लेखित कार्यहरु बारन गर्नुको कारण जीवित आफन्तहरुले मृतकको नाममा यस्ता कुराहरु बारन गर्दा मृत आत्माले शान्ति पाउँछ र आफ्नो परम्परागत मान्यता पनि जोगिन्छ भन्ने रहेको छ । यो जातिमा हिन्दू मान्यताजस्तो किरियापुत्रीहरुले वर्ष दिनसम्म सेतो वस्त्र लगाउनुपर्ने तथा वर्ष

[७५]. वासपानी-९ का कुवी **नीरकुमार राई**सँगको अन्तर्वार्तामा आधारित ।

दिनसम्म सबै प्रकारका बारन गर्नुपर्ने मान्यता छैन । पाँच छाकको जुठो बारन पूरा भएपछि मावली, शवयात्रामा सहभागी मलामीहरुलगायत आफन्तजनहरु निमन्त्रणा गरी मलामी चोख्याउने काम गर्ने गर्दछन् । यसलाई नुनतेल छुने पनि भनिन्छ ।

(घ) **नुन-तेल छुने** : पाँच छाक बारन गर्ने कार्य समाप्त भएपछि सबै आफन्तलगायत मलामीहरुको उपस्थितिमा मलामी चोख्याउने अर्थात् नुनतेल छुने कार्य हुन्छ । कुबीले पहिलाकै पद्धतिबाट सामखाइपूजा गर्नुपर्दछ । यसरी नुनतेल छुने अर्थात् चोखिने दिनका लागि निम्न प्रकारका सामानहरु आवश्यक पर्दछ :

१. एउटा कुखुरा मारेर तरकारी पकाएर टपरामा राखिन्छ । तर यो कुखुरा कार्य भने दुःख बोक्नेको भान्जा नाता पर्नेले मात्र गर्नुपर्दछ अन्यले हुँदैन ।

२. एउटा दुनामा नुन, तोरीको तेल, बेसार ।

३. एउटा तामाको सिक्का ।

४. एउटा दुनामा अलिकति कोदो, मर्चा र पानी, (कतैकतै गहुँत र सुनपानी पनि प्रयोग गर्दछन् ।)

५. तितेपाती, दुवो र तामाको सिक्का र एउटा कलश ।

६. एक कठुवा रक्सी ।

कुबीले साम्खाइपूजा गरिसकेपछि सबै सामान आँगनमा राखेर मलामीहरु एकातिर, सगोत्रीहरु एकातिर गरी दुई समूहमा उभिनुपर्दछ । यसपछि कुवी, अगुवा, जानकार व्यक्ति (भानाभान्जा वा ज्वाइँ अथवा पाँचछाके दाजुभाइबाहेक)ले आजदेखि सवै मलामीहरु शुद्ध भएको, दुःखमा पर्नेहरुको पनि पाँच छाक पूरा भएकाले नुन, तेल प्रयोग गर्न खुला भएको घोषणा गर्दछन् । घरमूलीबाट सुरु गरी क्रमशः अरुलाई पनि चोख्याउने काम हुन्छ । चोख्याउँदा पहिले तामाको पैसा छुवाउँदै बायाँ हातको कान्छी औंलाले नुन, बेसार, तेल छुवाएर तीनपटक खुट्टातिर छर्कन लगाइन्छ । यसपछि कलशको पानी, कोदो मर्चाको पानी (कतै गहुँत पानी)ले छर्कंदै आफ्नै भाषामा ‘आजसम्म जुठोमा परेका र आजदेखि नुनतेल

बारन फुकुवा भयो' भन्दै टपराको रेँकोसा (कुखुराको मासु) एक चोक्टा खान दिइन्छ ।[७६] चोखिनेहरुले कलशको पानी अलिअलि हातमा थापेर खाँदै आफ्नै शरीरमा छर्कनुपर्दछ । सगोत्रीहरुलाई चोख्याउने काम सकिएपछि मलामीहरुलाई कलशको पानी, कोदोमर्चाको पानीले छर्केर चोख्याउने गर्दछन् । यसपछि कुखुराको तरकारी र रक्सी सबैलाई बाँडेर खुवाइन्छ । यति भएपछि नुनतेल छुने अर्थात् मलामी चोख्याउने काम सम्पन्न हुन्छ । अन्तमा आगन्तुकहरुलाई जाँडरक्सी र सामान्य भोज खुवाएर विदा गरिन्छ । यसरी आफन्त, मलामीसमेतलाई बोलाएर विधिवत् रुपमा नुनतेल छुने कार्य गरी चोखिनुपर्ने कारण भनेको सवै आफन्त तथा मालामीहरुलाई आफ्नो जातीय संस्कारअनुसार मृत्यु संस्कारअन्तर्गत नुनतेल छुने कार्य विधिवत् रुपमा सम्पन्न गरियो र अब कुनै दोष लाग्ने छैन भन्ने सन्देश पनि हो ।

कुनै आफन्तहरु मृत्युको समयमा खबर पाउन नसके वा आउन आउन नसकेर मृतकलाई मट्टी दिन छुटेकाहरु काजकिरियाको निम्तो नचलाएसम्म मृतकका परिवारलाई भेट्न जाँडरक्सी ल्याएर आउने चलन छ । यसलाई 'लोदर भेट' भनिन्छ । यसबेला आउनेहरुले ल्याएका खाने कुराहरु पनि मृतकको नाममा छुट्याएर मात्र अरुले खाने गर्दछन् ।

जुठो बार्ने कार्य कुनै विशेष परिस्थितिमा भने केही दिन बाँकी राखेर पनि गर्ने चलन रहेको पाइन्छ । यसलाई *'राखी किरिया'* भन्दछन् ।[७७] यस्तो अवस्थामा खास गरेर विवाहको कारणले सिर्जना हुन सक्दछ । जस्तो कि कसैको विवाह गर्न सम्पूर्ण तयारी भइसकेको अवस्था छ र यस्तो अवस्थामा परिवारको कुनै सदस्यको मृत्यु भयो भने त्यो विवाह पर सार्न नसक्ने अवस्थामा त्यस्ता विवाहको कार्य सम्पन्न गरेपछि मात्र मृत्यु संस्कारअनुसार साम्खाइपूजा गरी बारनको कार्य गर्नुपर्ने हुन्छ । यस्तै पाँच छाक बारन गर्दा बारनको कार्य पूरा नहुँदै अर्को महिना तथा वर्ष सुरु हुने भएमा पनि *'राखी किरीया'* गर्ने परम्परा छ । राखी किरीया गर्नुको अर्थ कुनै शुभकार्य (विवाह, छेवर आदि) गर्ने निश्चित भैसकेको अवस्थामा कसैको मृत्युकै कारणले हुन लागेको काम रोक्दा धेरै आफन्त,

---

[७६]. स्थलगत अध्ययनमा आधारित ।

[७७]. वासपानि-९ का कुवी **नीरकुमार राई**को अन्तर्वार्तामा आधारित ।

कुटुम्बलगायतलाई पर्ने असरलाई ध्यानमा राखेर आफूहरुमा अचानक आइपरेको दुःखलाई केही समय बिर्सेर अरुको हितमा कार्य गरिएको देखिन्छ ।

(ङ) **अन्तिम कर्म :** नुनतेल छुने अर्थात् मलामी चोख्याउने काम सकिएपछि अन्तिम काजकिरिया गर्ने काम बाँकी रहन्छ । अन्तिम काजकिरीया पहिलो साम्खाइपूजा गरेको १३ दिनपछि सकेसम्म तीन महिना अगावै गर्नु राम्रो मानिन्छ । कतिपय अवस्थामा ५-७ महिनाभन्दा टाढा पनि जान सक्दछ । यस्तो कार्य मृत्यु भएको विजोडी महिनामा मात्र गर्ने मान्यता रहेको छ । अन्तिम किरिया गर्दा पाटी, चौतारा बनाएर ढुङ्गामा मृतकको सम्झनामा शिलालेख पनि राख्ने गर्दछन् । यस्तो चौतारा जहिले बनाउन सुरु गरे पनि अन्तिम किरियाकाज सकिने दिन मात्र सम्पन्न गरिनुपर्दछ । यस दिन पनि कुवीद्वारा विधिपूर्वक साम्खाइपूजा गर्नुपर्दछ । यस दिनको साम्खाइपूजामा पहिलापहिला गरिनेभन्दा केही सामानहरु थप गर्नुपर्दछ । यसबेला आवश्यक पर्ने सामानहरु निम्न छन् :

१. केराको पातमा एकमाना चामल, अदुवाका टुक्रा, एक कठुवा रक्सी ।

२. छँःरिसा, कलश ।

३. दुईवटा टपरामा बुवाचा (साम्खाइ भात) ।

४. जाँडको छोक्रा भएको दुईवटा तँःबासुङ ।

५. एउटा सिलमा सुँगुरको मुटु, कलेजो, मासु, मृगौला, फियो, फोक्सो, कान, करङ्को मासु, खुट्टाको मासु ।

६. दुईवटा दुनामा नुन नराखी भुटेको सुँगुरको मासु ।

७. अक्षतामा पानी, बेसार मिसाएर बनाएको टीका ।

८. केही फूल तथा मालाहरु ।

९. चिण्डोमा चोखो रक्सी ।

१०. सुलामखिम (चिहान) खन्दा पहिलो दम्को खन्ने अथवा चिहानमा शवमाथि ढकनी लगाउनेको लागि शिर उभ्याउनी एउटा हारती, एक कठुवा रक्सी र केही पैसा ।

यसपछि थान तयार गरी कुबीले मुन्धुम विधिअनुसार साम्खाइपूजा गर्न सुरु गर्दछन् । पुनः मृत आत्मालाई खानाहरु छुट्याएर अन्तिमपटक मृत पुर्खाहरुसँग भेटाउँछन् । यसपटक खाद्यसामग्रीहरु खुलै राखिन्छ । यसबेला पनि खानेकुराहरु जाँच गरिन्छ । खानेकुरा घटेमा मृत आत्मा आफ्ना पितापुर्खाहरुलाई भेटेर बसेको रहेछ भन्ने विश्वास गरिन्छ भने नघटेमा मृतकले पुर्खाहरु भेट्न सकेन वा चित्त दुःखाएछ भनी फेरि सवै भागमा अलिअलि थपिदिने गर्दछन् । यो कार्य तीनपटक दोहोऱ्याउनुपर्दछ । यसैबेला पहिलो साम्खाइपूजाको दिनदेखि सातो पाल्ने भनिएको भात (मृतकको नाममा खाना चढाउने गरिएको काँसे बटुकाको भात) अगेनामा घोप्टाएर त्यस दिनदेखि खाना चढाउन छाड्दछन् । कुबीले साम्खाइपूजा गरीसकेपछि थानमा राखिएका खानाहरु बुढापाकाहरुले अन्य देवीदेवताहरुलाई मन्साएपछि थानको चामल र पोलेको मासु भारमाथि राख्नुपर्दछ । यसपछि परिवारजनबाहेक सबैलाई जाँडरक्सी बाँडिन्छ । परिवारजन र किरिया बस्नेहरु पाटी, चौताराबाट फर्केर पुनः मुण्डन गरेपछि चेली र मामाहरुले रक्सी खुवाएर शुद्ध गरिन्छ । अनि मात्र अन्य खाना दिनुपर्ने मान्यता छ ।[७८]

कुबीले पाटी वा चौतारा मृतकको नाममा अर्पण गर्न कोदो, मर्चा र पानीको चिण्डो बोकेर मुन्धुम फलाक्दै स्थानीय देवीदेवताहरुसमेतलाई सम्बोधन गर्दै हिँड्दछ । उनैको पछि लागेर पाटी वा चौतारा बनाउने कामदारहरु र दुःख बोक्नेहरु त्यस ठाउँमा जानुपर्दछ । यसबेला एक माना चामल, पानीमा अक्षता-बेसार मिसाएर मुछिएको टीका, कठुवामा रक्सी, सेलरोटी, चौतारामा चिनो ढुङ्गा (मृतकको स्मृतिमा लेखिएको शिलालेख) बनाउनेका लागि रीत स्वरुप एक कठुवा रक्सी, एउटा हारती, दुःख बोक्नेको लुगाफाटा, फूलका मालाहरुसमेत लानुपर्दछ । कुवीले मुन्धुम वाचन गरी चिण्डोको पानी सबैतिर छर्केपछि मृतकको नाममा फूलमालाहरु चढाउँछन्[७९] (चित्रफलक नं. ५५) । यसपछि चिनोढुङ्गा लेख्ने व्यक्तिले मृतकको नामको शिलालेख पढेर सबैलाई सुनाउनुपर्दछ । चौताराको वरिपरि चारवटा बाँसको लिङ्गो गाडेर लामालामा फूलका मालाहरु पनि टाँगिएको हुन्छ । कुबीले चौतारा मृतकको नाममा अर्पण गर्दछन् साथै मृतकको आत्मासँग अन्य व्यक्ति र चौतारामा जानेहरुको सातो (आत्मा) गयो कि भनी छुट्याएर ल्याउने काम गर्दछ ।

---

७८. स्थलगत अध्ययनमा आधारित ।

७९. चौतारामा पूजाका साथ फूलमाला चढाएर विधिपूर्व कुवीले ती चौतारालाई मृतकको नाममा अर्पण गर्ने गर्दछ ।

यसपछि मृतकका आफन्तहरुले पाटी, चौतारा बनाउने कजेरीहरुलाई एक कठुवा रक्सी, एक टपरा सुँगुरको भुटेको मासु, एउटा हारती र केही पैसासमेत राखेर सम्मान गरेपछि चौतारा बनाउनेलाई भारा नलाग्ने र मृतकको नाममा चौतारा पूर्ण रुपमा अर्पण हुन्छ भन्ने विश्वास गरेको पाइन्छ ।[८०] यो कजेरीको रीत गरिसकेपछि रक्सी र मासु सगुन स्वरुप सगोत्री दाजुभाइबाहेकले खाएर घर फर्कन्छन्[८१] (चित्रफलक नं. ५६) ।

घर फर्कने क्रममा बाटोमा पर्ने धारा वा कुवातर्फ गई पहिले किरीयापुत्रीका चेलीहरुले स्नान गनुपर्दछ । स्नानपछि किरियापुत्रीहरुलाई भान्जा वा ज्वाइँहरुबाट पुनः मुण्डन गर्नुपर्दछ । यो कार्य धाराको दायाँतिर गर्नुपर्ने मान्यता छ । मुण्डन सकेपछि धाराको बायाँपट्टि ल्याएर पुनः नुहाउन लगाई नयाँ कपडा फेर्न लगाउँछन्[८२] (चित्रफलक नं. ५७) । यसपछि दुईजना कन्याकेटीहरुलाई दियो, कलश र टीकाको दुना काँसको थालीमा बोकाएर कुवीले किरियापुत्रीहरुलाई साम्खाइपूजा गरेको दिनदेखि वर्जित सबै खानेकुराहरु फुकुवा भएको घोषणा गर्नुपर्दछ । यो कार्य गर्दा पहिले कुवीले किरियापुत्रीहरुलाई कलशको पानीले छर्केर एक हातले मात्र एकपटक टीका लगाइदिनुपर्दछ । किरियापुत्रीहरुले पनि कुवीलाई त्यसैगरी टीका लगाइदिनुपर्दछ तर ती टीका तुरुन्तै देब्रे हातले पुछेर फाल्नुपर्दछ । यसपछि मृतकलाई समाधिमा पुऱ्याएर साम्खाइपूजा गरेदेखि सातो पाल्न खाना राखिदिने गरिएको काँसको कचौराबाट कुवीले आमाको नाममा भए दूध र बाबुको नाममा भए रक्सी लगाएर किरियापुत्रीहरुलाई खुवाउँदै रेँकोसा (टपरामा राखिएको भुटेको सुँगुरको मासु) पनि खुवाएर नयाँ टोपी लगाइदिनुपर्दछ ।[८३] यस बेला कुबीले आजसम्म दुःखमा परे पनि अबदेखि दुःखबाट मुक्त भएको कुरा मुन्धुम विधिअनुसार घोषणा गर्दछ । यस दिनसम्म किरियापुत्रीहरुले टोपी

---

[८०]. स्थानीय विश्वासमा आधारित ।

[८१]. मृतकको नामको चौतारा अर्पण गरिसकेपछि चौचारा बनाउने, शिलालेख लेख्नेहरुलाई पुरानो मान्यताअनुसार रक्सी, सुँगुरको भुटेको मासु, हारती दिएर सम्मान गर्नुपर्दछ ।

[८२] मामाले दुःख बोक्नेहरुलाई मुण्डन गरिदिनुपर्दछ । अन्य जातिहरुले यो कार्य गर्न हुन्न भन्ने उनीहरुको विश्वास छ ।

[८३]. वासपानी-४ का कुवी **राजकुमार राई** (हाल स्वर्गीयसँगको अन्तर्वार्तामा आधारित) का अनुसार दुःखबाट मुक्ति भएको मुन्धुम **"अथेपाने कायेची कुयामाहँःपी तुयेक, इसेकका झारा अँः बुबुनुछची, रुमिपामीची झारा अँः रेबरुङ्हँःचेउ छियामापी लायेसेके इत्ता फुक्का, हिसा फुक्का, सुम्का फुक्का छाके... इसेपीका काये अतिकाक कुयामापी तुपेनेन, छियामापी मत्ताई तुपेनेओ ।"** (हिजो त हामीहरु दुःखमा बसेका थियौं, आजदेखि सबै मेरा दाजुभाइहरु, जानिफकारहरु, नातागोताहरु, साथीभाइहरु दुःखका सबै बन्धनहरुबाट एक फुक्का, दुई फुक्का, तीन फुक्का भयौं,.. आजदेखि हामीले यस्तो अशुभ दुःखको काममा भेटघाट गर्न नपरोस्, शुभ काममा मात्र भेटघाट गर्न पाऊँ ।)"

लगाउन बर्जित गरिएको हुन्छ । अर्थात् मृतकलाई समाधि पुऱ्याएर किरियापुत्रीहरुले कपालमा सेतो कपडा बाँध्नुपर्दछ । यो दिन मात्र त्यसलाई खोलेर नयाँ टोपी लगाउने चलन छ । कपालमा बाँधेको सेतो कपडा दमाईलाई टपरामा राखेर दिइने परम्परा रहेको छ[८४] (चित्रफलक नं. ५८) ।

चेलीबेटीहरुले पनि सातो पालेको काँसको कचौराबाट किरियापुत्रीहरुलाई रक्सी खुवाउँदै फूलको माला, टोपी लगाइदिन्छन्[८५] (चित्रफलक नं. ५९) । यो कार्य नगरेसम्म किरियापुत्रीहरुले टोपी लगाउन वर्जित हुन्छ । यसबेला किरियापुत्रीहरुले चेलीहरुलाई केही दक्षिणाका साथ बर्की ओढाइदिनुपर्दछ[८६] (चित्रफलक नं. ६०) । भान्जा, भान्जीलाई पनि केही दक्षिणा दिनुपर्दछ । यसैगरी मान्यजनहरुले पनि किरियापुत्रीहरुलाई टीका लगाइदिई फेटा पनि बाँधिदिएर उनीहरुको शिर उभ्याउने गर्दछन् । मावलीहरुले पनि आफ्ना भान्जाहरुलाई फेटा वा टोपी लगाइदिएर सम्मान गरी शिर उठाउने कार्य गरी **'कुयेमापी तुएक छियामापी लत्ते'**[८७] (आजसम्म अँध्यारोमा बसेर उज्यालोमा निक्ल्यौ) भन्दै आशीर्वाद दिने गर्दछन् । यति भएपछि दुःख बोक्नेहरु दुःखबाट पूर्ण मुक्त भएको मानिन्छ र दमाईलाई बाजागाजा बजाउन लगाई रमाइलो गर्न थाल्दछन्[८८] (चित्रफलक नं. ६१) । सबै आफन्तहरुबीच क्रमैसँग साइनोअनुसार ढोगभेट गर्नुपर्दछ । यसपछि भने सबै घर फर्कन्छन् । तर, अगाडि दुःख बोक्नहरु हिंडेपछि अन्य व्यक्ति र सबैभन्दा पछाडि हिँडेर सवैको सातो फर्काउँदै आफ्नै भाषामा मुन्धुम वाचन गर्दै कुबी हिँड्दछ ।[८९]

---

[८४]. कपाल बाँधिएको सेतो कपडा दमाईलाई दिनुपर्ने मान्यता छ ।

[८५]. चेलीहरुले दुःख बोक्ने माइतीहरुलाई चोखो काँसको बटुकाबाट रक्सी खुवाएर शुद्धाइ गर्ने मान्यता रहेको छ ।

[८६]. माइतिहरुबाट चेलीहरुलाई बर्की र केही दक्षिणा दिनुपर्दछ । यसो गरिएमा मृतकको आत्माले पाउँदछ भन्ने विश्वास गरेको पाइन्छ ।

[८७]. स्थानीय विश्वासमा आधारित ।

[८८]. दमाईहरु आफ्नो सहनाइ, नरसिंगा बजाई रमाइलो गर्ने गर्दछन् । परिवारमा कसैको मृत्युबाट परेको शोकमा यो अन्तिम कार्य नगरेसम्म यस्ता सवै बाजागाजा बजाउने कार्यहरु बारन गरिएको हुन्छ ।

[८९]. कुवी **राजकुमार राई** (हाल स्वर्गीय) सँगको अन्तर्वार्तामा आधारित-सातो फर्काउने मुन्धुम, **"साया पोकनिओ लवा पोकानिओ ददावदा बुमिलवा, चासुम्लवा, बुलुलवा, सिबीलवा, भ्याम्मालवा, पपीलवा, कुवीलवा, तायालवा, ताङ्खीलवा, खँःरँःमीलवा, हँःछालवा, पमीलवा, भारालवा, पोकनिओ, भारा खिम् बिनिओउ, सायाखा मानुम्ओ ।"** (खबरदार साथीको सातो, अन्नबालीको सातो, रुपैयाँ पैसाको सातो, बालबालिकाको सातो, गाईवस्तुको सातो, धामीको सातो, जानिफकारहरुको सातो, अन्य व्यक्तिहरुको सातो, नरनाताहरुको सातो, सबै सातोहरु उठ है, सबै घर हिँड ।)

घर पुगेपछि एक कठुवा रक्सी र एक मोहर राखेर कुवीको शिर उभ्याउनी गर्नुपर्छ । यसपछि पहिले कुवी र घरपरिवारका व्यक्तिहरुलाई खाना खुवाइन्छ ।[९०] खाना खाइसकेपछि पहिला कुवीलाई जोडी कठुवामा रक्सी, एउटा कलश राखिदिएर बृद्धबृद्धा र नातागोताले आफ्नै भाषामा मृतकको आत्मा कुलमा गए नगएको विधिपूर्वक सोध्ने गर्दछन् । कुवीले पनि जानेबुझेसम्मका कुराहरु बताउँछन् । यसपछि कुबी विदा भएर जान्छन् । दमाईलाई एक कठुवा रक्सी, केही पैसा, एक माना चामल र सुँगुरको पुच्छर टपरामा राखिदिएर दियोसमेत बालेर विदा गर्दछन् । यतिकैमा अन्य आगन्तुकहरु पनि विदा भएर जान थाल्दछन् तर मुख्य कजेरीहरु र केही व्यक्तिहरु भने यो रातभरि नाचगान, रमाइलो गरी बस्दछन् । विशेषतः दोहोरी गीत, श्लोक गाएर रमाइलो गर्दछन् । तर, यो बेला विशेषतः दुःख-वेदनाका गीतहरु गाइन्छ । बीचबीचमा घरपरिवारले सगुन स्वरुप रक्सी, अन्य खाजाहरु पनि दिने गर्दछन् ।

किरियाकाजमा कजेरीहरुले खाना पकाउँदा दुईवटा चुल्होमा पकाउनुपर्दछ । यसबेला एकजनाले मात्र खाना बसाउनुपर्ने र पछि उतार्दा भने तीनजनाले समातेर खाना उतार्नुपर्दछ । यसको अर्थ दुःखमा प्रायः सबैखाले कामहरु सामान्यभन्दा फरक अर्थात् उल्टो प्रकारबाट गर्नुपर्ने मान्यता हो ।

नाचगान गर्दै रमाइलो गरिरहेकै बखत रातको करिब मध्यतिर कजेरीहरु (मृतकको चिहानमा ढुङ्गाको ढकनी लगाउने, चौतारा बनाउने, भान्सामा काम गर्नेहरु)लाई रीत स्वरुप चिहानको ढकनी लगाउनेलाई एक कठुवा रक्सी, सुँगुरको एउटा हारती, र भान्छामा काम गर्नेहरुलाई एक कठुवा रक्सी र केही पैसा राखेर सम्मान गर्ने गरेको देखिन्छ[९१]

---

[९०]. **उहीसँगको** अन्तर्वार्तामा आधारित मृत आत्मा कुलमा गए नगएको सोधनी विधि, **"कुवीमिङो ! अथेपाने काये कुयामापी तुयेक इसेका छियामपी लायेसे, नक चिखिम्पिक सिकाबीलाई** (मर्नेको नाम, थर, पाछा, सामे) **लाम् तिउनालो, सुवाँःतुवापी फुपापाचीलो या काप्सुनालो, उदुहँः पारुहँःलो या काप्सुनालो काप्साले काप्सनँः ? बा राङ्गाली बुदुमा सिगाला बादालालोले काप्साले हापीले ।"** (विजुवा हजुर ! हिजो त हामी दुःखमा परेका थियौं । आजदेखि शुभमा फर्किएका छौं । यो घरगृहस्थीको मृतक (नाम, थर, पाछा, सामे)लाई बाटो लगाउँदा, कुलपितृमा पितापुर्खाहरुको साथ लगाउँदा, पारुहाङ-उदुहाङको साथ लगाउँदा उनीहरुको साथपासमा लागेर बस्यो कि बसेन ? वा भूतप्रेतसँग पो साथ लाग्यो कि के कसो हो ? भनी सोध्ने गर्दछ र कुवीले पनि मृत आत्मा कुलपितृमा मिले, नमिलेको जस्ता सबै कुरा देखेजाने जति बताउनुपर्दछ ।)

[९१]. कजेरी तथा चिहानमा घपनी लगाउनेलाई सम्मानको रीत गर्ने मान्यता रहेको छ जसले गर्दा मृतकको आत्माले पूर्ण सन्तुष्टि पाउँछ भन्ने गर्दछन् ।

(चित्रफलक नं. ६२) । यसपछि परिवारको तर्फबाट मृत व्यक्तिको आत्माले यस कार्यमा गरिएको सबै खानपिनलगायतका खर्चहरु पाऊन् भन्ने कामना गर्दै आफ्नै भाषामा चर्चा गर्दछन् । कजेरीहरुले पनि यस कार्यमा गरिएका सवै खर्चहरुको विवरण सुनाउँदै सवै कुरा मृतकको आत्माले प्राप्त गरेको विश्वास दिलाउँछन् । यसरी दुबैतर्फबाट बोल्ने कार्य सकिएपछि त्यहाँ राखिएको रक्सी सबैले बाँडेर खान्छन् भने पैसा र हारती जसको हो उसैले लिएर जान्छ । यसपछि पनि नाचगान जारी रहन्छ । आखिरमा नाचगानमा सहभागीहरुलाई एक कठुवा रक्सी, केही रकम र सेलरोटीहरु दिएर सम्मान गरिन्छ । यति भएपछि यस जातिमा सहज मृत्यु संस्कारको कार्य पूर्णतः सम्पन्न भएको मानिन्छ । साम्पाङ राईहरुको मान्यताअनुसारको यस्ता संस्कार अन्य जातिका राईहरुसँग मिल्दैन । साम्पाङ राई समाजमा विधिवत् रुपमा गर्नुपर्ने मृत्यु सस्कारले यो समाजको आफ्नो परम्परामा आधारित मान्यतालाई निरन्तरता दिएर आफ्नो अस्तित्वलाई बचाइराखेको देखिन्छ । यदि यसो नगर्ने हो भने उनीहरुको जातिगत पहिचान नै खतरामा पर्न सक्ने हुन्छ । यसकारण पनि आफ्नो पुर्खाले बसालेको यस्ता रीतिहरु गर्न अनिवार्य छ ।

(च) **मृतकको नाममा फूल तार्ने** : साम्पाङ राईजातिमा मृत्यु संस्कारअन्तर्गत फूल तार्ने विधि पनि छ । तर, यो अनिवार्य भने होइन । सकेमा मृत्यु भएको मितिले वर्ष दिनपछि वा त्यसभन्दा पछि कुनै पनि समयमा गर्न सकिन्छ । तर, कतिपयको भनाइमा यस प्रकारको रीति प्रायः मृतक व्यक्ति जीवित रहँदा एकादशीका दिन व्रत बस्नेहरुको मात्र गर्नुपर्दछ ।[९२] फूल तार्ने संस्कार गर्दा तिहारको समय अर्थात् गाईतिहारे औँशीपछि आउने दशमीको रात घरमा मारुनी नाच गर्ने मान्यता छ । यसमा नाच्ने, गाउने, मादले जोडी आफ्ना भान्जाहरु नै हुनुपर्दछ ।[९३] यो नाचमा मादल बजाउने र गीत गाउनेहरु पुराना रीतिका ससी मुन्धुमहरु जान्ने हुनुपर्दछ । विधिपूर्वक गीत गाउन जान्ने व्यक्ति नभएमा यस प्रकारको कर्म गर्न हुँदैन भन्ने मान्यता रहेको छ । यो नाच करिब रातभरि नै हुन्छ ।

भोलिपल्ट एकादशीका दिन गाउँनजिकको खोलामा जहाँ पहिलेदेखि फूल तार्ने गरिएको छ । त्यहाँ गई हरियो बाँसको पुल थापेर फूलका मालाहरुले सजाएर दिनभरि मारुनी नचाउनुपर्दछ । कार्यमा यो जातिले अरु जातिहरुले जस्तो पण्डित पढाउने गर्दैनन् ।

---

[९२]. स्थानीय भनाइमा आधारित ।

[९३]. फेदी-८ निवासी **कुबी शिवराज राई**सँगको अन्तर्वार्तामा आधारित ।

अन्त्यमा उनै मारुनी भान्जाहरुलाई यथासक्दो दानदक्षिणा, लुगाकपडाहरु दिइन्छ । यसपछि सबैलाई सगुन स्वरुप रक्सी, जाँड, फलफूलहरु प्रसादको रुपमा दिएर यो संस्कार सम्पन्न गर्दछन् ।[९४] तर, आजभोलि यस प्रकारको फूल तार्ने परम्परा धेरै लोपोन्मुख अवस्थामा पुगेको देखिन्छ । यसको कारण मुन्धुम विधिको अल्पज्ञानलाई मानिन्छ ।

यस प्रकारको फूल तार्ने संस्कार साम्पाङ क्षेत्रमा अन्य जातिहरुले पनि गर्ने गरेको पाइन्छ । तर, अन्यले यो कार्य तिहारकै एकादशीका दिन दिउँसो खोलामा गई पण्डित पढाएर फूल तार्ने कार्यसम्पन्न गरी त्यसै दिनको राति मात्र घरमा पौराणिक कथामा आधारित नाच नचाउने गर्दछन् । यसलाई उनीहरु बालन नाच भन्दछन् । उनीहरुले पण्डितलाई विभिन्न दानदक्षिणा र गाईसमेत दान दिने गर्दछन् । तर, साम्पाङ राईहरुले अन्य दान-दक्षिणा गरे पनि गाई दान गर्दैनन् । यसरी आफ्ना पुर्खाले बसालेको संस्कारअनुसार मृतकको नाममा फूल तार्ने कार्य गर्नको कारण मृतकको आत्माले शान्ति पाऊन् भनी जीवित व्यक्तिहरुबाट गरिने आत्मा सन्तुष्टिको कार्य र समाजले देख्ने संस्कार प्रतिको इज्जत-प्रतिष्ठा पनि हो ।

### ६.३.२ असहज मृत्यु

यो जातिमा असहज मृत्यु हुनेहरुको मृत्यु संस्कार सहज मृत्यु हुनेको भन्दा फरक छ । असहज मृत्यु भन्नाले लडेर, खोलामा बगेर, आगोमा डढेर, दुर्घटना, आत्महत्या, हत्या, महिलाहरु प्रशव वेदना आदि प्रकारका मृत्युहरु पर्दछन् । यस्तै बाल्यवस्था अर्थात् छोराको छेवर गर्नुपूर्व र छोरीको गुन्यूचोली गर्नुपूर्व हुने मृत्युलाई पनि असहज मृत्युकै रुपमा लिने गरेको पाइन्छ । यसरी असहज रुपमा हुने मृतकको मृत आत्मामध्ये पुरुषको हिल्लासी र महिलाको ममसी भन्दछन् । यस प्रकारको असहज मृत्युको संस्कार पनि मृत्युको प्रकारअनुसार केही फरक तरिकाले सम्पन्न गर्ने गरेको पाइन्छ ।

असहज मृतकलाई सहज मृतकलाई जस्तो आफ्नै बारीभित्र गाड्ने गर्दैनन्, जङ्गलमा लगी गाड्दछन् । जङ्गल लैजाने क्रममा पनि एउटा मात्र बाँसमा बोकेर लान्छन् । लाशलाई घोप्टो वा कोल्टे पारेर सुलाममा लगाउँछन् । यस्तै चिहानमाथिबाट काँडा वा सिस्नोहरु राख्ने गर्दछन् । तर, गाडिसकेपछि मट्टी दिने कार्य सहज मृतकलाई जस्तै

---

[९४]. स्थलगत अध्ययनमा आधारित ।

दिनुपर्दछ । गाडिसकेपछि सबैजना धारा-पँधेरामा नुहाइधुवाइ गरेर घर फर्कनुपर्दछ । तर, सहज मृत्युमा जस्तो किरियापुत्रीहरुको केश मुण्डन गर्नु पर्दैन । घर प्रवेश सहज मृत्युमा जस्तौ तितेपाती टेक्दै जानुपर्दछ । यस प्रकारको मृतकको आत्मा कुलपितृमा नजाने भएकाले साम्खाइपूजा पनि गर्नु पर्दैन । छाकजुठो बारनको सम्बन्धमा कतैकतै एक छाक मात्र बारन गर्ने गरिएको पाइन्छ भने कुनै ठाउँमा बारन गर्ने चलन देखिँदैन । बुढापाकाहरुका अनुसार मानव जन्म लिएपछि मृत्यु पनि सहज हुनुपर्दछ, असहज मृत्यु भएमा उसले सम्मान र आफ्नो कुलमा जाने अवसर नपाउने भएकाले सामान्य रुपले संस्कार गरिँदैन ।[९५] मृत्यु भएको केही दिनपछि कुवी राखेर ढोलढ्याङ्ग्रोमा चिन्ता बसालेर हिल्लसी र ममसी (मृत आत्मा/सेहैं) मार्न लगाउँछन् । यसरी सेहैं मार्दा निम्न सामानहरु आवश्यक पदछ :

१. कोदोको जाँड, रक्सी ।

२. फुर्के, अम्रिसो, काउलो, तितेपाती ।

३. सुँगुरको मुटु, कलेजो, मृगौला, फोक्सो, खुट्टा, करङको मासु, कान, हारती ।

४. काउले कुवी र कंकदे (ढोले)हरु ।

५. एउटा कुखुराको हप्तँ (थानमा झुन्ड्याउने) ।

यसमा पनि दाजुभाइ, गाउँले इष्टमित्रहरु उपस्थित हुन्छन् । सर्वप्रथम कुवीले यारी (जङ्गलमा पाइने एक प्रकारको अदुवाजस्तै वनस्पतिको गाना) काटेर विभिन्न लक्षणहरु हेर्दछ । यारी जङ्गलबाट खोजी लाउन मृतकको भन्दा फरक पाछाकालाई रीतपूर्वक पठाउनुपर्दछ । यारी लिन जानेलाई एक कठुवा रक्सी बोकाएर पठाइएको हुन्छ । उनीहरुले यारी भेटेपछि रक्सीले तीनपटक छर्की खनेर झोलामा राखी भुइँमा कतै पनि नराखी घरमा ल्याएर छुट्टै झुन्ड्याएर राख्नुपर्दछ । यसपछि काउले कुवीले मुन्धुम विधिअनुसार मृत आत्मालाई बोलाएर मार्दछ ।

यसका लागि कुवी र ढोलेहरुलाई केही दिनअगाडि नै यस दिन यो कामको लागि आइदिन भनेर अनुरोध गरिएको हुन्छ । सोहीअनुसार धामी र ढोलेले तोकिएको दिनमा आउँदै गर्दा घर आइपुग्नुभन्दा केही टाढा दुईवटा दुनामा नुन नलगाई पकाएको सुँगुरको

[९५]. वासपानी-३ का **मंगलबहादुर राई** (वर्ष ८८)सँगको अन्तर्वार्तामा आधारित ।

मासु, एउटा कठुवामा रक्सी, एक पाना यारी र एउटा खुरुम्बी लगेर कुवीहरुलाई बाटैमा भेट्न जानुपर्दछ । यी सामानहरु उनीहरुको अगाडि राखिदिएपछि कुवीको चिण्डोमा कठुवाको रक्सी राख्नुपर्दछ । यसपछि कुवीले मुन्धुम वाचन गर्दै यारीलाई चिण्डोको रक्सीले छर्कंदै यारीलाई तीनपटक काटेर भुइँमा चाना खसाल्नुपर्दछ । काटिएको यारी दुईवटा उत्तानो र एउटा घोप्टो पऱ्यो भने धामीले मृतकको प्रेतात्मा मारेर बाटो लगाउन सक्छ, नभए सक्दैन भन्ने सङ्केत बुझिन्छ । धामीले यारी काटिसकेपछि लगिएको रक्सी ढोलेहरुले बाँडेर खाई घर आउँछन् ।

कुवीको भुनेउ (धामीको घण्टीमाला, जामालगायतका सामान बोक्ने विशेष प्रकारको सोली)मा भएका सामानहरु नाङ्लोमा राखेपछि एकजना वृद्धले आवश्यक सामानहरु धामीलाई लगाइदिनुपर्दछ । एकजना जानकार व्यक्तिले एक हातमा चिण्डो र अर्को हातमा दुईवटा फुर्के लिएर कुबी र दुईजना ढोले घरभित्र प्रवेश गर्दछन् । यसपछि छेमबाट बलेम्खँः निकालेर अगेनाको तलतिर राख्नुपर्छ । धामी त्यहाँ बसेपछि सबैलाई रक्सी सगुन बाँड्नुपर्दछ । यसपछि कुबी ध्यान गर्न सुरु गर्दछ । यसबेला सवैले कुवीलाई आफ्नै भाषामा **'लहै कुवीमीङोउ ! आम्सुलाम् मुमाची, या धाती या बानी खान्त मुन्छ मुओ'** (लहै विजुवा ! आफ्नो सुर पक्रिनुहोस्, के कसो हुन्छ राम्ररी विचार गर्नुहोस्) भनेर सबैले प्रोत्साहित गर्दछन् । कुबीले पनि **'झारा अँः कंकदे, क्यारेरेचेउ, अँः रुमीपामीचेउ, वात्वँःछरिचेउ, चुप्सनी बँःतँःनीचेउ ! हँःने कँः झारा साखेखु सुविखुलाम् उदुहँः पारुहँःलो यँः यायो मुतो सामसारी धुम्तो लायँःसँःके त'**[९६] (मेरा ढोलेहरु, नरनाताहरु, दाजुभाइ, मेरा सहकर्मी साथीहरु ! स्थानीय नागनगेनी सिमेभूमे पुकार्दै पारुहाँङसँग भेट गरी सबै कुरा पत्ता लगाउँछु) भन्दै आश्वस्त पार्दछ ।

कुवीले पितृहरुसँग शक्ति माग्दै दाहिने सिली गर्दै ढोकाबाट दलान, आँगन हुँदै ढोल भएको ठाउँसम्म पुग्दछ । यसबेला उनको शरीरमा प्रवेश गर्छ भनेर विश्वास गरिएको सम्पूर्ण देवीदेवताहरुसँग मन्त्र वाचन गर्दै सिली गर्दछन् । एकजना ढोलेले बलेम्खँः बाहिर निकाल्नुपर्दछ । कुबी मुन्धुमअनुसार विभिन्न स्थानहरुमा पुग्दै इसारा गरेबमोजिम दुईजना ढोलेहरुले ढोल बजाउनुपर्दछ । यसरी कुबी सखेवा घुम्दै मधेस, दूधकोशीको नागनगेनी हुँदै नागाघटबाट घरमा पुगेपछि कल्चुडाको सिली गर्दै 'जइसी जइसी जइसी रामो' भन्दै

---

[९६]. वासपानी-४ का कुवी **राजकुमार राई** (हाल स्वर्गीय)सँगको अन्तर्वार्तामा आधारित ।

चिण्डोको जाँडले यारीलाई एकपटक काटेर प्रेतात्मालाई टुङ्गो लगाउन सकिन्छ कि सकिन्न, यकिन गर्दछ । यसपछि पनि सखेवा घुम्ने क्रममा कुवी काठमाडौंको नागनगेनी हुँदै चुमालुङ, नाम्चँःबुङ, छुछुलेखा तरेखामा सुपुतुतु रुसुला सिली गरेर चीनको सिमानामा पुगेर क्यारेरेमा (एक प्रकारको किरा) सिली गर्छन् । त्यसपछि थुवालुङ सुलीचँः तवालुङ्मा सिली गर्दै साल्पा पोखरी हुँदै हावा बहेको सिली गरेर नाच्दै चिलिम्दुङ्गा आइपुग्छन् । त्यहाँबाट गाउँको नागनगेनी हुँदै घरनजिकैको नागनगेनीमा आएर बिसाउँदछ । यसपछि सबैलाई रक्सी सगुन बाँड्नुपर्दछ । त्यसपछि एउटा नाङ्लोमा मृतकको गरगहना, कपडाहरु राखेर त्यसको दायाँवायाँ दुईवटा दुनामा सुँगुरको मासु र जाँडरक्सी राखिदिनुपर्दछ । नाङ्लोलाई आँगन र दलान जोडिने ठाउँमा राख्नुपर्दछ । यसको वरिपरि कोही पनि बस्न हुन्न भन्ने धारणा छ ।

यसपछि कुबीले मुन्धुम गर्दै विभिन्न सिलीमा नाच्दै प्रेतात्मालाई 'ए (मृतकको नाम) ! यहाँ आऊ । तिम्रो लगाउने लुगाकपडा, गरगहना, खानेकुरा, पिउने कुरा यहाँ राखेर तिमीलाई दिँदै छौ । यहाँ आएर तिम्रो कपडाहरु लगाऊ, गरगहनाहरु लगाऊ, खानेकुराहरु खाऊ, पिउनेकुराहरु लेऊ, म केही पनि गर्दिन' भन्दै फकाएर बोलाउँछ । मृतआत्मा आएर लुगाकपडा, गरगरहनाहरु हेर्दै खानेकुराहरु खान थालेपछि कुवीले मुन्धुमविधि गरी कुखुराको भालेको प्वाँख, काउलो, चिण्डोको जाँडले एकसाथ हान्दछ । यसरी हान्नासाथ ढोलेहरु, नातेदारहरु झटपट गएर नाङ्लोमा प्वाँख हेर्नुपर्दछ । त्यसबेला प्वाँखमा दुईवटा सानासाना मासुजस्ता देखिने वस्तु उनिएको हुन्छ । यस्तै वस्तु दुईवटा भए राम्रो, एउटा मात्र भए नराम्रोको सङ्केत मानिन्छ । त्यसलाई ढोलेहरुले काटेर हेर्दछन् । काट्दा रगत देखापरेमा मृतक आत्मा जागेको र रगत नदेखिए जागेको छैन भन्ने सङ्केत बुझिन्छ । आत्मा जागेकालाई भूत भएको मानिन्छ, जसले जीवित व्यक्तिहरुलाई दुःख दिन्छ भन्ने विश्वास छ ।

यसपछि कुबीले विभिन्न सिली गर्दै काँसको कचौरा थापेर फुर्के र काउलोको स्याउलाले यताउति हान्न खोज्दै फलफूल झार्ने मुन्धुम विधि गर्दछ । यसबेला डबकामा चारदेखि आठवटासम्म विभिन्न फलफूल जस्तो वस्तुहरु झरेको पनि देखिन्छ । यो वस्तु जोडी भए शुभ र विजोडी भए अशुभ मानिन्छ । यस्ता वस्तु कुन प्रकारको फलफूलजस्तो देखिन्छ, त्यसैमा मृतकको सातो (आत्मा) बसेछ भन्ने विश्वास गर्दछन् । यसलाई सबैले हेरिसकेपछि बाँसको ढुङ्ग्रोमा लगाएर फुर्केले बुच्चो लगाएर काम सकिएपछि नाङ्लोमा

केराको पातमाथि राखिन्छ । यसलाई एकजना ढोलेले बोक्छ अर्को ढोलेले राँको (आगो) र एउटा कठुवामा रक्सी बोकेर घरदेखि निकै टाढाको भीरमा लगेर जलाई रक्सीले खन्याएर फर्कनुपर्दछ ।

ढोलेहरु फर्केपछि सबैलाई खाना दिइन्छ । खानापछि कुबीले मुन्धुम विधिअनुसार घरनजिकको धारा, कुवा, गाउँको नागनगेनी भएको मानिएको ठाउँहरुमा विभिन्न सिली गर्दै पुग्छ । मुन्धुमबाटै ट्याम्के डाँडामाथि पुगेर न्याउली, मुनाल, भ्याकुरा आदि सिली नाच्दै शक्ति मागेर त्यहाँबाट अरुण-बरुण नदीमा पानीउँःत सिली गर्दै दूधकोशी, त्रिवेणी पुगेपछि कुबी ढोलमाथि चढ्दछ । यतिबेला कुवी पारुहाङसँग सल्लाह माग्न गएको मानिन्छ । यसै समयमा सवैले आफ्नो जोखाना हेर्न कुवीलाई केही चिनोहरु राख्दछन् । सबैको जोखाना राम्ररी हेरेर बताइसकेपछि मात्र कुबी ढोलबाट ओर्लन्छ । यसपछि आफ्नो मुन्धुमअनुसार घुम्ने क्रममा कुबी सप्तकोशी पुगेर माझी सिली गरी मधेसको थारीहँ बजिहँ, नागनगेनी सामुन्ने हालको भीमनगर पूलमा सबै व्यक्तिहरुको सातो उठाउँदै हात्ती सिली गर्दछ र त्रियुगा नदीदेखि फट्याङ्ग्रा सिली गरी हलेसी महादेवस्थान हुँदै मलाथुम्का अर्थात् तँःमा खेमा डाँडा पुगी सिलाइबुनाइको सिली गरी दिक्तेलकुवा सखेवामा पुग्छ । त्यहाँ लहाँचे सिली गरी दिखुमी खोलामा सिंह, भालु सिली गरेर गाउँको सखेवा हुँदै ढोलसम्म आइपुग्दछ । त्यसपछि यो कर्म सम्पन्न भएको मानिन्छ । यसरी मुन्धुम विधिअनुसार विभिन्न स्थानहरुमा घुम्नुलाई कुबीहरु सखेवा घुम्ने भन्दछन् ।

यसपछि कुबीलाई छँरिसा, सुँगुरको मासु, जाँड, रक्सी चढाउन दिनुपर्दछ । कुबीले विधिपूर्वक चढाएपछि सबैलाई सगुन रक्सी बाँडिन्छ । यति भएपछि कुबीले यो कार्य गर्दासम्म विभिन्न स्थानहरुका जे जति देवीदेवताहरु उठाएका हुन्छन्, क्रमशः आ-आफ्नो स्थानहरुमा फर्काउने काम गर्दछ । यसरी मुन्धुम गर्दै कुबीले पहिले आफ्नो टाउकामा लगाएको सिलीतंखा, ललहिम बुलाहिम (कुबीले चिन्ता गर्दा लगाएका सामानहरु) फुकाएर राख्दछ । यति भएपछि यो कर्म सम्पन्न भएको मानिन्छ ।

अन्तिममा कुबीलाई एक कठुवा रक्सी, एक कठुवा जाँड, केही रुपैयाँ पैसासमेत राखेर घरपरिवारले परिवारको भविष्यवाणी गर्न अनुरोध गर्दछ । यो कार्यलाई चुरी भनिन्छ । चुरी गरेपछि यस्ता असहज मृतकको सम्पूर्ण संस्कार सम्पन्न भएको मानिन्छ ।

प्रसवबाट महिलाको मृत्यु भएमा महिलालाई जलाउने र मृत बच्चालाई गाड्ने गर्दछन् । यस्ता मृतकको पनि सामान्य संस्कार नभएर काउले कुबीलाई बोलाएर माथि उल्लिखित सेहैं मार्ने विधिअनुसार नै संस्कार सम्पन्न गर्ने गर्दछन् । यसरी विधिपूर्वक मृतकको आत्मालाई सेहैंको रुपमा नमारेमा अन्य जीवित व्यक्तिहरुलाई दुःख दिन्छ र अरुको पनि सोही प्रकारको घटनाबाट मृत्यु हुन्छ भन्ने उनीहरुको विश्वास रहेको छ ।

यो जातिमा बालमृत्युलाई पनि असहज मृत्यु मान्ने गर्दछन् । छोराको छेवर र छोरीको गुन्युचोली गर्नुपूर्वको मृत्युलाई बालमृत्यु भनिन्छ । यसमा पनि केही फरक मान्यताहरु देखिन्छ । जस्तो कि शिशुहरु २२ दिनभन्दा कम उमेरमा मरेमा यस्तालाई कुनै ठूलो पहरा वा भीरको ओडारमा लगेर गाड्ने गर्दछन् र केही दिनपछि काउल कुबी बोलाएर मोच (शिशुको आत्मा) मार्न लगाउँछन् ।[१७] मोच मार्दा कुबीले मुन्धुम विधिअनुसार ढोकामा एउटा दुनामा दूध राखेर शिशुको आत्मालाई बोलाएर सखेवा घुम्दै ल्याएर घरको सँघारमा आइपुगेपछि मन्त्रद्वारा प्वाँखले हानेर मार्दछ । मोच मारेपछि पछि जन्मिने भाइबहिनीहरुलाई पिर्दैन र बालमृत्यु हुँदैन भन्ने विश्वास यो जातिमा पाइन्छ । बालबालिकाको छेवार तथा गुन्युचोली गर्नुपूर्व मृत्यु भएमा गुफा वा ओडारमा गाड्ने परम्परा रहेको छ । यस्ता मृतकको पनि माथि उल्लेख भएअनुसार मोच मारिन्छ । कुबीले शिशुहरुको मोच मारेपछि चुरी गरिन्छ । चुरीपछि काउलो र स्याउलीको एक मुठा आगोमा सुकाएर बाली घरभित्र चारैतिर घुमाएर बाहिर फालिन्छ । यसलाई घरलाई प्रेतात्माहरुबाट सफा गरेको मानिन्छ । अन्तमा कुबी र ढोलेलाई कठुवामा रक्सी र केही रुपैयाँ पैसा दिएर विदा गरी बालमृत्युको संस्कार सम्पन्न गर्दछन् ।

असहज रुपमा हुने मृतकको नाममा छाक-जुठो बारन नगर्ने कुनै पाटी, चौतारो, फूल तार्ने लगायतका कुनै पनि अन्य संस्कारसमेत गर्दैनन् । धार्मिक विश्वासअनुसार बालबालिकाको मृत आत्मा कुलपितृमा समावेश नहुने भएकाले लुंवसीपो (सिल्टीमुरको बोट)मा बस्छन् भन्ने यिनीहरुको विश्वास छ ।

हिन्दू संस्कारमा पनि कतिपय व्यक्तिहरुको मृत्यु संस्कार सामान्य व्यक्तिहरुभन्दा फरक हुने र यस्ताको संस्कार विधिपूर्वक गर्नु नपर्ने कुरा राजबली पाण्डेयले आफ्नो पुस्तकमा लेखेका छन् । सिद्ध-महात्माहरु, सन्यासीहरु या भिक्षुहरुको शवको परिवारसँग केही

---

[१७]. बासपानी-९ निवासी कुबी **बनारशिला राई**सँगको अन्तर्वार्तामा आधारित ।

सम्बन्ध रहँदैन र अन्त्येष्टि क्रियाको आवश्यकता नै रहँदैन भन्ने उल्लेख गरेको पाइन्छ ।[९८] यस्तै प्रकारको मान्यता साम्पाङ जनजातिमा पनि रहेको देखिन्छ । यिनीहरुमा कुबीहरुको मृत्यु संस्कार सामान्य रुपमा गरिए पनि त्यस्ताको आत्मालाई प्रायः कुलमा लगाउन हुँदैन भन्ने मान्यता देखिन्छ । सामान्यतः असहज मृत्युसरहकै प्रक्रिया अपनाएर संस्कार गर्ने गरेको पाइन्छ । यसअनुसार यो समाजमा असहज मृत्यु संस्कार सहज मृत्युभन्दा फरक रहेको छ । असहज मृतकको संस्कार पनि फरक ढंगबाट गरिनुको कारणमा मुख्यगरी यस्ताको आत्मा कुलमा नजाने र भूतप्रेतको रुपमा रहने विश्वास भएकाले राम्ररी संस्कार नगर्ने मान्यता बसेको हो भन्ने भनाइ रहेको पाइन्छ । यसबाट संसारमा जन्म दिएपछि मृत्यु पनि सहज रुपमा प्राप्त हुनुपर्दछ भन्ने मानसिक प्रभाव छ भन्ने देखिन्छ ।

**अन्तरजातीय मृत्यु संस्कार**

यो जातिमा अन्तरजातीय महिला विवाह गरेमा त्यस्ताको मृत्युमा परम्परागत संस्कारअनुसार कर्म गर्न मिल्दैन । मृतकलाई घरपरिवारलगायत सन्तानहरुले छुन पनि हुँदैन । यसैले यस्ता महिलाको मृत्यु संस्कार माइति पक्षकै मान्यताअनुसार माइतिहरुले नै गर्नुपर्दछ । घरपरिवारको भने सहयोगी भूमिका मात्र रहन्छ ।[९९]

यस्ता महिलाको आत्मा विवाहित परिवारको कुलमा नबस्ने भएकाले कतिपयको आत्मा थानी उत्रने विश्वास छ । यो कुरा कुबीहरुले बताउँछन् । यसरी थानी उत्रेका आत्मालाई वार्षिक रुपमा पूजा गरी कुवीहरुको भनाइअनुसार विभिन्न वस्तुहरु तथा बली चढाउनुपर्दछ । यसबाहेक घरका गोठाला, खेताला राखिएका व्यक्तिहरु महिला पुरुष जे भए पनि उनीहरुको मृत्युपछि थानी उत्रन सक्दछ भन्ने विश्वास छ ।[१००] तर, सबै प्रकारका थानीहरुको मान्यता भने कुबीहरुले बताएअनुसार नै पूजा गनुपर्दछ ।

कसैकसैले अन्तरजातीय विवाह गरेपछि दालभात (आफ्नो जातिमा मिलाउने काम) चलाउने पनि गरेको पाइन्छ । त्यस्ता व्यक्तिको मृत आत्मालाई आफ्नो कुलमा परम्पराअनुसार नै संस्कार गरिन्छ । तर, दालभात चलाउन दाजुभाइ, गाउँका तालुक, कुवी,

---

[९८]. राजबली पाण्डेय, **हिन्दु संस्कार,** (भारत : चौखम्बा विद्याभवन, वाराणसी), वि.सं. २०६३, पृ. ३०३

[९९]. स्थलगत अध्ययनमा आधारित ।

[१००]. खार्तम्छा-३ का **तेजबहादुर राई** (वर्ष ७५)सँगको अन्तर्वार्तामा आधारित ।

बुढापाका सबैले स्वीकार गर्नुपर्दछ । यसरी सबैले स्वीकारेमा विवाहित अन्तरजातिकी महिलाले दालभात (ढिँडो) पकाएर भोज खुवाउनुपर्दछ । यो भोजमा सबै सहभागी भएर सहज रुपमा खाइदिनुपर्दछ । यति भएपछि त्यस्ता विवाहित महिलालाई विधिवत कुलमा प्रवेश गराउन सकिन्छ । त्यस्ता महिला पनि सजाति मानिन्छ र उनको मृत्यु संस्कार आफ्नो कुल, परम्पराअनुसार गर्न सकिन्छ भन्ने मान्यता छ । तर, दालभात सामान्यतः सबैले सहज रुपमा स्वीकार नगरिने भएकाले यो कार्य सहज भने छैन ।[१०१]

साम्पाङ राई जनजातिमा रहेको मान्यताअनुसार वैवाहिक सम्बन्ध आफ्नै स्वजातिमा मात्र गर्नुपर्दछ । अन्तरजातीय विवाह गरिएमा यसबाट सन्तानहरुमा विपत्ति आइलाग्दछ । सन्तानहरु मासिन्छ र विलालाप्सा (हराउने, विलाउने) तर्फ गइन्छ भन्ने विश्वास छ । यसले गर्दा उनीहरु सकेसम्म अन्तरजातीय विवाह गर्न हुन्न भन्छन् । यसैगरी सहज वा असहज मृत्यु संस्कार पनि विधिपूर्वक गर्नुपर्दछ । यस्ता कार्यहरु विधि पुऱ्याएर गरिएन भने त्यस्ताको आत्मा पनि सही ठाउँमा नगएर विलालाप्सा हुन्छ भन्ने विश्वास छ ।[१०२]

यस प्रकारले यो जातिको परम्परागत मान्यता र विश्वासअनुसार जन्मदेखि मृत्युपर्यन्तका संस्कारहरु गर्ने गरेको पाइन्छ । तर, वर्तमानमा हिन्दू, वौद्धलगायत अन्य धर्महरुको प्रभावले साम्पाङ राई जातिको परम्परागत संस्कार र मान्यतामा परिवर्तन देखिन थालेको छ ।

### ६.३.३ पितृपूजा

साम्पाङ राईजातिमा पितृपूजाको पनि ठूलो महत्व रहेको पाइन्छ । भविष्यको सुख, समृद्धि र उन्नतिका लागि मृत पितृपुर्खाहरुलाई प्रमुख इष्टदेव मानेर उनीहरुको प्रतीकका रुपमा अगेनाको तीन चुल्होलाई पूजा गर्दछन् (चित्रफलक नं.६३) । यो पूजामा नयाँ अन्नबाली पाकेपछि ती अन्नहरु आफूहरुले खानुपूर्व पितृहरुलाई चढाउने गर्दछन् । नयाँ अन्नहरु पितृलाई चढाउनुलाई न्वागी पनि भन्ने गरेको पाइन्छ ।

---

[१०१]. स्थानीय बुढापाकाहरुको मतमा आधारित ।

[१०२]. स्थानीय भनाइमा आधारित ।

(क) **पूजा गर्ने विधि :** आफ्नो भाषामा सुवाँःफ्मा भनिने यो चुल्हो अर्थात् पितृपूजा विशेषगरी भाद्र महिनाको आखिरीदेखि मंसिर महिनाभित्र गर्ने परम्परा छ । अन्नबाली पाकेपछि आफूहरुले खानुपूर्व यो पूजा गर्नुपर्ने उनीहरुको मान्यता रहेको छ । यो पूजाको निम्ति सर्वप्रथम घरआँगन सफा गरी अगेनाको दायाँ वा बायाँपट्टि थान तयार गर्नुपर्दछ । थान बनाउँदा भित्तामा अदुवाको बोटहरु, सेउली, विभिन्न फूलहरु, केराको पात, खुँडा, तरवार, बन्दुक, हसिया, कोदाली, खुकुरीलगायतका हातहतियारहरु ठड्याएर राख्नुपर्दछ । यसैगरी एक/एक माना चामलको बुवा चा (भात) पकाएर भुइँमा दायाँबायाँ पाथीमा केरा वा निभाराको पातको टपरीमा राखिन्छ । यसको बीच नाङ्लोमा चार माना चामल र त्यसमाथि छानेको चोखो जाँडले भरिएको सोलोतुमा (चिण्डो) र जोडी अदुवाको बोट, धान, कोदोको बाला र दियो बालिन्छ । बायाँपट्टि जोडी कठुवामा रक्सी र दायाँपट्टि एउटा कठुवामा रक्सी र कोदोको चोखो जाँडको एक तोङ्बा राखेर यी सबैमा अदुवाको पात राख्नुपर्दछ । यस्तै दुनामा छँःरिसा (पाहा, माछा, चरा, मृग, घोरल, थार, गोरु, राँगालगायतका सिकुटी मासु) नुन नलगाई उसिनेर राख्छन् । यस्तै विभिन्न फूलपातीहरुले सजाइएको एउटा कलश बायाँपट्टि राख्नुपर्दछ[१०३] (चित्रफलक नं. ६४) ।

यसैगरी छेम (अगेनाभन्दा केही छड्के दिशामा मलबाँसको सानासाना भाटाहरुले बनाइएको टाँडजस्तै सानो स्थान, जहाँ आफ्ना मृत व्यक्तिहरु अर्थात् पितृहरुले बास गर्ने विश्वास गरिएको स्थान)मा पनि केराको पात ओछ्याएर सेउली, फूल र जोडी अदुवाको बोट राख्नुपर्दछ । यो छेम मलबाँसबाहेक अन्य बाँसको बनाउनु हुँदैन । पितृपूजाका निम्ति यी सबै सामानहरुको तयारी गर्ने कार्यलाई हल्मा पेल्मा भन्दछन् । अगेनामा आगो बाल्नुपर्दछ र यो पूजा सम्पन्न नभएसम्म कुवी, घरका मुख्य व्यक्ति र तायमीबाहेक अन्यले अगेना छुनु हुँदैन । किनभने, त्यहाँ मृत आत्माहरु आएका हुन्छन् र अन्य व्यक्तिले अगेना छोइदिएमा उनीहरु रिसाउँछन्, अगेना छुने व्यक्तिहरु विरामी हुने वा रोग लाग्छ भन्ने उनीहरुमा विश्वास रहेको छ ।

---

[१०३]. विधिपूर्वक पितृपूजा गरिनुपर्ने भएकाले परम्परागत मान्यताअनुसार वर्षको कम्तीमा दुईपटक यो पूजा गर्ने गर्दछन् ।

कुबीले थानकै नजिक बलेम्खँः (काठको पिर्का जो कुनै काँटीहरु प्रयोग नगरी बनाइएको हुन्छ र कुवीबाहेक अन्यले प्रयोग गर्नु हुँदैन)मा बसेर आफ्नै भाषामा पूजा सुरु गर्दछ । यस प्रकारले पूजा विभिन्न तहहरुमा क्रमशः गर्दै जानुपर्दछ । पहिलो तहमा सायापोमा (शिर उठाउने) काम हुन्छ ।

**(ख) सायापोमा (शिर उठाउने)** : उनीहरुमा सुँवाःफमा (पितृपूजा)मा पहिला शिर उठाउने काम गरेमा पूजा पूर्ण सफल हुन्छ । कुबीले विधिपूर्वक पूजा सुरु गरेपछि हातमा दुईवटा बोटसँगको जोडी अदुवा र सोलोतुमा साथमा लिएर पूजा गर्दछ । पूजा गर्दा कुवीले अदुवाको बोटलाई अगेनामा केही क्षण राखेर हेरी घरपरिवारका बारेमा भविष्यवाणी गर्दछ । यसपछि कुवीले आफ्नो मुन्धुमअनुसार सोलोतुमा (चिण्डो)को जाँड अगेनामा खन्याउने पनि गर्दछ । त्यसै समयमा तायमीले पनि आफ्नै प्रकारले पुर्खाहरुलाई पुकारा गर्दै कठुवाबाट रक्सी अगेनामा खन्याउने गर्दछ । आफ्नै भाषामा आफ्नो कूलपितृ, सम्पत्तिका साथै प्रकृति, देवीदेवता, जीवजन्तुहरुसमेतको शिर उठाउनुपर्दछ ।[१०४]

शिर उठाउने कार्य सकिएपछि मृत पुर्खाहरुको आत्मालाई अगेनामा मुन्धुम विधिअनुसार बोलाउँदछ । यसबेला मधेसमा अन्नबाली पाक्यो; ठूलाठूला लेकहरुमा सबै फलफूलहरु पनि फल्यो; चराचुरुङ्गीहरु लेकबाट बेँसी झऱ्यो; पहा, माछा पनि झऱ्यो; घरघुरेन, आँगनमा सेउली फुल्यो; ठूलासानाखालका अदुवा पनि फुल्यो; धान, कोदो, अन्नबाली फल्यो; पुर्खाहरु बुक्छामीहरु हो ! बोलाउँदा हाँसीखुसी आउनू;

[१०४]. बासपानी-९ निवासी **भक्तराज राई** (वर्ष ६८)सँग भएको लिखित विवरणअनुसार शिर उठाउने मुन्धुम- "**बुलुलुङ्, लोमालुङ्, सकुदिपालुङ्पी हने सकुसाया, दिपासाया धिनारासाया सायामो लाखालुमिरीपोई चिखिम हँपा बुक्छामीसाया, चाप्चासाया, बेर्पासाया, धिनारासाया, अँ सिबिसाया, बुक्छामीसाया सायामो लाखालुमिरीपोई चिखिमहँपा छेकुसाया, सिखिमीसाया, चासुम्मीसाया, हदिसाया, खेदिसाया सायामो लाखालुमिरीपोई, अँ सिबिसाया बुङ्खामासाया, ङ्युमीसाया, चसुम्मीसाया, बुलुमीसाया लाखालुमिरीपोई, बुलुलोमा लुङ्मी, साखा लुङ्मी बुक्छामीसाया, चुप्सासाया, बँससाया, हँसमी हँलमीसाया खरुमीसाया, कुदामामी सेलेमीसाया, चाप्चासाया, बेर्पासाया, बुक्छामीसाया, हँछासाया लाखालुपमरीपोई ।**"

अन्नपानी आइत्रसहित राम्ररी आएर चुल्होमा लिनू जस्ता वर्णनहरु मुन्धुममा हुन्छ ।[१०५]

यसरी चुल्होमा पुर्खाहरुलाई बोलाएपछि मुन्धुमअनुसार कुबीले चुल्होदेखि विभिन्न स्थानहरुमा घुमेर पुनः चुल्होमा नै फर्कने अर्थात् सखेवा घुम्दा तायमी (धामी नभएर पनि शशीमुन्धुम जान्ने विद्वान्) पनि सँगै रहनुपर्दछ । कुवीले मुन्धुम गर्दै जाँदा, पितृ पुर्खाहरु बोलाउँदै जाँदा र सखेवा घुम्ने (चुल्हो, फलेकु, सिकेकु, पँतेल्कु, चारीकु, सखेवालगायत हिमालदेखि मधेससम्मका स्थानहरु मुन्धुमले घुम्ने क्रम) कार्यमा कतै भुलेमा उनलाई तायमीले सिकाउने र निर्देशन गर्ने काम गर्दछ ।[१०६] यसरी कुबी मुन्धुम गर्दै सखेवा घुम्ने क्रममा घरको चुल्होबाट निक्लेर हिमाल, पहाड, तराईसम्मका मुख्यमुख्य स्थानहरु घुमेर पुनः त्यही बाटो हुँदै फर्केर घरको सुतुलुङमा आएपछि पितृपुर्खाका मृत आत्माहरुलाई खुवाउने, पियाउने कार्य सुरु हुन्छ । कुबीले मुन्धुम फलाक्दै (वाचन गर्दै) जेठो वंशदेखि सुरु गरी कान्छो वंशकालाई क्रमशः पछि मृत्यु हुनेदेखि अघि मृत्यु हुनेहरुका आत्मालाई अक्षता, अदुवा, चोखो जाँड, रक्सी अगेनाका साथसाथै छेममातर्फ चढाउँछ ।[१०७] मृतकहरुको नाम कुवीलाई सबै थाहा नहुने भएकाले घरकै मूल व्यक्तिले बताउनुपर्दछ ।

---

१०५. **उही** व्यक्तिकै अनुसार पितृलाई चुल्होमा बोलाउने मुन्धुम- "**सकुदिपाचेउ, बक्छामीचेउ, इसे सकुछाम्ला निनीके, नेवलापी नेवा आम्लाबुँङ बाता, चसुम आम्लाबुँङ बाता, छिबुरीधिबुरी छिलुङ्खप्तँ वाबुमाप्तँ ददुम अम्लँ, रिम्सुङ् अम्लँ बुँबाता, रोएलवा कुसा छुवालँवालुङ हने कुसा सकेकुपी चारी आम्लाबुँङ बाता, वाइबुँङ बाता, सुबिआम्लाबाता, माकुआम्लाबाता, चसुमआम्लाबाता, हने सकुदिपाची सकुछाम्ला मिनिके बुक्छामीचेउ । हने छम्ला मिनीलो हँसहँल छियालोतो, पँचलोता मुइनीलो रुँरीखुर, चसुमखुर, बुलुखुर, कुबीखुर, तयाखुर, चसुमखुर, बुलुखुरलो सकुदिपाचेउ, लोमालुङ् सकुदिपालुङ्पी तानीमा लोकनिओ रुइलम्बा सिबुलम्बा तायातोल्तो नाखियारी, मुमारी तायातोल्तो तुमा वासामानुमओ छुरिमी कँसुमी बुक्छामीचेउ ।**"

१०६. स्थानीय भनाइमा आधारित ।

१०७. वासपानी-५ का **देवानसिं राई** (वर्ष ७६, हाल स्वर्गीय)सँगको अन्तर्वार्तामा आधारित साखेवा घुम्ने मुन्धुम, "...चिखिम्खिम् → सुतुलुङ → दुवारीकु→ सिकेल्कु → पँतेल्कु → चारकि → धिपुवापुइमवा → खुबलेखुतने → चारकि → खोकवालुङ् खुवालुङ् → बरमे → रावाखु → पिपीचुँः → राधम्मा → नाम्सुलुङ् → चारकि → भोट → सालपाधिरिती → चारीकु → ढोल्टाँसे → बखनेम्→ बुकिचुँः → छेम्सुने → तोमने → धारापानी → सारालुङ् → साप्सुसतुकु → पाथेका → चारिकु→ खार्मिङाप्छापा → दिक्तेलकु सखेवा → मालाथुम्का → रावा ताप्कोदोभान् → सुनकोशी → दूधकोशी → अरुण → बरुण → सप्तकोशी → नेवला ।" यही बाटो भएर पुनः सुतुलुङ पसेर पूजा सम्पन्न गर्दछन् ।

पुर्खाहरुलाई खानपिन दिइसकेपछि नाम लगाउने पुर्खाहरुको आत्मालाई पनि यसै तरिकाबाट संगोलमा दिइन्छ । यसपछि कुवीहरुको आत्मालाई दिएर अन्तमा अन्य पाछ्राकाहरुलाई पाहुनाका रुपमा दिने गर्दछन् । अन्तमा छुटफुटका सबै पुर्खाहरुलाई समग्रमा दिने गर्दछन् । यसपछि अन्तमा थानमा राखिएको थोरैथोरै भात, चामल, अदुवा र जाँड केराको पातमा पोको पारेर दुई पोका अगेनामा, दुई पोका छेममा, दुई पोका थानीलाई, दुई पोका बाहिर हिल्लासी तथा ममसीलाई भाग छुटाएर दिन्छन् । यस्ता खानेकुराहरु कुवीले सहज मृत्यु भएकाहरुलाई सोझो रुपमा दिन्छ भने असहज मृतकका आत्माहरुलाई पछाडिबाट उल्टो रुपमा दिने गर्दछ ।[१०८] मृत्युको प्रकारअनुसार खानेकुराहरु चढाइने विभिन्न प्रकारका आत्माहरु हुन्छन्[१०९] :

- सिवीछा = छेवर, गुन्युचोली नगरेको तर पास्नी गरिसकेको ।
- तुम्साव्/मासुं पासुं= उमेर पुगेको ।
- सप्सामी = सिकारी ।
- तायमी = बुद्धिजिवी ।
- कुविमी = विभिन्न प्रकारका कुवी ।

पितृहरुको आत्मालाई खानेकुरा चढाइसकेपछि उनीहरुलाई विदा दिनुपर्दछ । यसका लागि सवैले खाए-नखाएको र नखाएको भए पुनः अदुवा, चरा, पाहा, माछा, जाँड, रक्सी, खानहरु लिनू भनी सम्झाएर मुन्धुमविधि अनुसार विदा गर्नुपर्दछ ।[११०] यससँगै अर्को साल हिउँद लाग्दा अन्नबाली पाकेपछि बोलाउँछौं भन्ने मुन्धुम वाचन गरी पूजा सम्पन्न गर्दछन् ।

---

[१०८]. स्थलगत अध्ययनमा आधारित ।

[१०९]. फेदी-३ निवासी **रत्नबहादुर राई** (वर्ष ८७, हाल स्वर्गीय)सँगको अन्तर्वार्तामा आधारित ।

[११०]. **उही**सँग लिएको अन्तर्वार्तामा आधारित पितृपूजा सकेर पुर्खाका आत्मालाई विदा दिने मुन्धुम, "**आसामान्चा आसामान्दुङ् अँबतचा लोकनुम्, सुविमुँ सोम्नाचिनी मकुमुँ तोम्नचिनिनी पतिचा थोम्बचा ताम्नचिनी साप्सालँ, चसुमलँ तोम्नचिनी खँमलन तोम्नचिनी लु, ङा, हदिसा, लम्पर्वसा, साप्सालँ, चसुम्लँ आइनाचिनी सकुदिपा बुक्छामीचेउ, हने सकुरुँरी, दिपारुँरी रुँरीपितो सकुदिपालुंपी बुक्छामप्चप हनेचिके अवता नाम्मा दँदापी लाछिरी खोपेले सकुछम्ला निनीके, मोपे बेरोबे तुपेके बुक्छामीके ।**"

यो पूजा गर्दा गाउँको सबै मिलेर एकैदिनमा सम्पन्न गर्नुपर्छ । यस प्रकारले यो पूजा गर्दा सुरुको घरमा र अन्तिमको घरमा तथा बीचमा भए पनि पाछा अर्कै परेको अवस्थामा भने कुवीले सखेवा घुम्ने कार्य पूर्ण रुपमा नै गर्नुपर्ने मान्यता छ । एउटै पाछाभित्र भए एकपटक सखेवा घुमेपछि अन्य घरमा पूरा सखेवा नघुमी पूजा सम्पन्न गर्दछ ।

पितृपूजाबाहेक कतिपय परिवारहरु सुंरिमी सिकारीदेव मान्नेहरु पनि हुन्छन् । त्यस्तो पूजा पनि पितृपूजा भएको थानमा नै गर्ने गर्दछन् । यो पूजाका निम्ति थानमा रहेका पाथी, जाँड, रक्सीको कठुवा हटाएर कुखुराको एउटा भाले र एउटा पोथी ल्याएर परिवारका मूल व्यक्तिले थानको सामुन्ने बस्नुपर्दछ । कुबीले मुन्धुम गरिसकेपछि कठुवाको जाँड, रक्सी र चामलले कुखुरालाई तीनपटक पर्छाएर काटी टाउको छेममा राखिन्छ भने शरीरलाई त्यतिकै भुइँमा छाडिन्छ । काटिएको कुखुरा उफ्रँदै गएर जहाँ पुगेर जसरी मर्छ, त्यस आधारमा राम्रो वा नराम्रो सङ्केत विचार गर्दछन्[१११] (चित्रफलक नं. ६५) । पूर्वतर्फ फर्केर मरेमा शुभ र अन्य दिशातर्फ पर्केर वा उत्तानो परी मरेमा अशुभ मान्ने गर्दछन् । यसरी कुखुरा काटिसकेपछि झ्याम्टा बजाएर नाच्दै अगेनावरिपरि तीन फन्को घुमेर पूजा समापन गर्दछन् । यसपछि कुखुरा पोलेर विशेषगरी खुट्टा र पखेटा प्रसादको रुपमा सबैले बाँडेर खान्छन् । यो सुंरिमी सिकारीलाई खचुलुप्पा (किरातहरुलाई आधुनिकतातर्फ उन्मुख गराउने पुर्खाको आत्मा हो भनी विश्वास गरिएको)को माइला छोराको रुपमा मानिएको हो भन्दछन् । अन्य भाइहरुमा जेठा नाम्रुङ सिकारी, साइँला सेती सिकारी, काइला साप्सा सिकारी र कान्छा तोँसा सिकारी भए भनी मान्ने गरेको पाइन्छ ।[११२]

यो पूजाको समयभरि कुबीले भने जाँडरक्सीबाहेक अन्य खानेकुरा बारन गर्ने गर्दछ । अन्तिम घरमा चाहिँ कुबीलाई चुरी (विदा)को रीत गरेर पितृपूजाको समापन गर्ने मान्यता रहेको पाइन्छ । चुरीको रीतमा दुई कठुवा रक्सी, त्यसमाथि फूलहरु राखेर कुबीलाई सम्मान गरिन्छ । यस समयमा कुवीले गाउँसमाजमा हुने

---

[१११]. सुङरिमी पूजामा प्रायः कुखुरा भाले र पोथीलाई वली दिएर पूजा सम्पन्न गर्ने र यसबाट भविष्यवाणीहरु अनुमान गर्ने गर्दछन् ।

[११२]. वासपानी-९ का कुवी **नीरकुमार राई**सँगको अन्तर्वार्तामा आधारित ।

केही शुभ वा अशुभका घटना, दैवदसाका विषयमा भविष्यवाणी सुनाउने गर्दछ[११३] (चित्रफलक नं. ६६) । यसपछि सबैजना रक्सी खाएर विदा हुन्छन् । पूजाका लागि बनाइएको प्रत्येक घरको पूजाथानहरु भने दोस्रो दिन मात्र उठाउने चलन रहेको पाइन्छ ।

कुबीले सवैको घरघरमा आएर सुँवाभ्रूमा (पितृपूजा) गरिदिए बापत तत्काल प्रत्येक घरबाट चार माना चामल, एक कठुवा रक्सी, सुंरिमी पूजा गरिएको भए पूजामा मारिएको कुखुराको एक फिला मासु र जोडी अदुवा बोटैसँग दिएर पठाउने चलन छ । यस्तै केही महिनापछि प्रत्येक घरबाट पुनः खुपाथी/भूमाछा (एक/एक पाथी अन्न) उठाएर कुवीलाई दिने चलन छ । यस प्रकारले यो जातिमा परम्परागत रुपमा चलिआएको पितृपूजा सम्पन्न हुने गर्दछ । प्रत्येक वर्षको अन्नबाली लगाउने बेलामा र अन्नबाली पाकेपछि आफ्ना पितृहरुलाई चढाएर मात्र खाएमा आफ्ना पितृहरुप्रतिको श्रद्धा र उनीहरुबाट सधैं आशिर्वाद पाइन्छ भन्ने गहिरो विश्वास छ । यसबाट उनीहरुमा आफ्नो सवैभन्दा ठूलो भगवान्को रुपमा आफ्नै मृत कुलपितृहरु हो भन्ने बुझाइ छ । किनभने, उनीहरु धर्मको सवैभन्दा महत्वपूर्ण प्रतीकको रुपमा घरको तीन चुल्होलाई मान्दछन् न कि बाहिरका मठमन्दिरहरुलाई ।

नयाँ अन्नबाली पाकेपछि सबैजसो राई समुदायका जातिहरुले आफ्ना कुलपितृलाई चढाएर मात्र खान्छन् । तर, यस्ता कुलपितृको पूजाको प्रक्रिया र नाम फरक छ । उदाहरणका लागि कोयु राईजातिले यो पूजालाई निगाजा भन्दछन् ।[११४] यस्तै दुमी राईहरुले तीन चुल्होलाई १) सुप्तुलु २) रुरीलु ३) साखालु भनेको पाइन्छ ।[११५] यसका अतिरिक्त चुल्हो अर्थात् कूलपूजा मंसिरे पूर्णिमाको बेला उधौलीको रुपमा र बैसाखे पूर्णिमाको बेला उभौलीको रुपमा पनि पूजा गर्ने गर्दछन् । विशेष अवस्थामा जहिले पनि गर्न सकिन्छ ।

---

[११३]. पितृपूजापछि चुरी गर्नुपर्दछ । यो चुरीको रीतमा कुवीहरुले आगामी भविष्यको कुराहरु बताउने गर्दछन् ।

[११४]. फणिन्द्र कोयू राई, "कोयू राईको संस्कार", **निप्सुङ,** अंक-२४, (वैशाख, २०६४) पृ. २५ ।

[११५]. खगेन्द्र राई, **किरात दुमीराईको जनजीवन र संस्कृति** : एक अध्ययन, (त्रिभुवन विश्वविद्यालय, व्यवस्थापन संकाय, काठमाडौं, (अप्रकाशित) २०५६), पृ. १७१ ।

साम्पाङ राई जातिहरुको जस्तै पितृपूजाको मान्यता एसियाका अन्य मुलुकहरुमा पनि पाइन्छ जसलाई कन्फ्युसियनिजम् भन्छन् । यसबारे यस्तो भनिएको छ, "... Confucianism, which is typically observed in many countries in Asia, ... Chinese celebrated and worshipped ther ancestors long before Confucianism, Confucius, the religion's founder, really promoted it as a rgular spiritual practice. Ancestors worship in Confucianism typically involves offering things to the ancestors that they may need to thrive in the afterlife such as food, weaporns and othere utensils. ...worshiping ancestors to bless the family at the start of a new year, Another time would be Thanksbgiving, when Koreans eat the first fruit of the fall season on the lunar calendar."[११६]

## ६.३.४ फूल तार्ने

पितृहरुकै सम्मानको रुपमा रहेको अर्को कार्य फूल तार्ने संस्कार हो । तर, यो अनिवार्य नभएर इच्छाअनुसार गर्ने गर्दछन् । यसमा मूल रुपमा पितृसँग सम्बन्धित गीत, सम्मानका गीत गाएर एक रात एक दिनसम्म मारुनी नचाइन्छ । र, मारुनी र गाउनेहरुलाई यथासक्दो दानदक्षिणा दिएर सम्पन्न गर्दछन् । यो कार्य कसैको मृत्युपछि जुनसुकै वर्षको तिहारको दशमी र एकादशीका दिन पारेर गर्ने गर्दछन् । साथै यो कर्म यतिपटक गर्नुपर्छ भन्ने मान्यता नभएकाले इच्छाअनुसार गर्न सकिने बुढापाकाहरु बताउँछन् । फूल तार्ने संस्कार गरी आफ्ना भानाभान्जाहरुलाई यथासक्दो दानदक्षिणा दिन सकियो भने मृत पुर्खाहरु खुसी भएर राम्रो आशिर्वाद दिन्छन् भन्ने विश्वास गरिएको पाइन्छ ।

## सारांश

आफ्नै प्रकारको जातीय संस्कार रहेको साम्पाङ राईजातिमा जन्मपूर्वदेखि मृत्युपर्यन्तसम्मका मौलिक परम्परागत मान्यताहरु रहेका छन् । छोराको ६ दिन र छोरीको ५ दिनमा न्वारन गरी नामाकरण गर्दछन् भने पास्नी पनि ६ महिना र ५ महिना गर्ने गर्दछन् । यसैगरी छोराको छेवर सामान्यतः चार वर्षपछि जोडी वर्षमा र छोरीको गुन्युचोली तीन वर्ष

---

[११६]. गुगलसर्चबाट प्राप्त गरिएको आधारमा ।

कटेपछि विजोडी वर्ष पारेर गरिदिने मान्यता पाइन्छ । यस्ता पास्नी तथा छेवर र गुन्युचोलीको कार्यमा मामाको भूमिका महत्वपूर्ण हुने भएकाले उनको उपस्थिति अनिवार्य मानिन्छ । विवाहका लागि आफ्नै जातिभित्रका विपरीत पाछाका कुटुम्बलाई असल मान्ने भएकाले सामान्यतः अन्य जातिलाई स्विकारिँदैन तर वर्तमान परिवेशमा यो मान्यता हराउँदै गएको देखिन्छ । विवाहको कार्य सम्पन्न गर्न दुलहापक्षबाट दुलही पक्षलाई विभिन्न रीतका सौगातहरु बुझाउनुपर्दछ । जसमा विशेषगरी जाँड, रक्सी, सुँगुरको फिला, केही रकम जस्ता कुराहरु पर्दछन् । विवाहमा दुलही पक्षबाट वचन/वाग्दाता दिने र दुलहा पक्षबाट वचन लिने हुँदा यसमा दुलही पक्षको मामा र दुलहा पक्षको धिवाँतो (ठूलो बुबा वा काका)को भूमिका महत्वपूर्ण मानिन्छ । विभिन्न मुन्धुमविधि पूरा गरेर विवाह सम्पन्न गर्नुपर्ने भएकाले मागी, चोरी, जारी जस्ता विवाहहरु गर्ने गरिए पनि मागीविवाहलाई उत्तम मान्ने गरिन्छ किनभने यस प्रकारको विवाहमा मात्र सुरुदेखि अन्तसम्म परम्परागत विधिअनुसार सबै कार्यहरु सम्पन्न गर्ने गरेको पाइन्छ । अन्तरजातीय विवाहलाई सामन्यतः यो जातिमा स्वीकार्य मानिँदैन ।

किरात साम्पाङ राईका सबैखाले संस्कारहरुमा हिन्दू प्रभाव देखिए पनि हिन्दूइत्तरका यस जातिमा मृत्यु संस्कार पनि आफ्नै परम्परामा आधारित रहेको छ । यो जातिमा मृत्युलाई सहज र असहज गरी दुई प्रकारको मान्ने र सोहीअनुसारको संस्कारगत कार्महरु गर्ने मान्यता देखिन्छ । यसरी सहज अर्थात् कालगतिले हुने मृत्युका कर्महरु विधिपूर्वक सम्पन्न गर्ने गर्दछन् जसअनुसार मृतकका सन्तानले पाँच छाक जुठो बारन गरेर अन्य संस्कारका विधिहरु पूरा गर्दछन् । तर, असहज रुपमा हुने मृतकको भने विधिवत् काजकिरिया गर्दैनन्, साथै छाकजुठो पनि सामान्यतः बारन गर्दैनन् । यसरी सहज रुपमा हुने मृतकको मृत आत्मालाई वार्षिक रुपमा तीन चुल्होमा बोलाएर पितृ पूजा गरी विभिन्न खानेकुराहरु चढाउने गर्दछन् । हिन्दूहरुको जस्तो पिण्ड दिने मान्यता यो जातिमा छैन । यस्तै सहज रुपमा कसैको मृत्युपछि साम्खाइ पूजा गर्नु महत्वपूर्ण मानिन्छ । यही पूजाको माध्यमबाट मृतकको आत्मालाई पहिलेका पुर्खाका आत्माहरुसँग मिलाउने गर्दछन् । विभिन्न सामग्रीहरु जुटाएर मुदुमविधिअनुसार मृत्यु संस्कार गरेपछि अन्तिम कर्मको रुपमा मृत्यु भएको केही वर्षपछि फूल तार्ने विधि गरी आफ्ना भानाभान्जाहरुलाई यथासक्दो दानदक्षिणा दिने पनि गर्दछन् । उनीहरुको समाजमा अन्तरजातीय विवाहलाई मान्यता नभएकाले कसैले यस प्रकारको विवाह गरेमा त्यस्ताको मृत आत्मा कुलमा नजाने विश्वासअनुसार कुलमा नलगाउने र मृत्यु

संस्कार पनि विधिपूर्वक गरिँदैन । तर, यस्ताको आत्मा थानी उत्रेको भनी कुवीहरुले बताएमा उनीहरुका लागि घरबाहिरै थान स्थापना गरी वार्षिक रुपमा पूजा गरी केही खानेकुराहरु चढाउने गर्दछन् । यसैगरी बालमृत्युलाई पनि असहज मृत्यु मानेर यस्ताको पनि प्रायः काजकिरियाहरु गर्ने मान्यता देखिँदैन । तर, यो बालबालिकाको उमेरअनुसार भने फरक हुने गर्दछन् ।